## राष्ट्रिय कृषिगणना २०७८

# सार-संक्षेप

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
**राष्ट्रिय तथ्याङ्क कार्यालय**
थापाथली, काठमाडौं
२०८०

# राष्ट्रिय कृषिगणना २०७८

# सार-संक्षेप


नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय
काठमाडौं, नेपाल
२०८०

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
**राष्ट्रिय तथ्याङ्क कार्यालय**

फोन ४२४५९४६, ४२४५९४७, ४२४५९४८, ४२४५८४८, ४२४१८०१, ४२२८४०६

फ्याक्स: ९७७-१-२२७७२०
पो.ब.नं. ११०३१
रामशाहपथ
थापाथली, काठमाडौं

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय

पत्र संख्याः

च.नं.:-

## मेरो भनाई

यस कार्यालयले विश्लेषणात्मक प्रतिवेदनको रुपमा राष्ट्रिय कृषिगणना २०७८ का प्रमुख नतिजाहरुलाई यो प्रकाशन 'सार-संक्षेप' मार्फत ल्याएको छ। यस प्रकाशनभित्र गणनामा सोधिएका विवरणहरूको विषयअनुसार व्याख्या तथा पछिल्ला गणनासँगको तुलनासहित संक्षिप्त तालिकाहरूका साथै नतिजाहरूलाई प्रस्तुत गरिएको छ।

विस्तृत तालिका सहितको अंग्रेजी भाषाको राष्ट्रिय प्रतिवेदन, नेपाली भाषाको संक्षिप्त-नतिजा सहितको यो प्रतिवेदन र प्रमुख नतिजाहरु समेटिएको सानो पुस्तिका (Leaflet) समेत गरी तिनवटा प्रकाशनहरु प्रथम चरणमा प्रकाशित गरिएको छ। प्रदेश, जिल्ला र पालिकास्तरका प्रमुख नतिजाहरु समेटिएका प्रतिवेदनहरु क्रमशः प्रकाशित गरिने छ।

नेपालमा २०१८ सालमा पहिलो कृषिगणना भएको थियो। त्यसपछि दश–दश वर्षको अन्तरालमा कृषिगणना गर्दै आएको छ। राष्ट्रिय कृषिगणना २०७८, यस श्रृङ्खलाको सातौं प्रयास हो। यो कृषिगणनाको मुख्य स्थलगत कार्य २०७९ साल बैशाख ६ गते देखि २०७९ जेठ १९ गतेसम्म (४५ दिन) भएको थियो। राष्ट्रिय कृषिगणना २०७८ मा सम्पूर्ण पालिकाहरूको छुट्टाछुट्टै प्रतिनिधित्व हुने गरी नमुना छनौट विधिद्वारा कृषक परिवारको छनौट गरिएको छ। यसरी छनोट गरिएका कृषक परिवारबाट बालीनाली तथा पशुपन्छीपालनसम्बन्धी विस्तृत विवरण सङ्कलन गरी कृषिसम्बन्धी संरचनागत तथ्याङ्कहरु प्रकाशित गरिएको छ। नेपालको संविधान (संघीयता पश्चात) जारी भएपछि भएको यस गणनाबाट ७५३ वटै स्थानीय तहका कृषिसम्बन्धी आधारभूत तथ्याङ्कहरु सङ्कलन गरी नतिजा प्रकाशन गरिएको छ।

कृषि विकासका लागि स्थानीय, जिल्ला, प्रदेश तथा राष्ट्रियस्तरका योजना तर्जुमा एवं नीति निर्माण, अनुगमन तथा मूल्याङ्कन गर्न आवश्यक पर्ने तथ्याङ्कको खाँचो पुरा गर्न एवं योजना र नीति निर्माणमा समेत यो प्रकाशन अत्यन्त उपयोगी हुने अपेक्षा गरेको छु। कृषक, व्यापारी, लेखक, अनुसन्धानकर्ता, शिक्षक, विद्यार्थी लगायत आम प्रयोगकर्ताका लागि समेत यो तथ्याङ्क उपयोगी हुने आशा गरेको छु।

यो प्रतिवेदन तयार गर्ने कार्यमा संलग्न कृषि तथा पशुपन्छी गणना शाखाका निर्देशकहरू डा. महेश कुमार सुबेदी, बद्री कुमार कार्की तथा तथ्याङ्क अधिकृत गणेश प्रसाद फुयाल, कम्प्युटर अधिकृत राजु पोखरेल र तथ्याङ्क सहायक सुरोज घजुलाई धन्यवाद दिन चाहन्छु। साथै यो कार्यमा नेतृत्व गर्नुहुने आर्थिक तथ्याङ्क महाशाखाका उप प्रमुख तथ्याङ्क अधिकारी श्री डिल्लीराज जोशीलाई विशेष धन्यवाद दिन चाहन्छु।

अन्त्यमा, राष्ट्रिय आवश्यकता समेत पूर्ति गर्ने नेपालीमा प्रकाशन गर्न लागिएको राष्ट्रिय कृषिगणना २०७८ को यो प्रकाशन अत्यन्त उपयोगी हुने अपेक्षा गरेको छु।

भदौ, २०८०

तोयम राया
प्रमुख तथ्याङ्क अधिकारी
राष्ट्रिय तथ्याङ्क कार्यालय

# बिषयसुची

**परिच्छेद १**

**राष्ट्रिय कृषिगणना २०७८- संक्षिप्त परिचय....... १**

१.१ परिचय....... १
१.२ उद्देश्य....... १
१.३ महत्व एवं उपयोगिता....... २
१.४ क्षेत्र एवं दायरा (Scope and Coverage)....... ३
१.५ गणनाको एकाइ....... ४
१.६ छनोट विधि....... ५
१.७ प्रश्नावली तथा लगत फारामहरु....... ५

१.७.१ कृषक परिवार लगत (लगत १)....... ५
१.७.२ छानिएका कृषक परिवार लगत (लगत १ क)....... ५
१.७.३ कृषक परिवार प्रश्नावली (लगत २)....... ५
१.७.४ वडास्तरीय सामुदायिक प्रश्नावली (लगत ३)....... ५

१.८ स्थलगत कार्य....... ५
१.९ अनुगमन तथा सुपरिवेक्षण....... ६
१.१० गणनाको गुणस्तर (Quality Assurance)....... ६
१.११ तथ्याङ्कको प्रशोधन तथा विश्लेषण (Data Processing and Analysis)....... ८
१.१२ कृषिगणनाका प्रतिवेदनहरु....... ८
१.१३ राष्ट्रिय कृषिगणना २०७८ का सीमाहरु....... ९

**परिच्छेद २**

**राष्ट्रिय कृषिगणना २०७८....... ११**
**प्रमुख नतिजाहरु....... ११**

२.१ कृषक परिवार सङ्ख्या....... ११
२.२ कृषक परिवार अन्तर्गतको जग्गा....... १२
२.३ कृषिचलनको जग्गाको आकार....... १३
२.४ जग्गाको उपयोग....... १३
२.५ जग्गाको उपभोग....... १४
२.६ सिँचाइ सुविधा....... १६
२.७ अस्थायी बाली....... १७

२.७.१ बाली सघनता (Cropping Intensity)....... १९

२.८ स्थायी बाली ........ २०
२.९ कृषि सामग्री ........ २१
२.१० कृषि औजार ........ २२
२.११ पाल्तु पशुपन्छी ........ २४
२.११.१ पशुको सङ्ख्या ........ २४
२.११.२ पाल्तुपन्छीको सङ्ख्या ........ २६
२.१२ गैर आवासिय भवन ........ २७
२.१३ सहायक कृषि क्रियाकलाप ........ २८
२.१३.१ माछापालन ........ २८
२.१३.२ च्याउखेती ........ २८
२.१३.३ मौरीपालन ........ २८
२.१३.४ पुष्पखेती र नर्सरीखेती ........ २९
२.१४ कृषि ऋण ,बीमा र अनुदान ........ २९
२.१४.१ कृषि ऋण/थप ऋण तथा यसको स्रोत ........ २९
२.१४.२ कृषि बीमा ........ ३०
२.१४.३ सरकारी अनुदान ........ ३०
२.१५ वातावरण ........ ३१
२.१५.१ कृषिवन ........ ३१
२.१५.२ जग्गामा पुगेको क्षति ........ ३१
२.१५.३ माटो परीक्षण ........ ३२
२.१५.४ हरितगृह/टनेल पद्धतिबाट खेती ........ ३२
२.१५.५ जलवायु परिवर्तन ........ ३२
२.१५.६ कृषि परिवारबाट निस्केको फोहोरको व्यवस्थापन ........ ३३
२.१६ मुख्य कृषक ........ ३४
२.१६.१ लिङ्गअनुसार मुख्य कृषक ........ ३४
२.१६.२ उमेर समुहअनुसार मुख्य कृषकको प्रतिशत ........ ३५
२.१७ कृषि कामदार ........ ३६
२.१८ कृषक परिवार जनसङ्ख्या ........ ३७
२.१९ शैक्षिक स्थिति ........ ३८
२.२० पेशा रोजगारी ........ ३९
२.२१ कृषि तालिम ........ ३९
२.२२ कृषि निर्णयमा सहभागिता ........ ४०

२.२३ कृषि क्रियाकलापमा दिने सरदर समय........................................................................ ४०
२.२४ कृषिउपजको बजार........................................................................................................ ४१
२.२५ खाद्य पर्याप्तता............................................................................................................. ४२
२.२६ अन्य विषयहरू.............................................................................................................. ४३

**परिच्छेद ३**

**तालिकाहरू ........................................................................................................... ४६**
तालिका १ कृषिचलनको संख्या, क्षेत्रफल र कित्ता, नेपाल, २०१८–२०७८ ....................................४६
तालिका २ कृषिचलनको आकारअनुसारको जग्गा चलन गर्ने परिवार संख्या
र क्षेत्रफल, नेपाल, २०७८.................................................................................................४७
तालिका ३ साना, मझौला र ठूला किसानअनुसार कृषिका प्रमुख सूचकहरु, नेपाल, २०७८ ...................४८
तालिका ४ प्रदेशअनुसार कृषिचलनहरुको प्रमुख सूचकहरु, नेपाल, २०७८ ........................................४८
तालिका ५ जिल्लागत कृषिचलनको प्रमुख सूचकहरु विवरणहरु, नेपाल २०७८ ..............................४९
तालिका ६ कृषिचलनले चलन गरेको जग्गाको उपयोग, नेपाल, २०१८–२०७८ ............................५३
तालिका ७ जग्गाको स्वामित्वअनुसार जग्गा कमाउने परिवार संख्या तथा
कमाएको जग्गाको क्षेत्रफल, नेपाल, २०४८–२०७८ ..............................................................५४
तालिका ७ कः जग्गाको स्वामित्वअनुसार जग्गा कमाउने परिवार संख्या तथा क्षेत्रफल, नेपाल २०७८.....५४
तालिका ७ खः जग्गा कमाएको शर्तको आधारमा जग्गा कमाउने परिवार र कमाएको
जग्गाको क्षेत्रफल, नेपाल, २०७८ ..........................................................................................५५
तालिका ८ सिंचाईको श्रोत अनुसार कृषक परिवार संख्या र क्षेत्रफल, नेपाल २०६८ र २०७८ .........५५
तालिका ९ अस्थायी बालीलगाएका कृषक परिवार संख्या तथा बालीलागेको क्षेत्रफल,
नेपाल, २०४८–२०७८ ..........................................................................................................५६
तालिका १० बाली सघनता, नेपाल, २०४८–२०७८ ..........................................................................५६
तालिका ११ अस्थायी बाली लगाएको क्षेत्रफल, नेपाल, २०६८ र २०७८.........................................५७
तालिका १२ कृषि औजार तथा साधनको प्रयोग, नेपाल, २०७८ .......................................................५७
तालिका १३ कृषि सामग्रीहरुको प्रयोगअनुसार प्रमुख बाली लगाएका कृषक परिवार, नेपाल,
२०४८–२०७८ ..........................................................................................................................५८
तालिका १४ फलफूलका रुख/बोट लगाएका कृषक परिवार संख्या तथा बाली लागेको क्षेत्रफल,
नेपाल २०५८–२०७८.............................................................................................................५८
तालिका १५ पशुपन्छीपालन गर्ने कृषक परिवार तथा पशुपक्षीको संख्या, नेपाल, २०४८–२०७८ ...........५९
तालिका १६ भाले–पोथी र उमेरअनुसार गाईगोरु, चौरी तथा राँगाभैंसीको संख्या, नेपाल, २०४८–२०७८.५९
तालिका १६ कः भाले–पोथी र उमेरअनुसार बाख्रा, भेडा तथा बंगुरको संख्या, नेपाल, २०७८ ................६०
तालिका १६ खः जात/नश्ल र भाले–पोथीअनुसार पन्छीको संख्या, नेपाल, २०५८–२०७८...................६१
तालिका १७ कृषिचलनले गरेका सहायक कृषि क्रियाकलापहरु (माछापालन, च्याउखेती, मौरीपालन,
पुष्पखेती/नर्सरी),नेपाल, २०७८ .............................................................................................६१

तालिका १८ साना–ठूला किसानअनुसार कृषिकार्यको लागि गैरआवासीय भवनको प्रयोग तथा संख्या नेपाल, २०७८ ........................................................ ६२
तालिका १९ कृषि ऋणको स्रोतअनुसार कृषि ऋणलिने परिवार संख्या, नेपाल, २०७८ ........................ ६२
तालिका २० आवश्यकता र उद्देश्य अनुसार कृषि ऋण लिने कृषक परिवारको संख्या, नेपाल, २०७८ ...... ६३
तालिका २१ विभिन्न कृषि क्रियाकलापअनुसार बिमा गरेका कृषक परिवार संख्या, नेपाल, २०७८ ........... ६३
तालिका २२ विभिन्न कृषि क्रियाकलापअनुसार सरकारी अनुदान प्राप्त गरेका कृषक परिवार संख्या, नेपाल, २०७८ ........................................................ ६४
तालिका २३ लिङ्ग र उमेरअनुसार मुख्य कृषकको संख्या र प्रतिशत, नेपाल, २०५८–२०७८ ............... ६४
तालिका २४ अस्थायी तथा स्थायी कृषि कामदार, नेपाल, २०७८ ................................................ ६५
तालिका २५ कृषक परिवारको जनसंख्या, नेपाल, २०४८–२०७८ ............................................... ६५
तालिका २६ औपचारिक तालिम, कृषि सम्बन्धी निर्णयमा सहभागिता तथा कृषिकार्यमा संलग्न सरदर समयअनुसार १० वर्ष वा सोभन्दा माथिका कृषक परिवार जनसंख्या, नेपाल, २०७८ .......... ६६
तालिका २७ कृषिचलनमा कृषि बन सम्बन्धी क्रियाकलाप, माटो परिक्षण तथा हरितगृह/टनेल पद्धतिबाट खेती गरेका कृषक परिवार तथा सोको क्षेत्रफल, नेपाल, २०७८ ..................... ६६
तालिका २८ चलन गरेको जग्गामा क्षतिभएको थियो भन्ने कृषक परिवार तथा क्षतिभएको जग्गाको प्रतिशत, नेपाल, २०५८–२०७८ ............................................... ६६
तालिका २९ जलवायु परिवर्तनवारे जानकारी भएका तथा सोको कारण कृषिकार्यमा पुर्याएका प्रभावअनुसार कृषक परिवार संख्या र प्रतिशत, नेपाल, २०७८ ......................... ६७
तालिका ३० कृषिचलनबाट निस्किएको फोहोरको व्यवस्थापन, नेपाल, २०७८ .................................. ६७
तालिका ३१ कृषिबाहेक अन्य आर्थिक क्रियाकलाप भएका कृषकपरिवारको संख्या र प्रतिशत, नेपाल, २०७८ ........................................................ ६८
तालिका ३२ कृषक परिवारको प्रकार, नेपाल, २०५८–२०७८ ................................................... ६८
तालिका ३३ प्रमुख उत्पादन तथा उपयोगअनुसार कृषिचलनको संख्या, नेपाल, २०७८......................... ६९
तालिका ३४ आफ्नै कृषि उत्पादनबाट भएको आम्दानीले मात्र परिवारलाई खान नपुग्ने कृषिचलनको संख्या अवस्था तथा नपुग महिनाको लागि आम्दानीको स्रोत, नेपाल, २०६८–२०७८ ........ ७०
तालिका ३५ कृषक परिवारका ५ वर्ष वा सोभन्दा माथिका सदस्यको शैक्षिक स्थिति, नेपाल, २०७८ ....... ७१
तालिका ३६ कृषक परिवारका १० वर्ष वा सोभन्दा माथिका सदस्यको पेशागत स्थिति, नेपाल, २०७८ .... ७१
तालिका ३७ कृषक परिवारको कुल आम्दानीमा कृषिकार्यबाट प्राप्त आम्दानीको अंश, नेपाल, २०७८ ....... ७२
तालिका ३८ कृषिउपजको बजार सम्म कृषक परिवारको पहुँच, नेपाल, २०७८ ................................. ७२

**परिच्छेद ४**

**परिभाषा तथा अवधारणा** ........................................................ **७३**

# परिच्छेद १

# राष्ट्रिय कृषिगणना २०७८- संक्षिप्त परिचय

## १.१ परिचय

नेपालका प्रत्येक स्थानीय तहको कृषि संरचना, गतिविधि तथा कृषि उत्पादनसम्बन्धी विवरण सङ्कलनका लागि राष्ट्रिय तथ्याङ्क कार्यालय (साबिकको केन्द्रीय तथ्याङ्क विभाग) ले राष्ट्रिय कृषिगणना २०७८ सञ्चालन गरेको थियो। नेपालमा यस्तो कृषिगणना पहिलो पटक २०१८ सालमा भएको थियो। त्यसपछि प्रत्येक दश-दश वर्षमा कृषिगणना हुँदै आएको छ। पछिल्लो कृषिगणना २०७८ यही क्रमको सातौं गणना हो। यो कृषिगणनाको थप महत्व छ। २०७८ सालको यो कृषिगणनाले नेपालको इतिहासमा ६० वर्षको अवधि पुरा गरी संघीय ढाँचाअनुसारका स्थानीय तहसम्मका कृषिसम्बन्धी तथ्याङ्कहरू उपलब्ध गराएको छ। यस गणनामा कृषकले चलन गरेको जग्गाको आकार (नाप), जग्गाको उपभोग र उपयोग, बाली लागेको जग्गाको क्षेत्रफल र उत्पादन, सिँचाइको विवरण, कृषि सामग्री र औजारको उपयोग, पाल्तु पशुपन्छीको सङ्ख्या, सहायक कृषि क्रियाकलापसम्बन्धी विवरण, कृषि कार्यमा संलग्न जनशक्ति, कृषि वन, कृषि ऋण, बीमा, अनुदान, कृषि कार्यमा जलवायु परिवर्तनको प्रभाव, कृषिमा हरितगृह/टनेल पद्धतिको प्रयोग, माटो परीक्षण, कृषि बजारसम्मको पहुँच, फोहोरको व्यवस्थापनजस्ता विविध विषयहरूमा तथ्याङ्क सङ्कलन गरी यी बिषयहरुसम्बन्धी महत्वपुर्ण नतिजाहरु प्रकाशित गरिएका छन्। यस कृषिगणनाबाट कृषि क्षेत्रको नीति निर्माण, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनका लागि देशलाई आवश्यक पर्ने आधारभूत तथ्याङ्कहरू (Benchmark Statistics) प्राप्त भएका छन्।

## १.२ उद्देश्य

(क) कृषि विकासका लागि स्थानीय, जिल्ला, प्रदेश तथा राष्ट्रियस्तरका योजना तर्जुमा एवं नीति निर्माण, अनुगमन तथा मूल्याङ्कन गर्न आवश्यक पर्ने तथ्याङ्कको खाँचो पूरा गरी योजनाविद् र नीति निर्मातालाई सघाउ पुऱ्याउने,

(ख) राष्ट्रिय तहमा कृषकले चलन गरेको जग्गा तथा पशुपन्छीपालन, सहायक कृषि क्रियाकलाप एवं वातावरणसम्बन्धी मूलतः निम्नलिखित विवरणहरू प्राप्त गर्नेः

(अ) जग्गाको उपभोग (Land Tenure) तथा बाली लागेको जग्गाको क्षेत्रफल र उत्पादन,

(आ) उमेर र जातअनुसार विभिन्न पशुपन्छी सङ्ख्याको विवरण,

(इ) कृषि कामदारसम्बन्धी विवरण,

(ई) माछापालन, च्याउखेती, मौरीपालन, पुष्पखेती लगायतका सहायक कृषि क्रियाकलापसम्बन्धी विवरण,

(उ) कृषि सामाग्री, औजार तथा साधनहरूको उपयोग, गैर-आवासीय (कृषि भवन) भवनको उपलब्धता, कृषि ऋण, बीमा एवं अनुदानको अवस्था, कृषि कार्यमा जलवायु परिवर्तनको प्रभाव, कृषिमा हरित गृह/टनेल खेती पद्धतिको प्रयोग, माटो परीक्षणको अवस्था, कृषि उत्पादनको उपयोग, र फोहोरको व्यवस्थापन, खाद्यान्नको पर्याप्तता र कृषि बजारसम्मको पहुँचसम्बन्धी विवरण,

(ग) कृषिसम्बन्धी अन्य सर्वेक्षणका लागि आधार तयार गर्ने,

(घ) दिगो विकास लक्ष्यहरूका (Sustainable Development Goals) सूचकहरूको मूल्यांकनका लागि आवश्यक तथ्याङ्क उपलब्ध गराउने,

(ङ) कृषि तथ्याङ्कको स्तर बढाउने।

## १.३ महत्व एवं उपयोगिता

कृषिगणना कृषि क्षेत्रको बनोट तथा कृषि कार्यसम्बन्धी विवरण प्राप्त गर्ने प्रमुख स्रोत हो। यसले सरकारी तथा गैरसरकारी क्षेत्रका लागि उपयोगी हुने कृषि तथ्याङ्क उपलब्ध गराएको छ। कृषिगणनाबाट प्राप्त तथ्याङ्कले कृषकहरूको अवस्था र आवश्यकताको पहिचान गराई तीनै तहका सरकारलाई कृषि क्षेत्रको विकासका लागि योजना तर्जुमा तथा नीति निर्माण गर्न सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ। यसका अतिरिक्त विगतका कृषि विकास नीति एवं योजनाहरूको प्रभावकारिताको अनुगमन एवं मूल्याङ्कन गर्न समेत यसले सघाउ पुऱ्याउने छ।

सरकारले सञ्चालन गरेको गरीबी निवारण एवं खाद्य सुरक्षाका कार्यक्रम तथा दिगो विकास लक्ष्य अनुगमन कार्यमा पनि यस गणनाबाट प्राप्त भएका सूचकहरूबाट सहयोग पुग्नेछ।

कृषक, व्यापारी, लेखक, अनुसन्धानकर्ता, शिक्षक, विद्यार्थी तथा निजी स्तरमा अनुसन्धान गर्ने निकायहरूका लागि पनि प्राप्त कृषि तथ्याङ्क उपयोगी हुनेछ। व्यापारीहरूले आफ्नो बजार विस्तार गर्न, आपूर्ति तथा बिक्रीको स्तर निर्धारण गर्न कृषि तथ्याङ्कलाई उपयोग गर्न सक्नेछन्। लेखक तथा अनुसन्धानकर्ताहरूले पृष्ठभूमिको रूपमा तथ्याङ्कको प्रयोग गर्न सक्नेछन्। शिक्षकहरूले कृषि तथा पशुपालन बिषयको अध्यापन गराउँदा तथा वस्तुस्थिति विश्लेषणमा कृषि तथ्याङ्कको प्रयोग गर्न सक्नेछन्। त्यस्तै अनुसन्धान गर्ने तथा नीति निर्माण गर्ने निकायहरूबाट कृषि उत्पादन तथा पशुपालनसम्बन्धी नीति तथा कार्यक्रम प्रस्ताव गर्न कृषि तथ्याङ्कको उपयोग हुने अपेक्षा गरिएको छ। कृषिमा आधारित उद्योगहरूले आफ्नो कच्चा पदार्थ आपूर्तिको साथसाथै बजार व्यवस्थाको मूल्याङ्कनको निमित्त कृषि तथ्याङ्क उपयोग गर्न सक्नेछन्।

## १.४ क्षेत्र एवं दायरा (Scope and Coverage)

विगतका गणनाहरूमा जस्तै सातौं कृषिगणना पनि छनोट विधि (Sampling Method) को आधारमा गरिएको छ। यस कृषिगणनामा ७५३ वटै स्थानिय तह सम्मका नतिजाहरु प्राप्त गर्ने उद्देश्यले परिभाषाले समेटिएका देशभरका छानिएका गणना क्षेत्रका कृषक परिवारहरुबाट कृषि तथ्याङ्कसम्बन्धी विवरणहरु सङ्कलन गरिएको छ।

यो गणनाले पनि मुख्यतः कृषक परिवारका बालीनाली तथा पशुपन्छी उत्पादनसम्बन्धी क्रियाकलापहरुलाई समेटेको छ। यसैगरी गणनाको न्युनतम मापदण्ड भित्र परी बालीनाली वा पशुपन्छी उत्पादनसम्बन्धी क्रियाकलापमा संलग्न भएका कृषक परिवारका माछापालन, मौरीपालन जस्ता सहायक कृषि क्रियाकलापहरुलाई पनि यो गणनाले समेटेको छ।

## १.५ गणनाको एकाइ

राष्ट्रिय कृषिगणना २०७८ मा गणनाको एकाइ “कृषि चलन” लाई मानिएको छ, अर्थात् सम्पूर्ण तथ्याङ्क कृषि चलनअनुसार छुट्टाछुट्टै सङ्कलन गरी एकत्रित गरिएको छ। कृषि चलनको परिभाषा भाग ४ 'परिभाषा तथा अवधारणा' मा दिइएको छ। यस प्रतिवेदनमा कृषक परिवारलाई कृषि चलनको पर्यायको रुपमा उल्लेख गरिएको छ।

## १.६ छनोट विधि

राष्ट्रिय कृषि गणना २०७८ मा सम्पूर्ण पालिकाहरूको छुट्टाछुट्टै प्रतिनिधित्व हुने गरी नमूना छनोट बिधिबाट कृषक परिवार छनोट गरिएको छ ।

छनोट दुई चरणमा गरिएको छ। छनोटको पहिलो चरणमा प्रत्येक स्थानीय तहबाट निश्चित सङ्ख्यामा गणना क्षेत्रहरू छानिएका छन्। गणना क्षेत्र सामान्यतया वडा तथा वडाखण्डलाई लिइएको छ। वडामा भएका कृषि चलन सङ्ख्याका हिसाबले ठूला देखिएका वडाहरूलाई टुक्र्याएर वडाखण्डमा विभाजन गरिएको छ। यसरी गणना क्षेत्र बनाउनका लागि राष्ट्रिय जनगणना २०७८ मा सङ्कलन गरिएका कृषिसम्बन्धी विवरणलाई आधार बनाइएको छ। राष्ट्रिय जनगणना २०७८ बाट परिवारले चलन गरेको जग्गाको क्षेत्रफल र परिवारसँग भएका पशुपन्छीको सङ्ख्या वडाअनुसार उपलब्ध भएको छ। यसैलाई आधार मानेर कृषिगणना २०७८ को लागि गणना क्षेत्र छनोट गरिएको छ।

छनोटको दोस्रो चरणमा छानिएका प्रत्येक गणना क्षेत्रमा कृषक परिवार लगत (लगत १) प्रयोग गरी उक्त गणना क्षेत्रका सम्पुर्ण कृषक परिवारको लगत सङ्कलन गरिएको छ। यस लगतको आधारमा त्यस गणना क्षेत्रमा अन्तर्वार्ता लिनुपर्ने कृषक परिवार छनोट गरी ती परिवारको छुट्टै सूची (लगत १कः छानिएका कृषक परिवार लगत) तयार गरिएको छ र यसको आधारमा गणकले छनोटमा परेका प्रत्येक परिवारमा गएर कृषक परिवार प्रश्नावली (लगत २) भरेका छन्।

## १.७ प्रश्नावली तथा लगत फारामहरु

### १.७.१ कृषक परिवार लगत (लगत १)

बिगतको कृषिगणनामा जस्तै पछिल्लो कृषिगणना (२०७८) मा पनि तोकिएका गणना क्षेत्रका सबै कृषक परिवारहरूको विवरण लिन कृषक परिवार लगत (लगत १) प्रयोग गरिएको छ।

### १.७.२ छानिएका कृषक परिवार लगत (लगत १ क)

कृषक परिवार लगत (लगत १) बाट छानिएका कृषि चलनको विवरण उतार गर्न छानिएका कृषक परिवार लगत (लगत १ क) प्रयोग भएको छ।

### १.७.३ कृषक परिवार प्रश्नावली (लगत २)

छानिएका कृषक परिवार लगत (लगत १ क) मा समावेश कृषक परिवारहरुबाट बिस्तृत रुपमा संरचनागत तथा सालबसाली कृषि तथ्याङ्क सङ्कलन गर्नका लागि कृषक परिवार प्रश्नावली (लगत २) को प्रयोग गरिएको छ। यो प्रश्नावली, कृषिगणनामा बालीनाली तथा पशुपन्छीसम्बन्धी विवरण सङ्कलन गर्न प्रयोग गरिएको मुख्य प्रश्नावली पनि हो।

### १.७.४ वडास्तरीय सामुदायिक प्रश्नावली (लगत ३)

समुदायमा उपलब्ध कृषि लगायतका सामुदायिक सेवा, सुबिधा र संरचनासम्बन्धी बिस्तृत बिवरण सङ्कलनका लागि  छानिएको गणनाक्षेत्र रहेको प्रत्येक वडामा सामुदायिक प्रश्नावली (लगत ३) प्रयोग गरिएको छ। यसबाट प्राप्त विवरणका आधारमा छुट्टै प्रतिवेदन तयार गरिने छ।

## १.८ स्थलगत कार्य

यस कृषिगणनाको स्थलगत तथ्याङ्क सङ्कलन कार्यका लागि मिति २०७९ बैशाख ०६ गतेदेखि २०७९ जेठ १९ गते (४५ दिन) सम्म मुख्य फिल्डकार्य सञ्चालन गरिएको थियो। यसरी मुख्य फिल्डकार्य गर्ने सन्दर्भमा सर्बप्रथम छानिएका गणना क्षेत्र भित्र रहेका

कृषिचलनको परिभाषाले समेटिएका सबै कृषक परिवारहरुको लगतसूची स्थलगत तथ्याङ्क सङ्कलनको कार्यमा खटिएका गणकहरुद्वारा कृषक परिवार लगत (लगत १) मार्फत तयार गरिएको थियो। तत्पश्चात यस प्रकारको लगतसूचीबाट गणना सुपरिवेक्षकद्वारा Systematic Random Sampling विधि प्रयोग गरी सामान्यतया २० देखि ३० कृषक परिवार छनोट गरिएको थियो। यसरी छानिएका कृषक परिवारहरुबाट गणक मार्फत प्रत्यक्ष अन्तर्वार्ता विधिबाट बिस्तृत बिवरण समेटिएको कृषक परिवार प्रश्नावली (लगत २) भरिएको थियो। यसैगरी मुख्य फिल्डकार्य भईरहेकै समयमा सुपरिवेक्षक मार्फत गणना क्षेत्र पर्ने वडाका जनप्रतिनिधि वा वडासचिव मार्फत प्रत्यक्ष अन्तर्वार्ता विधिबाट वडाको सामुदायिक सेवा सुबिधा र संरचना समेटिएको सामुदायिक प्रश्नावली (लगत ३) भरिएको थियो। कृषिगणनामा पहिलो पटक काठमाण्डौ उपत्यकाका जिल्लाहरुमा Computer-Assisted Personl Interviewing (CAPI) प्रविधिमा आधारित ट्याव्लेटको प्रयोग गरी प्रश्नावली फाराममा रहेका विवरणहरु सङ्कलन गरिएको थियो। यसरी भरिएका प्रश्नावली तथा फारामहरु जिल्ला/प्रदेश कृषिगणना कार्यालयमा सङ्कलन तथा रुजु गरी सुरक्षित तवरले केन्द्रिय भण्डारण कक्षमा पठाउने व्यवस्था गरिएको थियो।

## १.९ अनुगमन तथा सुपरिवेक्षण

स्थलगत तथ्याङ्क सङ्कलन कार्यमा सहजिकरण गर्न तथा यसको गुणस्तर अभिवृद्धिका लागि विभिन्न चरणमा सुपरिवेक्षण तथा अनुगमन गर्न केन्द्रीय सुपरिवेक्षक/निरीक्षक, कृषिगणना अधिकृत तथा सुपरिवेक्षकहरु खटिएका थिए। यसको लागि बिभिन्न प्रकारका सुपरिवेक्षण तथा अनुगमन फारामहरु पनि प्रयोग गरिएको थियो। यसका साथै सुपरिवेक्षक तथा गणकले सम्पादन गरेका कार्य प्रगतिको जिल्ला तथा केन्द्रमा नियमित रिपोर्टिङ गर्ने प्रबन्ध समेत मिलाईएको थियो।

## १.१० गणनाको गुणस्तर (Quality Assurance)

प्रश्नावली फारामहरुमा मार्फत सङ्कलन गरिएका अधिकांश बिषयबस्तु बिश्व खाध्य तथा कृषि संगठन अन्तर्गतको World Program for Census of Agriculture 2020 (WCA 2020) को

सुझाव र सिफारिश अनुसार भएकाले यिनीहरु समयसापेक्ष र सान्दर्भिक हुनुका साथै कृषि तथ्याङ्क प्रयोगकर्ताको मागलाई यथेष्ठ मात्रामा सम्बोधन गर्ने अपेक्षा गरिएको छ। यसैगरी उपलब्ध तथ्याङ्कहरु बिगतका कृषिगणनाका साथै अन्य देशका कृषि तथ्याङ्कसँग पनि तुलनायोग्य छन्।

कृषिगणनामा समग्र गणनाको गुणस्तर कायम गर्न यसमा प्रयोग गरिएका प्रश्नावली, फाराम, पुस्तिका जस्ता तथ्याङ्क सङ्कलनका सामाग्रीहरु सरोकारवाला बिज्ञहरुसँगको चरणबद्ध छलफलका साथै कृषिगणना सञ्चालनका लागि विधिवत रुपमा गठन भएका प्राविधिक तथा बिषयगत समितिहरुबाट प्राप्त सल्लाह र सुझाव बमोजिम तयार र निर्माण गरी बिभिन्न चरणका पूर्वपरीक्षण (Pretest) मार्फत यिनीहरुको सम्भाव्यता (feasibility), उपादेयता (applicability) र उपयुक्तता (appropriateness) को स्थलगत परीक्षण पनि गरिएको थियो।

यसैगरी गणनाको स्थलगत तथ्याङ्क सङ्कलन कार्यमा खटिने जनशक्तिमा बुझाईको स्तरमा एकरुपता कायम गर्दै गणनाको समग्र विधि र प्रकृयामा दक्षता, निपुणता र श्रेष्ठता हाँसिल गराउन बिभिन्न चरणका प्रशिक्षण कार्यक्रमहरु सञ्चालन गरिएका थियो। यसबाट पनि कृषिगणनामार्फत गुणस्तरीय तथ्याङ्क सङ्कलन हुने अपेक्षा गरिएका थियो।

गुणस्तरीय तथ्याङ्क उत्पादनको अर्को महत्वपूर्ण पक्ष गणना कार्यको स्थलगत सुपरिवेक्षण पनि हो। यसबाट तथ्याङ्क सङ्कलनका दौरान गणक तथा सुपरिवेक्षकले भोगेका प्राविधिक लगायतका समस्याहरुको तत्काल समाधान भई गणना कार्य सहजरुपमा सञ्चालन हुन जान्छ। कृषिगणना २०७८ मा पनि यस कुरालाई मध्यनजर राख्दै केन्द्र तथा जिल्लास्तरबाट तथ्याङ्क सङ्कलन कार्यको सुपरिवेक्षण गरिएको थियो। यसैगरी चरणबद्ध रुपमा गरिएका यस प्रकारका कार्यहरुबाट धेरै हदसम्म गणना कार्यमा देखिएका अस्पष्टताको स्थलगत समाधान हुन गई गुणस्तरीय कृषि तथ्याङ्क उत्पादनका लागि आधार तयार भएको थियो। प्रदेश/जिल्ला गणना समन्वय समिति र वडास्तरीय सहजिकरण समितिबाट गरिएको अनुगमन समेतले गुणस्तर कायम गर्न सहयोग पुगेको थियो।

तथ्याङ्कको गुणस्तर अभिबृद्धिको अर्को महत्वपूर्ण पाटो सङ्कलित तथ्याङ्कको कोडिङ, ईडिटिङ, भ्यालिडेसन/भेरिफिकेसन र क्लिनिङ पनि हो। लगत फारामहरुको कोडिङ/ईडिटिङ कार्यका दौरान कोडिङ/ईडिटिङ सम्पन्न गरिएका केही नमुनाहरुको परीक्षण गरी आवश्यक सुझाव र पृष्टपोषण दिईएको थियो। विवरण कोडिङ/ईडिटिङ भईरहेको समयमा अधुरा भरिएका फाराम तथा संगतिपूर्ण नदेखिएका विवरण एकिन गर्न सम्बन्धित कृषक परिवारलाई फोन गरी विवरण एकिन गरिएको थियो। यसैगरी तथ्याङ्क प्रबिष्टीका लागि तयार गरिएको Entry Application मा असमाञ्जस्य (Inconsistent/ Outliers) हरुको पहिचान तथा परिक्षण गर्ने प्रबन्ध गरिएको थियो।

## १.११ तथ्याङ्कको प्रशोधन तथा विश्लेषण (Data Processing and Analysis)

लगत फारामहरुको कोडिङ तथा ईडटिङ कार्य करार सेवामा भर्ना गरिएका ५० जना कोडर/ईडिटरबाट २०७९ कात्तिक देखि माघ महिनासम्म र यसरी कोडिङ तथा ईडटिङ गरिएका लगत फारामहरुको तथ्याङ्क प्रविष्टीको कार्य राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क प्रविष्टीको कार्यमा संलग्न भएका करार सेवाका अनुभवी १०० जना डाटा ईन्ट्री अपरेटरहरुबाट २०७९ पुष देखि फागुन महिनासम्म कार्यालयको आफ्नै भवनमा गरिएको थियो। तथ्याङ्क प्रविष्टी (Data Entry) को लागि CSPro सफ्टवेयरमा आधारित बिशेष Entry Application को प्रयोग गरिएको थियो। यसरी प्रविष्टी गरिएका विवरणहरुको Editing/Cleaning गरीसके पछि SPSS/Stata Package को माध्यमबाट बिश्लेषण गरी बिभिन्न सूचक समाबिष्ट तालिकाहरु तयार गरिएको थियो।

## १.१२ कृषिगणनाका प्रतिवेदनहरु

सम्पूर्ण लगतहरुको विस्तृत परिक्षण र प्रशोधन पश्चात् मात्र कृषिगणनाका नतिजाहरु प्रकाशित गरिएको छ। विस्तृत तालिका सहितको अंग्रेजी भाषाको राष्ट्रिय प्रतिवेदन, नेपाली भाषाको संक्षिप्त-नतिजा सहितको यो प्रतिवेदन र प्रमुख नतिजाहरु समेटिएको लिफ्लेट समेत गरी तीनवटा प्रकाशनहरु प्रथम चरणमा प्रकाशित गरिएको छ। यसै श्रृंखलाका प्रदेश,

जिल्ला र पालिकास्तरका प्रमुख नतिजाहरु समेटिएका प्रतिवेदनहरु क्रमशः प्रकाशित गरिने छ। कृषिसँग सम्बन्धित दीगो विकास लक्ष्यका केहि सूचकहरु र केहि बिषयगत सूचकहरु समेटिएको प्रतिवेदनहरु पनि क्रमिकरूपमा प्रकाशन गरिनेछन्। गणनासम्बन्धी अन्य तथ्याङ्कहरू माग भै आएमा कार्यालयले उपलब्ध गराउने छ। यसैगरी संस्थागत कृषक परिवारका कृषि गतिबिधिहरु समेटिएको प्रतिवेदन र समुदायमा उपलब्ध कृषि लगायतका सामुदायिक सेवा, सुबिधा र संरचनासम्बन्धी बिस्तृत विवरण समेटिएको वडास्तरीय सामुदायिक प्रतिवेदन पनि क्रमिकरूपमा प्रकाशन गरिनेछन्। प्रयोगकर्ता मैत्री तालिका सहितका यी प्रकाशनहरु पुस्तकका साथै इलेक्ट्रोनिक्स प्रतिको रूपमा समेत वेवसाईट मार्फत प्रकाशन गरिनेछन् ।

## १.१३ राष्ट्रिय कृषिगणना २०७८ का सीमाहरु

राष्ट्रिय कृषिगणना २०७८ एक बृहत सर्वेक्षण भएकोले यसका आफ्नै सीमाहरु छन् जुन निम्नानुसार यहाँ उल्लेख गरिएको छ,

- कृषिगणना २०७८ मा बाली लागेको जग्गाको क्षेत्रफल तथा पशुपन्छी सङ्ख्या तोकिएको न्युनतम सीमा भित्र भएका कृषक परिवारको मात्र कृषि गतिबिधिको विवरण सङ्कलन गरिएको छ।
- यस प्रतिवेदनमा घरपरिवारले गरेका कृषिकार्यहरुको मात्र बिवरण उपलब्ध गरिएको छ। कृषिगणनाकै दौरान सङ्कलन गरिएका संस्थागत क्षेत्रबाट गरिएका कृषिसम्बन्धी गतिविधिहरु समटिएको प्रतिवेदन छुट्टै प्रकाशित गरिने छ।
- यस गणनाबाट प्राप्त नतिजाहरु यथार्थपरक रहेका छन् तर पनि नमुना छनौटका अन्तर्निहित बिशेषताका कारणले छिटफुट हुने वा स्थानबिशेषमा हुने कृषिकार्यसँग सम्बन्धित प्राप्त केही तल्ला तहका नतिजाहरुमा सामान्य फरक हुन सक्दछ।


# परिच्छेद २

# राष्ट्रिय कृषिगणना २०७८

# प्रमुख नतिजाहरु

## २.१ कृषक परिवार सङ्ख्या

पहिलेका कृषिगणनाहरुमा जस्तै सातौं कृषिगणनामा पनि दुई प्रकारका कृषक परिवारलाई समेटिएको छ – खेतीपाती गर्ने परिवार (कृषक) तथा पशुपन्छीमात्र पाल्ने परिवार (कृषक)। खेतीपाती गर्ने परिवार अन्तर्गत ०.०१ हेक्टर (चार आना वा आठ धुर) वा सो भन्दा बढी जग्गामा खेतीपाती लगाएका कृषक परिवार पर्दछन्। खेतीपाती नभएका र भए पनि ०.०१ हेक्टर भन्दा कम जग्गामा खेतीपाती गरेका तर पशुपन्छी पालेका परिवारलाई पशुपन्छी मात्र पाल्ने कृषक परिवार मानिएको छ। पछिल्लो कृषिगणना (२०७८) अनुसार नेपालमा ३९ लाख ९९ हजार परिवारले खेतीपाती गरेको र १ लाख ३२ हजारले पशुपन्छीमात्र पाल्ने गरेको पाईएको छ। गत कृषिगणना २०६८ मा यिनीहरु क्रमशः ३७ लाख १६ हजार र एक लाख १६ हजार थिए।




*नोटः परिच्छेद ३ अन्तर्गतका तालिकाहरू १,२,३,६,७,७क,७ख का विवरणहरू जग्गा भएका कृषक परिवारमा आधारित भएर तयार तथा प्रस्तुत गरिएकाले जग्गा भएका र पशुपंक्षी मात्र पालेका दुबै गरी कुल कृषक परिवारमा आधारित भई यहाँ प्रस्तुत गरिएका कतिपय विवरणसँग फरक पर्न सक्दछ ।*

विगत ६० वर्षमा (२०१८ देखि २०७८ सम्मको अविधमा) नेपालका कृषक परिवार एक पछि अर्को गणनामा बढ्दै गएको देखिन्छ । २०१८ सालमा खेतीपाती गर्ने कृषक परिवारको सङ्ख्या १५ लाख १८ हजार तथा पशुपन्छी मात्र पाल्ने कृषक परिवारको सङ्ख्या २२ हजार थियो । साठी वर्ष पछि आएर (२०७८ मा) खेतीपाती गर्ने परिवार डेढ गुणा भन्दा बढी र पशुपन्छी मात्र पाल्ने परिवार पाँच गुणाले बढेका छन्।यसरी यी दुबै प्रकारका गरी नेपालमा जम्मा ४१ लाख ३१ हजार कृषक परिवार रहेको कृषिगणना २०७८ ले देखाएको छ ।

प्रदेश तथा जिल्लागत रुपमा हेर्दा, कृषि गणना २०७८ को प्राप्त नतिजाले कृषक परिवार सबैभन्दा बढी भएको प्रदेश कोशी र जिल्लामा झापा देखाएको छ।

## २.२ कृषक परिवार अन्तर्गतको जग्गा

कृषक परिवारले चलन गरेको जग्गामा भएको वृद्धि भने फरक किसिमको छ। साठी वर्षको अवधिमा कृषक परिवार सङ्ख्या १६८ प्रतिशतले बढेको छ भने उनीहरुले चलन गरेको जगाको क्षेत्रफल ३२ प्रतिशतले मात्र बढेको देखिन्छ। पहिलो कृषिगणनाले देशभरमा कृषक परिवार अन्तर्गतको जग्गा १६ लाख ८५ हजार हेक्टर भएको देखाएको थियो भने सातौं कृषिगणनाले यस्तो जग्गा देशभरमा २२ लाख १८ हजार हेक्टर भएको देखाएको छ। अघिल्लो कृषिगणना २०६८ अनुसार कृषक परिवार अन्तर्गतको जग्गा २५ लाख २६ हजार हेक्टर रहेको थियो।

पछिल्लो गणना (२०७८) ले दश वर्ष अघिको तुलनामा कृषक परिवारले चलन गरेको जग्गा १२ प्रतिशतले घटेको देखाएको छ। सोही अवधिमा (२०६८–२०७८) खेतीपाती गर्ने परिवारको सङ्ख्या भने ८ प्रतिशतले बढेको देखिएको छ।

प्राप्त नतिजाले कृषक परिवार अन्तर्गत बढी क्षेत्रफल भएको प्रदेशमा कोशी र जिल्लामा मोरङ देखिएको छ।


अघिल्लो कृषिगणना २०६८ अनुसार देशभरमा कृषक परिवारअन्तर्गत १ करोड २० लाख ९६ हजार कित्ता रहेको देखिएको थियो भने कृषिगणना २०७८ ले यो सङ्ख्या केही घटेर १ करोड १५ लाख ८४ हजार भएको देखाएको छ । २०१८ सालको गणनामा एक कित्ताको सरदर क्षेत्रफल ०.१६ हेक्टर भएको मा अहिले पछिल्लो गणनामा यो आकार ०.१९ हेक्टर पुगेको छ। तर गत कृषिगणना २०६८ मा यसको आकार ०.२१ हेक्टर थियो।

## २.३ कृषिचलनको जग्गाको आकार

कृषिचलनको जग्गाको आकार (Holding Size) एक पछि अर्को गणनामा घट्दै गएको छ । पहिलो गणना हुँदा एक कृषक परिवारको भागमा सरदर १.११ हेक्टर जग्गा पर्दथ्यो भने ६० वर्ष पछि (२०७८ मा) आएर यसको आकार ०.५५ हेक्टरमा झरेको छ।गत कृषिगणनामा यो ०.६८ हेक्टर थियो।

*(कृषक परिवार सङ्ख्या, अन्तर्गतको क्षेत्रफल र जग्गाको आकारसम्बन्धी विस्तृत विवरण परिच्छेद ३ अन्तर्गत तालिकाहरू १,४ र ५ मा उल्लेख गरिएको छ ।)*

## २.४ जग्गाको उपयोग




कृषिगणना २०७८ अनुसार कृषक परिवार अन्तर्गतको २२ लाख १८ हजार हेक्टर जग्गा मध्ये २१ लाख २२ हजार हेक्टर (९६ प्रतिशत) जग्गा कृषि कार्यमा उपयोग भएको जग्गा छ भने ८१ हजार हेक्टरमा बनबनेलो लागेको, १३ हजार हेक्टर पोखरी र ३ हजार हेक्टर अन्य प्रकारको जग्गा

रहेको छ। अन्य प्रकारको जग्गा भन्नाले कृषकको अनुत्पादक जग्गा वा साधारणतया खेती गर्न आवश्यक पर्ने भन्दा बढी परिश्रम गरेमा उत्पादक बनाउन सकिने जस्ता जग्गा पर्दछन्।


कृषिकार्यमा प्रयोग भएको अधिकांश जग्गामा (१७ लाख ३१ हजार हेक्टरमा) अस्थायी बाली लगाएको पाईएको छ। १ लाख ४५ हजार हेक्टरमा फलफूल लगायतका स्थायी बाली लगाइएको छ।

दश वर्ष अघि (२०६८) को तुलनामा २०७८ सालमा देशभर अस्थायी बाली लागेको जग्गा तीन लाख ९२ हजार हेक्टर (१८ प्रतिशत) घटेको छ। यो अवधिमा अस्थायी चौरचरन तथा बाँझो जग्गा क्रमशः ४५ र ९५ प्रतिशतले बढेको छ भने फलफूल तथा अन्य स्थायी बाली लागेको जग्गा १४ प्रतिशतले घटेको छ। यसैगरी बनबनेलोको क्षेत्रफल ४७ प्रतिशतले बढेको छ भने पोखरीको क्षेत्रफल पनि तीन गुणाले बढेको देखिन्छ।

*(जग्गाको उपयोगसम्बन्धी विस्तृत विवरण परिच्छेद ३ अन्तर्गत तालिका ६ मा उल्लेख गरिएको छ ।)*

## २.५ जग्गाको उपभोग

नेपालमा अधिकांश कृषक परिवारले आफ्नै परिवारको हकभोगको जग्गा चलन गरेको पाइन्छ। पछिल्लो कृषिगणनामा २०७८ मा जग्गा भएका र पशुपंक्षी मात्र भएका समेत गरी ३३ लाख ७२ हजार अर्थात ८२ प्रतिशत कृषक परिवारले आफ्नै



मात्र हकभोगको जग्गा चलन गरेका छन्। छ लाख ८९ हजार (१७ प्रतिशत) कृषक परिवारले आफ्नो परिवारको हकभोगका साथै अरुको हकभोगको जग्गा मिलाएर चलन गरेका छन्। अरुको हकभोगको जग्गा मात्र चलन गर्ने कृषक परिवारको सङ्ख्या ५९ हजार अर्थात १ प्रतिशत मात्र छ। गत कृषिगणना २०६८ अनुसार यो सङ्ख्या क्रमशः ३२ लाख ४२ हजार, पाँच लाख ४१ हजार र ३५ हजार थियो। यसैगरी पछिल्लो कृषिगणनाअनुसार अन्य प्रकारको जग्गा मात्र उपभोग गर्ने कृषक परिवार सङ्ख्या १० हजार (०.२ प्रतिशत) रहेको छ।


देशभरमा कृषक परिवारले चलन गरेको जम्मा २२ लाख १८ हजार हेक्टर जग्गा मध्ये तीन लाख १२ हजार हेक्टर (१४ प्रतिशत) जग्गा अरुको हकको छ। जम्मा जग्गा मध्ये १८ लाख ९६ हजार हेक्टर (८५ प्रतिशत) जग्गा परिवारको आफ्नै हकभोगको जग्गा छ। अन्य प्रकारको उपभोग अन्तर्गत चलन गरेको जम्मा जग्गाको क्षेत्रफल करीब १० हजार हेक्टर (०.५ प्रतिशत) रहेको छ।

अरुको हकको जग्गा कमाउने विभिन्न शर्त मध्ये बाली बाँड्ने (अधियाँ, बटैया) शर्तमा कमाउने चलन बढी देखिएको छ। २०७८ सालमा अर्काको जग्गा लिएर चलन गर्ने कृषक परिवार मध्ये ४८ प्रतिशत कृषक परिवारले बाली बाँड्ने (अधियाँ/बटैया गर्ने) शर्तमा जग्गा कमाएका छन्। जग्गाको हिसाब गर्दा, यो शर्तमा कमाएको जग्गा अरुको हकको कमाएको सम्पूर्ण जग्गा मध्ये ५२ प्रतिशत हुन आउँछ। जग्गा कमाउने अर्को प्रचलित शर्तमा नगद तथा जिन्सी ठेक्का पर्दछ। अरुको हकको जग्गा लिएर कमाएको सम्पूर्ण जग्गा मध्ये २३ प्रतिशत जग्गा नगद/जिन्सी ठेक्का बुझाउने शर्तमा लिएर कमाएका थिए। बन्धकी राखेको जग्गा कमाउने अर्को प्रकारको व्यवस्था पनि चल्तीमा छ।

बाली बाँड्ने (अधियाँ, बटैया) शर्तमा कमाएको जग्गाको सरदर क्षेत्रफल ०.४७ हेक्टर थियो भने ठेक्कामा कमाएको जग्गाको सरदर क्षेत्रफल ०.३८ हेक्टर तथा बन्धकी कमाउनेको सरदर जग्गा ०.२५ हेक्टर थियो।

*(जग्गाको उपभोगसम्बन्धी विस्तृत विवरण परिच्छेद ३ अन्तर्गत तालिकाहरू ७,७क र ७ख मा उल्लेख गरिएको छ ।)*

## २.६ सिँचाइ सुविधा




कृषिगणना २०६८ ले देशभरमा २४ लाख ७२ हजार कृषक परिवारले जम्मा १३ लाख १३ हजार हेक्टर जग्गामा सिँचाइ सुबिधा लिएको देखाएको थियो भने पछिल्लो गणना २०७८ ले २८ लाख ८९ हजार कृषक परिवारले १२ लाख ९ हजार हेक्टर जग्गामा सिँचाइ सुबिधा लिएको देखाएको छ। पछिल्लो गणना अनुसार कृषक परिवारले चलन गरेको जम्मा जग्गा मध्ये ५५ प्रतिशत क्षेत्रफलमा सिँचाइ सुविधा लिएको देखिन्छ भने अघिल्लो कृषिगणनाका अनुसार यो प्रतिशत ५२ थियो।

पछिल्लो कृषिगणना अनुसार, ७० प्रतिशत कृषक परिवारले सिँचाइ सुविधा लिएको देखिएको छ। अघिल्लो कृषिगणना अनुसार यस्ता कृषक परिवारको प्रतिशत ६५ थियो।

सिँचाइ सुबिधा प्रयोग गर्ने कृषकहरु बढी भएको प्रदेशमा मधेश र जिल्लामा बारा देखिएको छ।

सिँचाइका लागि आवश्यक पानीको मुख्य श्रोतमा ट्युबवेल, बोरिङ देखिएको छ। सातौं कृषिगणना २०७८ का अनुसार ट्युबवेल, बोरिङबाट सिँचाइ गरिएको जग्गा जम्मा सिँचित जग्गाको ४२ प्रतिशत र नदी, तलाउ वा पोखरीबाट नहर, कुलो बनाएर वा पम्पले पानी तानेर सिँचाइ गरिएको जग्गा ४१ प्रतिशत रहेको छ। यसैगरी बाँध बाँधेर वा रिजर्भवयर बनाई त्यहाँबाट पानी ल्याएर सिँचाइ गरिएको जग्गा भने ८ प्रतिशत रहेको छ।


गत कृषिगणना २०६८ ले सिँचाइ सुविधाका लागि कृषक परिवारले प्रयोग गरेको मुख्य श्रोतमा नदी, तलाउ र पोखरी देखाएको थियो।

*(सिँचाइ सुविधासम्बन्धी विस्तृत विवरण परिच्छेद ३ अन्तर्गत तालिका ८ मा उल्लेख गरिएको छ ।)*

## २.७ अस्थायी बाली

गत कृषिगणना २०६८ को तुलनामा २०७८ सालमा अस्थायी बालीले ओगटेको जग्गा तीन लाख ९२ हजार हेक्टर घटेर १७ लाख ३१ हजार हुन पुगेको छ। यसै अवधिमा, वर्षभर अस्थायी बालीहरु लगाएको जग्गा पनि छ लाख २३ हजार हेक्टर घटी ३२ लाख ९९ हजार हेक्टर हुन पुगेको देखिएको छ।

**चित्र ५: मुख्य अस्थायी बाली लागेको जग्गा (क्षेत्रफल हजार हे.)**




अस्थायी बाली लगाएको जग्गाको क्षेत्रफल पहिले भन्दा घटेको भए तापनि जग्गा बढी सघन रुपमा उपयोग भएको देखिन्छ, कृषक परिवारहरुले बढी सघन खेतीपाती गरेका छन्।

कृषिगणना २०७८ अनुसार, एक वर्षमा जम्मा दुई लाख ७० हजार हेक्टरमा बाली मिसाएर लगाइएको छ। वर्षभरमा बाली लगाएको जग्गा मध्ये ८ प्रतिशत जग्गामा मात्र बाली मिसाएर लगाइएको छ।

तीस वर्ष पहिलेको (२०४८ सालमा) भन्दा २०७८ सालमा धान खेती गर्ने कृषक परिवारको सङ्ख्या निकै बढेको छ – २० लाख ३८ हजार बाट बढेर २७ लाख ६५ हजार पुगेको छ । गत कृषिगणनामा यो सङ्ख्या २६ लाख ८१ हजार थियो। अर्को तर्फ,

धान लागेको जग्गाको क्षेत्रफल भने बढ्नुको साटो केही घटेको छ– यो अवधि (२०४८-२०७८) मा धान लागेको जग्गाको क्षेत्रफल १४ लाख ८१ हजार हेक्टर बाट केही घटेर १२ लाख १६ हजार हेक्टर भएको छ। गत कृषिगणना २०६८ मा यो १४ लाख ५६ हजार हेक्टर थियो। धान खेती सबै भन्दा बढी गरिने प्रदेशमा मधेश र जिल्लामा मोरङ रहेको छ।

चौथो कृषिगणना २०४८ हुँदा नेपालमा गहुँ लागेको क्षेत्रफल छ लाख ३३ हजार हेक्टर भएकोमा २०७८ सालमा यो बाली लगाएको क्षेत्रफल छ लाख ५४ हजार हेक्टर पुगेको छ। तर गहुँ बालीको क्षेत्रफल कृषिगणना २०६८ अनुसार सात लाख ४९ हजार हेक्टर थियो। गहुँ खेती सबै भन्दा बढी गरिने प्रदेशमा मधेश र जिल्लामा रुपन्देही रहेको यो गणनाले देखाएको छ।

मकै बालीको क्षेत्रफल कृषिगणना २०६८ अनुसार छ लाख ७४ हजार हेक्टर थियो। तर २०७८ सालमा यो बाली लगाएको क्षेत्रफल पाँच लाख ६० हजार हेक्टरमा झरेको छ। मकै खेती सबै भन्दा बढी गरिने प्रदेशमा कोशी र जिल्लामा झापा रहेको छ।

२०४८-२०७८ को अवधिमा तरकारी खेती भएको जग्गामा पनि उल्लेखनीय वृद्धि भई ४० हजार हेक्टरबाट बढेर एक लाख आठ हजार हेक्टर पुगेको छ। कृषिगणना २०६८ का अनुसार यस प्रकारको जग्गाको क्षेत्रफल ८४ हजार हेक्टर मात्र रहेको थियो। तरकारी खेती सबैभन्दा बढी गरिने प्रदेशमा बागमती र जिल्लामा चितवन भएको पाईएको छ।

बिगत तीन दशकमा आलु खेती गर्ने कृषक परिवारको सङ्ख्या सात लाख ३५ हजार बाट बढेर १७ लाख ७८ हजार पुगेको छ। अघिल्लो कृषिगणना २०६८ ले यो सङ्ख्या १६ लाख ४० हजार देखाएको थियो। तर आलु लागेको क्षेत्रफल भने विगत दश वर्षमा ७ हजार हेक्टर घटेर ९९ हजार हेक्टर भएको छ। आलु खेती सबैभन्दा बढी गरिने प्रदेशमा कोशी र जिल्लामा काभ्रे भएको पाईएको छ।

कृषिगणना २०७८ अनुसार अस्थायी बाली लागेको जम्मा जग्गा मध्ये ७८ प्रतिशत जग्गामा खाद्यान्न बाली लगाइएको छ। कृषिगणना २०६८ अनुसार यो ८० प्रतिशत थियो।


अस्थायी बाली लागेको जम्मा क्षेत्रफल मध्ये ३७ प्रतिशत क्षेत्रफल धान बालीले ओगटेको छ। गत कृषिगणना २०६८ मा पनि यो ३७ प्रतिशत नै थियो।

*(अस्थायी बालीसम्बन्धी विस्तृत विवरण परिच्छेद ३ अन्तर्गत तालिकाहरू ४,५,६,९,१० र ११ मा उल्लेख गरिएको छ ।)*

## २.७.१ बाली सघनता (Cropping Intensity)

सघन खेती भनेको सानो जग्गामा पनि "क्रम नटुटाई वा एकबाली फाँडिनासाथ अर्को बाली लाग्ने, तयार हुने किसिमले खेती" गरेर अधिक मात्रामा बाली उब्जाउने काम हो। वर्षको एक बाली मात्र लगाएको छ भने सघनता दर १ हुन्छ। एउटै जग्गामा एक पछि अर्को बाली लगाउँदै गएको छ भने खेतीको सघनता दर पनि १ भन्दा बढी हुँदै जान्छ।

चित्र ६: बाली सघनता दर (२०४८-२०७८)





कृषिगणना २०५८ मा सघनता दर १.८३ थियो भने कृषिगणना २०६८ अनुसार यो दर बढेर १.८५ भएको थियो। कृषिगणना २०७८ अनुसार यो दर अझ बढेर १.९१ हुन पुगेको छ। यो सूचकले नेपालमा कृषकहरुले बर्षमा सरदर दुई बाली लगाउने गरेको देखाएको छ।

*(बाली सघनतासम्बन्धी विस्तृत विवरण परिच्छेद ३ अन्तर्गत तालिका १० मा उल्लेख गरिएको छ ।)*

## २.८ स्थायी बाली

चित्र ७: मुख्य फलफूल बाली लागेको जग्गा




अस्थायी बाली लगाएको क्षेत्रफलको तुलनामा फलफूल बाली लगायतका स्थायी खेती भएको जग्गाको क्षेत्रफल कम छ। २०७८ सालको कृषिगणनाअनुसार जम्मा एक लाख ४५ हजार हेक्टर जग्गामा स्थायी बाली लगाइएको छ। तर कृषिगणना २०६८ अनुसार यस प्रकारको जग्गाको क्षेत्रफल एक लाख ६८ हजार हेक्टर थियो। कृषिगणना २०७८ ले नौ लाख ५९ हजार कृषक परिवारले बगैंचाको रुपमा स्थायी बाली लगाएको देखाएको छ भने अघिल्लो कृषिगणना २०६८ ले यो सङ्ख्या आठ लाख ८४ हजार मात्र देखाएको थियो। तीस वर्ष पहिले ( कृषिगणना २०४८ मा) बगैंचाको रुपमा स्थायी बाली लगाउने कृषक परिवारको सङ्ख्या दुई लाख ८१ हजार मात्र थियो। २०४८-२०७८ को अवधिमा बगैंचाको सरदर क्षेत्रफल प्रति कृषक परिवार ०.१ हेक्टर बाट बढेर ०.१५ हेक्टर पुगेको देखिन्छ। तर अघिल्लो कृषिगणना २०६८ अनुसार यो सरदर ०.१९ हेक्टर रहेको थियो।

फलफूल खेती गर्ने चलन बढ्दै आएको छ। विगत तीस वर्ष (२०४८-२०७८) मा सुन्तला खेती भएको बगैंचाको क्षेत्रफल दुई हजार हेक्टर बाट बढेर छ हजार पाँच सय हेक्टर पुगेको छ। अघिल्लो कृषिगणना २०६८ अनुसार यो क्षेत्रफल करिव छ हजार हेक्टर रहेको थियो। बगैंचाको रुपमा सुन्तला खेती बढी हुने प्रदेशमा गण्डकी र जिल्लामा स्याङ्जा पाईएको छ।

यसै अवधि (२०४८-२०६८) मा आँपको बगैंचा भएको जग्गा १५ हजार हेक्टरबाट करिब २० हजार हेक्टर पुगेको छ। कृषिगणना २०६८ ले यो क्षेत्रफल १८ हजार हेक्टर देखाएको थियो। बगैंचाको रुपमा आँप खेती बढी हुने प्रदेशमा मधेश र जिल्लामा सिराहा पाईएको छ। यसैगरी केरा, कागती र स्याउ खेती पनि बढेको छ।

बगैंचामा लगाएको स्थायी बाली बाहेक स्थायी बालीका छरिएका रुख सङ्ख्यामा भने केही गिरावट आएको देखिएको छ। सातौं कृषिगणना २०७८ अनुसार ६२ प्रतिशत कृषक परिवारले खेती गरेको जग्गामा धेरथोर (केहिनकेही) सङ्ख्यामा फलफूल लगायतका स्थायी बालीका रुख बगैंचा वा छरिएर रहेको रुपमा लगाईएको छ। अघिल्लो कृषिगणना २०६८ ले पनि यस प्रकारका रुख हुने कृषक परिवार ६२ प्रतिशत नै देखाएको थियो।


कृषिगणना २०७८ अनुसार जम्मा एक लाख ४५ हजार हेक्टर स्थायी बाली लगाएको बगैंचा मध्ये ६९ हजार हेक्टर बराबर जग्गामा फलफल्ने उमेरका रुख/बोट रहेका छन्।

*(स्थायी बालीसम्बन्धी विस्तृत विवरण परिच्छेद ३ अन्तर्गत तालिकाहरू ६ र १४ मा उल्लेख गरिएको छ ।)*

## २.९ कृषि सामग्री

नेपालमा हालका बर्षहरुमा उन्नत तरिकाले (विकासे) खेती गर्ने प्रचलन बढ्दै गएको छ। कृषिगणना २०७८ मा धान लगाउने कृषक परिवारहरु मध्ये ७६ प्रतिशत कृषक परिवारले धान बालीमा रासायनिक मल प्रयोग गरेका छन् भने २७ प्रतिशत कृषक परिवारले उन्नत र १६ प्रतिशतले बर्णशंकर जातको धान लगाएका छन्।

**चित्र ८: बालीअनुसार कृषि सामाग्रीको प्रयोग गर्ने कृषकको प्रतिशत**



यो गणनाअनुसार मकै लगाउने कृषक परिवारहरु मध्ये ४९ प्रतिशत कृषक परिवारले मकै बालीमा रासायनिक मल प्रयोग गरेका छन् भने १२ प्रतिशत कृषक परिवारले उन्नत र १३ प्रतिशतले बर्णशंकर जातको मकै लगाएका छन्। यसैगरी गहुँ लगाएका ५९ प्रतिशत कृषक परिवारले रासायनिक मलको प्रयोग गरेका छन्। उन्नत र बर्णशंकर जातको गहुँको बीउ लगाउने कृषक परिवार क्रमशः २७ र ६ प्रतिशत रहेको पाईएको छ। तरकारीमा रासायनिक मलको प्रयोग गर्ने कृषक परिवार २३ प्रतिशत मात्र छन्। उन्नत र बर्णशंकर जातको तरकारीको बीउ लगाउने कृषक परिवार क्रमशः २२ र १३ प्रतिशत रहेको पाईएको छ। आलुमा रासायनिक मलको प्रयोग गर्ने कृषक परिवार ४४ प्रतिशत छन्। उन्नत र बर्णशंकर जातको आलुको बीउ लगाउने कृषक परिवार क्रमशः २९ र ७ प्रतिशत रहेको पाईएको छ। बिषादीको सन्दर्भमा धानमा बिषादीको प्रयोग गर्ने कृषक परिवार ४५ प्रतिशत छन। यसरी बिषादीको प्रयोग गर्ने कृषक परिवारमध्ये धानमा सुरक्षित बिषादी (हरियो रंगको लेवल भएको) प्रयोग गर्ने कृषक परिवार ३९ प्रतिशत मात्र छन् । यसैगरी तरकारीमा बिषादीको प्रयोग गर्ने कृषक परिवार २७ प्रतिशत छन। यसरी बिषादीको प्रयोग गर्ने कृषक परिवार मध्ये तरकारीमा सुरक्षित बिषादीको प्रयोग गर्ने कृषक परिवार ५३ प्रतिशत छन्। यसरी नै मकै, गहुँ र आलुमा बिषादीको प्रयोग गर्ने कृषक परिवार क्रमशः २३, २८ र ३६ प्रतिशत छन्।

*(कृषि सामाग्रीसम्बन्धी विस्तृत विवरण परिच्छेद ३ अन्तर्गत तालिका १३ मा उल्लेख गरिएको छ ।)*

## २.१० कृषि औजार

नेपालमा कृषि–यान्त्रिकरणको मात्रा क्रमशः बढ्दै गएको छ। कृषिगणना २०६८ का अनुसार  सन्दर्भ अवधिमा आठ लाख ४५ हजार (२२ प्रतिशत) कृषक परिवारले आफ्नो कृषि कार्यमा ट्याक्टर प्रयोग गरेका थिए भने २०७८ मा यस्ता कृषक परिवार झन्डै दोब्बर भएर १६ लाख ३९ हजार (४० प्रतिशत) पुगेका छन्। गत कृषिगणना २०६८ का अनुसार गणनाको दिन कृषक परिवारसँग भएको ट्याक्टर सङ्ख्या ३७ हजार थियो भने कृषिगणना २०७८ ले यो सङ्ख्या बढेर ५८ हजार पुगेको देखाएको छ।

सातौं कृषिगणना २०७८ अनुसार नेपालभर जम्मा ४ लाख ७१ हजार (११ प्रतिशत) कृषक परिवारले पावर ट्रिलर/मिनी ट्रिलर प्रयोग गरेका छन्। गणनाको दिनमा कृषक परिवारसँग भएका जम्माजम्मी पावर ट्रिलर/मिनी ट्रिलरको सङ्ख्या १ लाख १८ हजार छ। छैठौं कृषिगणना २०६८ अनुसार नेपालभर जम्मा ७६ हजार (२ प्रतिशत) कृषक परिवारले पावर ट्रिलर/मिनी ट्रिलर प्रयोग गरेका थिए भने गणनाको दिनमा कृषक परिवारसँग भएका जम्माजम्मी पावर ट्रिलर/मिनी ट्रिलरको सङ्ख्या १० हजार थियो।

कृषिगणना २०६८ को अनुसार थ्रेसर (बाली झाँट्ने औजार) प्रयोग गर्ने कृषक परिवार आठ लाख तीन हजार थिए भने गणनाको दिनमा कृषकहरुसँग जम्माजम्मी ५२ हजार वटा यस्ता औजारहरु थिए। कृषिगणना २०७८ का अनुसार थ्रेसर प्रयोग गर्ने कृषक परिवार ११ लाख ७५ हजार छन् भने कृषिकार्यमा प्रयोग भएको थ्रेसरको सङ्ख्या गणनाको दिनमा जम्माजम्मी एक लाख १५ हजार छन्।

यसै गरी यो कृषिगणनाले छ लाख ९१ हजार कृषक परिवारले पम्पिङ सेट/मोटर र ११ लाख ५१ हजार कृषक परिवारले स्प्रेयर प्रयोग गरेको देखाएको छ। गणनाको दिनमा यी कृषक परिवारसँग करीब चार लाख पम्पिङ सेट र सात लाख ७० हजार स्प्रेयर रहेको गणनाले देखाएको छ। कृषिगणना २०६८ को अनुसार पाँच लाख ४८ हजार कृषक परिवारले पम्पिङ सेट प्रयोग गरेका थिए भने पाँच लाख ७४ हजार कृषक परिवारले स्प्रेयर प्रयोग गरेका थिए। गणनाको दिनमा कृषक परिवारसँग एक लाख ५० हजार पम्पिङ सेट र दुई लाख ८२ हजार स्प्रेयर रहेको थियो।

कृषिगणना २०७८ अनुसार सन्दर्भ अवधिमा दुध दुहुने मेसिन प्रयोग गर्ने कृषक परिवारको सङ्ख्या ३० हजार छ भने गणनाको दिन कृषकहरुसँग जम्माजम्मी तीन हजार चार सय वटा यस्ता मेसिनहरु छन्।

सातौं कृषिगणना २०७८ अनुसार नेपालभर जम्मा ७ लाख ३ हजार (१७ प्रतिशत) कृषक परिवारले आधुनिक (फलामे) हलो प्रयोग गरेका छन्। गणनाको दिनमा कृषक परिवारसँग भएका जम्माजम्मी आधुनिक (फलामे) हलोको सङ्ख्या पाँच लाख १० हजार छ। छैठौं


कृषिगणना २०६८ अनुसार नेपालभर जम्मा १० लाख ७३ हजार (२९ प्रतिशत) कृषक परिवारले आधुनिक (फलामे) हलो प्रयोग गरेका थिए भने गणनाको दिनमा कृषक परिवारसँग भएका जम्माजम्मी आधुनिक (फलामे) हलोको सङ्ख्या आठ लाख ५६ हजार थियो।

*(कृषि औंजारसम्बन्धी विस्तृत विवरण परिच्छेद ३ अन्तर्गत तालिकाहरू ३ र १२ मा उल्लेख गरिएको छ ।)*

## २.११ पाल्तु पशुपन्छी

### २.११.१ पशुको सङ्ख्या

पछिल्लो कृषिगणना २०७८ अनुसार, नेपालमा ३४ लाख ५ हजार (८२ प्रतिशत) कृषक परिवारले पशुचौपाया पालेको पाईएको छ। कृषिगणना २०६८ अनुसार, नेपालमा ३३ लाख ५४ हजार (८८ प्रतिशत) कृषक परिवारले पशुचौपाया पालेको पाईएको थियो। यो कृषि गणनाको अनुसार गाईगोरु पाल्ने कृषक परिवारको सङ्ख्या १७ लाख ८ हजार छ भने उनीहरुले पालेका गाईगोरुको सङ्ख्या ४५ लाख ५९ हजार छ। कृषिगणना २०६८ अनुसार यस्ता कृषक परिवारको सङ्ख्या २२ लाख ८१ हजार थियो भने उनीहरुले पालेका गाईगोरुको सङ्ख्या ६४ लाख ३० हजार थियो। कृषिगणना २०७८ अनुसार सरदरमा हिसाब गर्दा गाईगोरु पाल्ने एक कृषक परिवारसँग २.७ वटा गाईगोरु पर्दछन्। कृषिगणना २०६८ अनुसार सरदरमा हिसाब गर्दा गाईगोरु पाल्ने एक कृषक परिवारसँग २.८ वटा गाईगोरु पर्दथ्यो। तीस वर्ष अघि




(२०४८ सालमा) गाईगोरु पाल्ने एक कृषक परिवारसँग सरदरमा ३.६ वटा गाईगोरु थिए।

छैठौं कृषिगणना २०६८ मा राँगाभैंसी पालेका कृषक परिवारको सङ्ख्या १६ लाख ६९ हजार भएकोमा २०७८ सालमा यस्ता कृषक परिवारको सङ्ख्या १४ लाख १७ हजार पुगेको छ। तर कृषक परिवारले पालेका राँगाभैंसीको सङ्ख्या भने ३१ लाख ७४ हजार बाट घटेर २९ लाख २३ हजार भएको छ।

कृषिगणना २०४८ र २०७८ को अवधिमा, बाख्रा/च्याङ्ग्राको सङ्ख्या डेढ गुणाभन्दा बढीले बढेर एक करोड ४२ लाख ४२ हजार पुगेको छ भने सुँगुर/बंगुरको सङ्ख्या झण्डै दोब्बरले बढेर १३ लाख ५८ हजार पुगेको छ। तर भेडाको सङ्ख्या छ लाख तीन हजारबाट घटेर चार लाख ७८ हजार भएको छ। कृषिगणना २०६८ अनुसार बाख्रा/च्याङ्ग्राको सङ्ख्या एक करोड नौ लाख ९० हजार, सुँगुर/बंगुरको सङ्ख्या आठ लाख १९ हजार र भेडाको सङ्ख्या छ लाख आठ हजार थियो।

नेपालमा उन्नत जातका पशुचौपाया पाल्ने चलन बढ्दै गएको पाईएको छ। पछिल्लो कृषिगणना २०७८ मा जम्मा गाई/गोरु, राँगा/भैंसी र बाख्रा/खसी/बोका मध्ये क्रमशः ७, ५ र ४ प्रतिशत उन्नत जातका रहेका छन्। अघिल्लो कृषिगणना २०६८ मा यो प्रतिशत क्रमशः ३, ४ र ३ थियो। सबै भन्दा बढी उन्नत गाईगोरु पालिने प्रदेशमा बागमती र जिल्लामा चितवन रहेको छ भने उन्नत राँगाभैंसी पालिने प्रदेशमा पनि बागमती नै तर जिल्लामा कास्की रहेको छ। यसैगरी सबै भन्दा बढी उन्नत बाख्रा/च्याङ्ग्रा पालिने प्रदेशमा बागमती र जिल्लामा चितवन पाईएको छ।

### २.११.२ पाल्तुपन्छीको सङ्ख्या





बिगत तीस बर्षमा कुखुरा पालनमा अत्यधिक वृद्धि भएको छ । यस अवधिमा (२०४८ र २०७८ साल बीचमा) कषक परिवारले पालेका जम्मा कुखुराको सङ्ख्या साढे दुईगुना भन्दा बढीले बृद्धि भएर चार करोड ५१ लाख १८ हजार पुगेको छ। यी मध्ये ५५ प्रतिशत कुखुरा उन्नत जातका (ब्रोइलर, लेअर्स र गिरीराज) पाईएको छ। गत कृषिगणनाले यो सङ्ख्या २ करोड ६२ लाख ६८ हजार देखाएको थियो भने यी मध्ये ४३ प्रतिशत कुखुरा उन्नत जातका पाईएको थियो।

देशभरका कृषक परिवार मध्ये १७ लाख ९९ हजार कृषक परिवार (४४ प्रतिशत) ले धेरथोर सङ्ख्यामा कुखुरा पालेका छन्। तर गत कृषिगणनाको अनुसार देशभरका कृषक परिवार मध्ये १८ लाख नौ हजार (४७ प्रतिशत) कृषक परिवारले धेरथोर सङ्ख्यामा कुखुरा पालेका थिए। तीस वर्ष अघिको तुलनामा, २०७८ सालमा, हाँसको सङ्ख्यामा साढे तीन गुना भन्दा बढीले वृद्धि भएर १३ लाख २६ हजार पुगेको छ।

कृषिगणना २०७८ अनुसार घरपरिवारस्तरमा सबैभन्दा बढी सङ्ख्यामा कुखुरा पालिने प्रदेशमा बागमती र जिल्लामा काठमाण्डौं पाईएको छ।

*(पाल्तुपशुपन्छीसम्बन्धी विस्तृत विवरण परिच्छेद ३ अन्तर्गत तालिकाहरू १५,१६,१६क र १६ख मा उल्लेख गरिएको छ ।)*

## २.१२ गैर आवासीय भवन




पछिल्लो कृषिगणना २०७८ अनुसार, सन्दर्भ अवधिमा पशुचौपाया बाँध्ने/राख्ने गैर आवासीय भवन वा गोठ कटेरा प्रयोग गर्ने कृषक परिवार २६ लाख ७ हजार र गणनाको दिनमा यस्ता भवन (गोठ, कटेरा) को सङ्ख्या ३२ लाख ४५ हजार रहेको छ। कुखुरा हाँस जस्ता पाल्तुपन्छी राख्न खोर प्रयोग गर्ने कृषक परिवार १० लाख ६४ हजार र प्रयोग भईरहेका यस्ता खोरको सङ्ख्या ११ लाख ४५ हजार रहेको छ। बाली थन्क्याउन प्रयोग हुने घर/धन्सार प्रयोग गर्ने कृषक परिवार दुई लाख ८६ हजार र प्रयोग भएका यस्ता घर/धन्सारको सङ्ख्या तीन लाख १४ हजार रहेको छ। यी बाहेक अन्य कृषि प्रयोजनका लागि गैर आवासीय भवनको उपयोग गर्ने कृषक परिवार सङ्ख्या ८० हजार र प्रयोग भईरहेका यस्ता भवनको सङ्ख्या करीब ९१ हजार रहेको छ।

कृषिगणना २०६८ अनुसार, नेपालमा पशुचौपाया बाँध्ने/राख्ने गैर आवासीय भवन वा गोठ कटेरा भएका कृषक परिवार १८ लाख ८५ हजार र यस्ता भवन (गोठ, कटेरा) को सङ्ख्या २० लाख ६८ हजार रहेको थियो। कुखुरा हाँस जस्ता पाल्तुपन्छी राख्ने खोरका लागि प्रयोग भएका भवनको सङ्ख्या दुई लाख ६० हजार र बाली थन्क्याउने भकारी राख्न प्रयोग भएका घर/धन्सारको सङ्ख्या एक लाख २७ हजार तथा अन्य प्रयोजनका लागि उपयोग भै रहेका गैर आवासीय भवन सङ्ख्या एक लाख चार हजार थियो।


*(गैर आवासिय भवनसम्बन्धी विस्तृत विवरण परिच्छेद ३ अन्तर्गत तालिका १८ मा उल्लेख गरिएको छ ।)*

# २.१३ सहायक कृषि क्रियाकलाप

## २.१३.१ माछापालन

पछिल्लो दशकमा माछापालन कार्यमा उल्लेखीय बृद्धि भएको छ। खेतीपाती तथा पशुपन्छीको साथसाथै माछापालन पनि गरेका कृषक परिवारको सङ्ख्या कृषिगणना २०७८ अनुसार ४२ हजार रहेको छ। यी कृषक परिवारहरुले माछापालन गरेको पोखरीको जम्मा सङ्ख्या ४९ हजार र माछापालन गरिएका यी पोखरीहरुको जम्मा क्षेत्रफल १० हजार हेक्टर रहेको छ।

चित्र १२: कृषक परिवार, पोखरी सङ्ख्या र पोखरीको क्षेत्रफल (हजारमा)




तर खेतीपाती तथा पशुपन्छीको साथसाथै पोखरीमा माछापालन पनि गरेका कृषक परिवारको सङ्ख्या २०६८ सालमा १७ हजार मात्र थियो। यसैगरी यिनीहरुले माछापालन गरेको पोखरीको जम्मा सङ्ख्या २१ हजार र यी पोखरीको जम्मा क्षेत्रफल करिव दुई हजार पाँच सय हेक्टर रहेको थियो।

## २.१३.२ च्याउखेती

खेतीपातीको साथसाथै च्याउ खेती पनि गरेका कृषक परिवारको सङ्ख्या कृषिगणना २०७८ अनुसार करिब १८ हजार रहेको छ।

## २.१३.३ मौरीपालन

कृषिगणना २०७८ का अनुसार खेतीपातीको साथसाथै नेपालमा मौरीपालन पनि गर्ने कृषक परिवारको सङ्ख्या एक लाख ९७ हजार रहेको छ। यी कृषक परिवारहरुले पालन गरेको उन्नत मौरीको घार सङ्ख्या एक लाख १३ हजार र स्थानीय मौरीको घार सङ्ख्या तीन लाख ९७ हजार गरी जम्मा पाँच लाख १० हजार रहेको छ।

कृषिगणना २०६८ का अनुसार खेतीपातीको साथसाथै नेपालमा मौरीपालन पनि गर्ने कृषक परिवारको सङ्ख्या एक लाख २४ हजार मात्र रहेको थियो।

### २.१३.४ पुष्पखेती र नर्सरीखेती

कृषिगणना २०७८ अनुसार करिब १० हजार कृषक परिवारले छ सय हेक्टरमा खेतीपातीका साथसाथै पुष्पखेती वा वन, फलफूल वा फूलका बिरुवा उत्पादनका लागि नर्सरीखेती गरेको पाईएको छ।


*(सहायक कृषि क्रियाकलापसम्बन्धी विस्तृत विवरण परिच्छेद ३ अन्तर्गत तालिका १७ मा उल्लेख गरिएको छ ।)*

## २.१४ कृषि ऋण, बीमा र अनुदान

### २.१४.१ कृषि ऋण/थप ऋण तथा यसको स्रोत

यस गणना अनुसार कृषिकार्यका लागि ऋण लिने कृषक परिवारको जम्मा सङ्ख्या ४ लाख ८३ हजार रहेको छ। यो सङ्ख्या कुल कृषक परिवारको १२ प्रतिशत हो। गत कृषिगणना २०६८ का अनुसार यो सङ्ख्या ८ लाख ३६ हजार थियो जुन कुल कृषक परिवारको २२ प्रतिशत हुन्छ।

चित्र १३ः कृषि ऋण हुने कृषक परिवार सङ्ख्या (प्रतिशतमा)




यसरी ऋण लिएका मध्ये सबैभन्दा बढी अर्थात ३९ प्रतिशतले सहकारीबाट ऋण लिएका छन्। अघिल्लो कृषिगणनाका अनुसार यसरी ऋण लिएका मध्ये सबैभन्दा बढी अर्थात ३५ प्रतिशतले आफन्तबाट ऋण लिएका थिए।

कृषिकार्यका लागि ऋण आवश्यक छ भन्ने वा ऋण लिएकाको हकमा थप ऋणको आवश्यकता छ भन्ने कृषक परिवारहरुको सङ्ख्या १४ लाख १५ हजार रहेको छ। यो कुल कृषक परिवारको ३४ प्रतिशत हो। यसरी ऋण/थप ऋणको आवश्यकता छ भन्ने


कृषक परिवार मध्ये सबै भन्दा बढी अर्थात ३७ प्रतिशत कृषक परिवारले पशुपन्छीपालनका लागि यसप्रकारको ऋण आवश्यक छ भनी उल्लेख गरेका छन्।

गत कृषिगणना २०६८ का अनुसार कृषि कार्यका लागि नयाँ ऋण वा थप ऋणको आवश्यकता छ भन्ने कृषक परिवारको सङ्ख्या १६ लाख एक हजार (४२ प्रतिशत) थियो। ऋण आवश्यक छ भन्ने कृषक परिवार मध्ये ४५ प्रतिशत कृषक परिवारले पशुपन्छीपालनका लागि ऋण आवश्यक भएको बताएका थिए।

## २.१४.२ कृषि बीमा

कृषिगणना २०७८ अनुसार कृषि क्रियाकलापको बीमा गर्ने कृषक परिवारको जम्मा सङ्ख्या १ लाख ८२ हजार रहेको छ। यो कुल कृषक परिवारको ४ प्रतिशत हो। यसरी बीमा गर्ने कृषक परिवार मध्ये अधिकांश अर्थात ८४ प्रतिशत कृषक परिवारले पशुपन्छीपालनका लागि बीमा गरेको बताएका छन्।


चित्र १४: कृषक परिवारमा कृषि बीमाको अवस्था (प्रतिशतमा)




## २.१४.३ सरकारी अनुदान

सातौं कृषि गणना २०७८ का अनुसार कृषिकार्यका लागि सरकारी अनुदान प्राप्त गरेको छ भनी बताउने कृषक परिवारको जम्मा सङ्ख्या तीन लाख नौ हजार रहेको छ। यो सङ्ख्या कुल कृषक परिवार सङ्ख्याको ७ प्रतिशत हो। यसरी अनुदान प्राप्त गर्ने कृषक परिवार मध्ये सबैभन्दा बढी अर्थात ४६ प्रतिशतले यस्तो अनुदान रासायनिक मलका लागि प्राप्त गरेको बताएका छन्।

चित्र १५: कृषक परिवारमा सरकारी अनुदानको अवस्था (प्रतिशतमा)





*(कृषि ऋण, बीमा र अनुदानसम्बन्धी विस्तृत विवरण परिच्छेद ३ अन्तर्गत तालिकाहरू १९,२०,२१ र २२ मा उल्लेख गरिएको छ ।)*

## २.१५ वातावरण

### २.१५.१ कृषिवन

चित्र १६: कृषिवनको अभ्यास (प्रतिशतमा)




कृषि तथ्याङ्कको क्षेत्रमा पछिल्ला बर्षहरुमा कृषिवनसम्बन्धी तथ्याङ्कको आवश्यकता महशुस हुन थालेको छ। यसै परिवेशमा सातौं कृषिगणना २०७८ मा पहिलो पटक कृषिवनसम्बन्धी विवरणहरु सङ्कलन गरिएको थियो। यस कृषिगणनाको नतिजा अनुसार कृषिवनसम्बन्धी क्रियाकलाप गर्ने कृषक परिवारको जम्मा सङ्ख्या एक लाख सात हजार (३ प्रतिशत) रहेको छ। यी कृषक परिवारले चलन गरेको जम्मा जग्गामध्ये १९ हजार हेक्टर जग्गा कृषिवनले ढाकेको छ।

तर काठ, दाउरा लगायतका वनपैदावार उत्पादनका लागि निजी वनवनेलो लगाउने कृषक परिवारको सङ्ख्या चार लाख ७६ हजार र यस्ता वनवनेलोको क्षेत्रफल करिव ८१ हजार हेक्टर रहेको छ।

### २.१५.२ जग्गामा पुगेको क्षति


कृषिगणना २०७८ मा आफूले चलन गरेको जग्गामा भूक्षयबाट क्षति पुगेको बताउने कृषक परिवारको सङ्ख्या तीन लाख ४६ हजार रहेको छ। यो सङ्ख्या कुल कृषक परिवारको ८ प्रतिशत हो। यसरी नै आफ्नो जग्गामा भएको रासायनिक र भौतिक क्षतिसम्बन्धी विवरण उल्लेख गर्ने कृषक परिवारको सङ्ख्या क्रमशः ३२ हजार र तीन लाख ६२ हजार रहेका छन्। यो सङ्ख्या कुल कृषक परिवारको क्रमशः १ र ९ प्रतिशत हो। कृषक परिवार

अन्तर्गतको कुल जग्गाको ३ प्रतिशत जग्गालाई कुनै प्रकारको क्षति भएको बिवरण प्राप्त भएको छ। कृषिगणना २०६८ अनुसार यो २ प्रतिशत मात्र थियो।

### २.१५.३ माटो परीक्षण

कृषिगणना २०७८ मा पहिलो पटक कृषक परिवारहरुबाट माटो परीक्षणसम्बन्धी विवरण सङ्कलन गरिएको छ। यसरी सङ्कलित विवरण अनुसार गत तीन वर्षमा माटो परीक्षण गराउने कृषक परिवारको सङ्ख्या एक लाख छ हजार रहेको पाईएको छ। यो सङ्ख्या कुल कृषक परिवारको ३ प्रतिशत हो।

चित्र १७: माटो परीक्षणको अवस्था (प्रतिशतमा)





### २.१५.४ हरितगृह/टनेल पद्धतिबाट खेती

यसैगरी कृषिगणना २०७८ मा पहिलो पटक हरितगृह/टनेल पद्धतिबाट गरिएको खेतीसम्बन्धी विवरण सङ्कलन गरिएको छ। प्राप्त नतिजाअनुसार यस पद्धतिबाट ९७ हजार कृषक परिवार (२ प्रतिशत) ले पाँच हजार हेक्टर जग्गामा खेती गरेको पाईएको छ।

### २.१५.५ जलवायु परिवर्तन

कृषिगणना २०७८ मा पहिलो पटक सङ्कलन गरिएका वातावरणसम्बन्धी विवरणहरु मध्ये जलवायु परिवर्तनसम्बन्धी विवरण पनि एक हो। प्राप्त विवरण अनुसार आफूलाई जलवायु परिवर्तनका बारेमा थाहा छ भनी बताउने कृषक परिवारको सङ्ख्या १८ लाख ७ हजार (४४ प्रतिशत) छ। यसरी थाहा छ भनी बताउने कृषक परिवारमध्ये १६ लाख ३९

चित्र १८: जलवायु परिवर्तनको जानकारीको अवस्था (प्रतिशतमा)




हजार कृषक परिवार (९१ प्रतिशत) ले जलवायु परिवर्तनले आफ्नो कृषिकार्यमा प्रभाव पुऱ्याएको छ भनी बताएका छन्। जलवायु परिवर्तनले आफ्नो कृषिकार्यमा प्रभाव पुऱ्याएको छ भनी बताउने यी कृषक परिवारमध्ये सबैभन्दा बढी अर्थात १३ लाख ८७ हजार (८५ प्रतिशत) परिवारले यसबाट उत्पादनमा कमी भएको आफ्नो अनुभव सुनाएका छन्।

### २.१५.६ कृषि परिवारबाट निस्केको फोहोरको व्यवस्थापन

कृषिचलनबाट उत्पादित पात-पतिङ्गर लहरा डाँठ लगायतका कृषि अवशेष र रासायनिक मल, बिउबिजन, किटनाशक बिषादीका बोरा, प्याकेट, बोतल तथा बट्टा लगायतका फोहोरको व्यवस्थापन कृषक परिवारहरुले कसरी गर्ने गरेका छन् भनी कृषिगणना २०७८ मा पहिलो पटक वातावरणसम्बन्धी विवरण सङ्कलन गरिएको छ। कृषक परिवारले एक वा एकभन्दा बढी विधिले फोहोरको व्यवस्थापन गरेका हुन सक्दछन्। प्राप्त नतिजाअनुसार सबैभन्दा बढी अर्थात ५१ प्रतिशत कृषक परिवारहरुले यस प्रकारको फोहोरको व्यवस्थापन जलाएर गर्ने गरेको बताएका छन्। यसैगरी ४७ प्रतिशतले कम्पोष्ट बनाएर, ३१ प्रतिशतले गाडेर, १६ प्रतिशतले इन्धनको रुपमा प्रयोग गरेर र ५ प्रतिशतले फोहोर व्यवस्थापकलाई पठाएर व्यवस्थापन गर्ने गरेको बताएका छन्। अन्य तरिकाले व्यवस्थापन गर्ने र कुनै पनि तरीकाले व्यवस्थापन नगर्ने कृषक परिवार क्रमशः २२ र ९ प्रतिशत छन्।

**चित्र १९: कृषिजन्य फोहोरको व्यवस्थापन गर्ने कृषक परिवार (प्रतिशतमा)**





*(वातावरणसम्बन्धी विस्तृत विवरण परिच्छेद ३ अन्तर्गत तालिकाहरू २७,२८,२९ र ३० मा उल्लेख गरिएको छ ।)*

# २.१६ मुख्य कृषक

## २.१६.१ लिङ्गअनुसार मुख्य कृषक

मुख्य कृषक भनेको कृषक परिवारको कृषि कार्य सञ्चालनमा व्यवस्थापकीय कार्यको रेखदेख र नियन्त्रण गर्ने प्रमुख व्यक्ति हो। कृषिगणना २०७८ बाट प्राप्त नतिजाअनुसार अधिकांश (९० प्रतिशत) कृषक परिवारमा मुख्य कृषक नै परिवारमूली रहेको पाईएको छ। बाँकी १० प्रतिशत परिवारमा मुख्य कृषक बाहेक अर्को सदस्यलाई परिवारमूली मानिएको छ।

चित्र २०: लिङ्गअनुसार मुख्य कृषकको प्रतिशत




सातौं कृषिगणना २०७८ अनुसार जम्मा मुख्य कृषकहरुमध्ये १३ लाख ३८ हजार (३२ प्रतिशत) महिलाहरु रहेका छन्। दश वर्ष अगाडि २०६८ सालमा भने जम्मा मुख्य कृषकहरुमा महिला मुख्य कृषकको हिस्सा १९ प्रतिशत मात्र थियो।


महिला मुख्य कृषक भएका परिवारको जग्गाको आकार अक्सर साना रहेका छन् । कृषिगणना २०७८ मा महिला मुख्य कृषक भएका परिवारको जग्गाको सरदर आकार ०.३७ हेक्टर छ भने पुरुष मुख्य कृषक भएका परिवारको जग्गाको सरदर आकार ०.६२ हेक्टर छ।

कृषिगणना २०६८ अनुसार महिला मुख्य कृषक भएका परिवारको जग्गाको सरदर आकार ०.४४ हेक्टर थियो भने पुरुष मुख्य कृषक भएका परिवारको सरदर आकार ०.७१ हेक्टर थियो।

### २.१६.२ उमेर समुहअनुसार मुख्य कृषकको प्रतिशत

छैठौं कृषिगणना २०६८ मा २५ वर्षमुनि उमेरका मुख्य कृषकको हिस्सा ३.१ प्रतिशत थियो भने सातौं कृषिगणना २०७८ मा यो उमेरका मुख्य कृषकको हिस्सा २.६ प्रतिशतमा झरेको छ। यी दुई गणनाको तुलना गर्दा एक दशकको अवधिमा २५-३४ उमेर समुहका मुख्य कृषक १६.१ प्रतिशत बाट घटेर १४.९ प्रतिशत, ३५-४४ उमेर समुहका २६.७ प्रतिशतबाट घटेर २५.७ प्रतिशत र ४५-५४ उमेर समुहका पनि २५.१ प्रतिशतबाट केही घटेर २४.८ हुन आएको देखिन्छ। प्राप्त नतिजाअनुसार ५५-६४ उमेर समुहका मुख्य कृषक भने १७.६ प्रतिशतबाट केही बढेर १८.३ प्रतिशत भएका देखिन्छ। तर ६५ बर्षमाथि उमेरका मुख्य कृषक भने ११.४ प्रतिशतबाट बढेर १३.७ प्रतिशत भएका छन्।

चित्र २१: उमेर समुहअनुसार मुख्य कृषकको प्रतिशत





*(मुख्य कृषकसम्बन्धी विस्तृत विवरण परिच्छेद ३ अन्तर्गत तालिका २३ मा उल्लेख गरिएको छ ।)*

## २.१७ कृषि कामदार

छैठौं कृषिगणना २०६८ मा कृषिमा लागेका कामदारलाई तीन वर्गमा बाँडिएको थियो– स्थायी कामदार, अस्थायी (वा कामको चाप पर्दा मात्र काम लगाइएका) कामदार तथा पर्मपातमा काम गरेका कामदार। तर सातौं कृषिगणना २०७८ मा आएर यस बर्गमा समाजमा नयाँ प्रचलित 'ठेक्कामा लिने व्यक्तिले लगाएका कामदार' पनि समेटेर चार वर्गमा बाँडिएको छ। यस कृषिगणनाका अनुसार मुलुकभरमा जम्मा ३९ हजार कृषक परिवारले ७४ हजार पाँच सय स्थायी कामदार राखेका छन्। स्थायी कामदार मध्ये ४१ प्रतिशत कामदार महिला छन्।


चित्र २२: स्थायी रुपमा काम गर्ने कामदार संख्या (हजारमा)




छेठौं कृषिगणना २०६८ का अनुसार पनि मुलुकभरमा जम्मा ३९ हजार कृषक परिवारले मात्र स्थायी कामदार राखेका थिए भने यसरी राखिएका स्थायी कामदारको सङ्ख्या ७२ हजार तीन सय थियो। यी स्थायी कामदार मध्ये २८ प्रतिशत कामदार महिला थिए।

यो गणनाबाट प्राप्त नतिजाअनुसार देशभरमा जम्मा १८ लाख ३८ हजार कृषक परिवारले कृषि-वर्ष भित्र विभिन्न समयमा अस्थायी कामदार लगाएका छन्। अस्थायी कामदारले वर्षभरमा छ करोड ७७ लाख ९९ हजार दिन बराबर काम गरेका छन्। वर्ष भरमा जम्मा काम गरेको दिन सङ्ख्याको ६१ प्रतिशत दिन महिलाले काम गरेका छन्।

चित्र २३: अस्थायी तथा पर्ममा लगाईएका कामदार (व्यक्तिदिन लाखमा)



अघिल्लो कृषिगणना २०६८ को अनुसार देशभरमा जम्मा १५ लाख ४९ हजार कृषक परिवारले कृषि–वर्ष भित्र विभिन्न समयमा अस्थायी कामदार लगाएका छन्। अस्थायी कामदारले वर्षभरमा सात करोड १२ लाख ८३ हजार दिन बराबर काम गरेका थिए। वर्ष दिन भरमा जम्मा काम गरेको दिन सङ्ख्याको ५७ प्रतिशत दिन महिलाले काम गरेका थिए।

कृषि गणना २०७८ अनुसार पर्ममा काम लगाउने परिवारको सङ्ख्या १७ लाख ३८ हजार छ। पर्ममा काम गरेका कामदारले वर्षभरमा जम्माजम्मी तीन करोड ७३ लाख ३ हजार दिन बराबर काम गरेका छन् – सरदरमा एक कृषक परिवारले २१ दिन बराबर पर्ममा काम लगाएका छन्।

अघिल्लो कृषिगणना २०६८ अनुसार पर्ममा काम लगाउने कृषक परिवारको सङ्ख्या १८ लाख ८ हजार थियो। पर्ममा काम गरेका कामदारले वर्षभरमा जम्माजम्मी चार करोड ९१ लाख ४४ हजार दिन बराबर काम गरेका थिए – सरदरमा एक कृषक परिवारले २७ दिन बराबर पर्ममा काम लगाएका थिए।


कृषिकार्य ठेक्कामा लगाउने कृषक परिवारको सङ्ख्या (२०७८ सालमा) एक लाख एक हजार छ। ठेक्कामा लिने व्यक्तिले लगाएका कामदारले वर्षभरमा जम्माजम्मी २४ लाख ९३ हजार दिन बराबर काम गरेका छन्।

*(कृषि कामदारसम्बन्धी विस्तृत विवरण परिच्छेद ३ अन्तर्गत तालिका २४ मा उल्लेख गरिएको छ ।)*

## २.१८ कृषक परिवार जनसङ्ख्या

नेपालको बाह्रौं जनगणना २०७८ ले मुलुकभरमा जम्मा ६६ लाख ६७ हजार घर परिवार रहेको र यी घर परिवारमा दुई करोड ९१ लाख ६५ हजार जनसङ्ख्या रहेको देखाएको छ। त्यसपछि भएको नेपालको सातौं कृषिगणनाले मुलुकभरमा जम्मा ४१ लाख ३१ हजार कृषक परिवार


**चित्र २४: कृषक परिवारसम्बन्धी तुलनात्मक बिवरण (हजारमा)**



रहेको र यी परिवारमा एक करोड ९४ लाख ४८ हजार जना रहेको देखाएको छ।

यी दुई गणनाबाट प्राप्त नतिजाको आधारमा हिसाब गर्दा, नेपालका ६२ प्रतिशत परिवार कृषि कार्यमा लागेको देखिन्छ र ६७ प्रतिशत जनसङ्ख्या कृषक परिवार भित्र पर्दछ। यसै प्रकारका अघिल्ला दुई गणनाबाट प्राप्त नतिजाको आधारमा हिसाब गर्दा, यो प्रतिशत क्रमशः ७१ र ७८ रहेको थियो।

**चित्र २५: कृषिकार्यमा संलग्न परिवार (प्रतिशतमा)**





देशको सम्पूर्ण जनसङ्ख्यामा महिलाहरुको सङ्ख्या बढी छ भने कृषक परिवारमा पनि महिलाको सङ्ख्या नै बढी छ। यो भन्दा अघिल्लो कृषिगणना २०६८ ले कृषक परिवारमा पुरुषको सङ्ख्या बढी देखाएको थियो। जनगणना २०७८ अनुसार देशको घरपरिवारको आकार सरदर ४.४ जना छ भने कृषिगणना २०७८ अनुसार कृषक परिवारको आकार सरदर ४.७ जना छ। कृषिगणना २०६८ अनुसार कृषक परिवारको आकार सरदर ५.४ जना थियो।

*(कृषक परिवार जनसङ्ख्यासम्बन्धी विस्तृत विवरण परिच्छेद ३ अन्तर्गत तालिका २५ मा उल्लेख गरिएको छ ।)*

## २.१९ शैक्षिक स्थिति

शैक्षिक स्थितिका सन्दर्भमा पाँच बर्ष वा सो भन्दा माथिका कृषक परिवार भित्रका सदस्य मध्ये १७ प्रतिशत सदस्य निरक्षर छन्। तर कृषिगणना २०६८ मा निरक्षरको प्रतिशत २४ थियो। कृषिगणना २०७८ मा पाँच बर्ष वा सो भन्दा माथि उमेर समुह अन्तर्गतका अधिकतम तह

**चित्र २६: कृषक परिवार जनसंख्यामा साक्षरताको अवस्था (प्रतिशतमा)**



एसएलसी/एसईई उतिर्ण कृषक परिवारका सदस्य पाँच प्रतिशत र सोभन्दा माथिको तह उतिर्ण गर्ने १२ प्रतिशत छन्।

*(शैक्षिक स्थितिसम्बन्धी विस्तृत विवरण परिच्छेद ३ अन्तर्गत तालिका ३५ मा उल्लेख गरिएको छ ।)*

## २.२० पेशा रोजगारी

कृषिगणना २०७८ मा अधिकांश अर्थात ७९ प्रतिशत मुख्य कृषकले आफ्नो मुख्य पेशा कृषि नै हो भनेका छन् भने कृषिगणना २०६८ मा मुख्य पेशा कृषि हो भन्ने मुख्य कृषक ८१ प्रतिशत थिए।

मुख्य कृषक बाहेक कृषक परिवारका अन्य सदस्यको मुख्य पेशाको संरचना भने केही फरक छ। कृषक परिवारका १० वर्ष उमेर पुगेका अरु सदस्यहरु मध्ये ४३ प्रतिशतले मात्र आफ्नो मुख्य पेशा कृषि बताएका छन्। परिवारका यी सदस्यहरुमध्ये ४२ प्रतिशत सदस्यले आफूले कुनै आर्थिक काम नगरेको बताएका छन्। यसरी कुनै आर्थिक काम नगर्नुको कारण असक्ततता, वृद्धवृद्धा अवस्था, बिद्यार्थी आदी हुनसक्दछ।


समग्रमा भन्नुपर्दा कृषक परिवारका १० वर्ष उमेर पुगेका जम्मा सदस्यहरु मध्ये ५२ प्रतिशत सदस्यको मुख्य पेशा कृषि रहेको यो कृषिगणनाको नतिजाले देखाएको छ।

*(पेशा रोजगारीसम्बन्धी विस्तृत विवरण परिच्छेद ३ अन्तर्गत तालिका ३६ मा उल्लेख गरिएको छ ।)*

## २.२१ कृषि तालिम

कृषिसम्बन्धी तालिमले कृषक परिवारको सीप र क्षमता अभिवृद्धी भई उत्पादकत्वमा समेत सकारात्मक प्रभाव पार्दछ। कृषिगणना २०७८ मा पहिलो पटक कृषक परिवारका १० बर्ष वा सोभन्दा माथिका सदस्यबाट कृषि तालिमसम्बन्धी विवरण सङ्कलन गरिएको छ। प्राप्त विवरणका

**चित्र २७: तालिम लिएका कृषक परिवार सदस्य (प्रतिशतमा)**




अनुसार कृषक परिवारका नौ लाख ८५ हजार (६ प्रतिशत) सदस्यहरुले औपचारिक कृषि तालिम लिएको बताएका छन्।

*(कृषि तालिमसम्बन्धी विस्तृत विवरण परिच्छेद ३ अन्तर्गत तालिका २६ मा उल्लेख गरिएको छ ।)*

## २.२२ कृषि निर्णयमा सहभागिता

**चित्र २८: कृषि निर्णयमा सहभागिताको अवस्था (प्रतिशतमा)**




कृषिकार्यमा कृषक परिवारका सदस्यको सहभागितामूलक निर्णय प्रक्रियाले उनीहरुमा अपनत्वको भाव विकास हुनगई उत्पादकत्वमा समेत वृद्धि हुनजान्छ। कृषिगणना २०७८ मा पहिलो पटक कृषक परिवारका १० बर्ष वा सोभन्दा माथिका सदस्यबाट कृषि निर्णयसम्बन्धी उनीहरुको सहभागितामूलक प्रतिनिधित्वका बारेमा विवरण सङ्कलन गरिएको छ। प्राप्त नतिजाका अनुसार कृषक परिवारका ९८ लाख ७२ हजार (६० प्रतिशत) सदस्यहरुले कृषिकार्यसम्बन्धी निर्णयमा आफ्नो सहभागिता रहने गरेको बताएका छन्।


*(कृषि निर्णयमा सहभागितासम्बन्धी विस्तृत विवरण परिच्छेद ३ अन्तर्गत तालिका २६मा उल्लेख गरिएको छ ।)*

## २.२३ कृषि क्रियाकलापमा दिने सरदर समय

कृषि क्रियाकलापमा कृषक परिवारका सदस्यले दिने सरदर समयले उनीहरुको यस कार्य प्रतिको रुची, लगाव, समर्पण, ईमान्दारीता लगायतका बिषयवस्तुको मापन गर्नुका साथै वास्तविक कृषक परिवारको पहिचान स्थापित गर्न समेत मद्दत गर्दछ। सातौं कृषिगणना २०७८ का अनुसार १० बर्ष वा सोभन्दा माथिका कृषक परिवारका उपस्थित सदस्य मध्ये ३३ लाख ४५ हजार जना (२१ प्रतिशत) सदस्यले कृषिबर्षमा शतप्रतिशत समय कृषि

क्रियाकलापमा दिएको बताएका छन्। यसरी नै ३८ लाख २० हजार जना (२३ प्रतिशत) सदस्यले ६०%-९९% अर्थात अधिकांश समय दिएको, २८ लाख ४० हजार जना (१७ प्रतिशत) सदस्यले ४०%-५९% अर्थात लगभग आधा समय दिएको, ३२ लाख ६४ हजार जना (२० प्रतिशत) सदस्यले ४०% भन्दा घटी अर्थात आधाभन्दा कम समय दिएको र ३० लाख ७६ हजार जना (१९ प्रतिशत) सदस्यले कृषि क्रियाकलापमा कत्तिपनि समय नदिएको बताएका छन्।


**चित्र २९: कृषिकार्यमा दिने समयानुसार परिवारका सदस्यको संख्या (प्रतिशतमा)**




*(कृषि क्रियाकलापमा दिने सरदर समयसम्बन्धी विस्तृत विवरण परिच्छेद ३ अन्तर्गत तालिका २६मा उल्लेख गरिएको छ ।)*

## २.२४ कृषिउपजको बजार

**चित्र ३०: कृषि बजारसम्मको पहुँचको अवस्था**




बिगतका कृषिगणनामा जस्तै सातौं कृषिगणना २०७८ मा पनि कृषिउपजको बजारसम्म कृषक परिवारको पहुँचबारे सोधिएको थियो। देशभरका कृषक परिवारमध्ये आठ प्रतिशत


कृषक परिवारले कृषिउपज आफ्नो घरबाटै बिक्री गर्ने (साधनको आवश्यक नपर्ने) भनी बताएका छन्। सात प्रतिशत कृषक परिवारले मात्र कृषि उपज किनबेच गर्ने बजार घर नजिकै छ भनेका छन्। पैदल वा कुनैपनि साधनको प्रयोग गरेर ३० मिनेटभित्र कृषि उपज किनबेच गर्ने बजारसम्म पुग्न सक्ने कृषक परिवारको प्रतिशत ३१ छ। यसैगरी ३० देखि ५९ मिनेटसम्ममा कृषि उपज किनबेच गर्ने बजारसम्म पुग्न सक्ने कृषक परिवारको प्रतिशत २१ छ भने १ देखि २ घण्टा समय लाग्ने २४ प्रतिशत छन्। कृषि उपज किनबेच गर्ने बजारसम्म पुग्न २ घण्टाभन्दा बढी समय लाग्ने परिवारको प्रतिशत ९ छ।

*(यससम्बन्धी विस्तृत विवरण परिच्छेद ३ अन्तर्गत तालिका ३८ मा उल्लेख गरिएको छ ।)*

## २.२५ खाद्य पर्याप्तता

आफ्नै कृषि उत्पादनबाट भएको आम्दानीले वर्षभर परिवारलाई खान पुग्यो भन्ने ४५ प्रतिशत कृषक परिवार छन् भने वर्षभर परिवारलाई खान पुग्दैन भन्ने कृषक परिवार २२ लाख ७४ हजार (५५ प्रतिशत) छन्। कृषिगणना २०६८ अनुसार वर्षभर परिवारलाई खान पुग्दैन भन्ने कृषक परिवार ६० प्रतिशत थिए।

**चित्र ३१: खाध्य पर्याप्तताको अवस्था (प्रतिशतमा)**




खान पुग्दैन भन्ने परिवारमध्ये ४७ प्रतिशत परिवारले चार देखि छ महिनासम्म खान पुग्दैन भनेका छन्। यी मध्ये तीन महिना पनि खान पुग्दैन भन्ने परिवार २४ प्रतिशत छन्। गत कृषिगणनाका अनुसार यो प्रतिशत क्रमशः ४४ र १८ थियो।

खान नपुगेको अवस्थामा ६२ प्रतिशत परिवारले देश भित्र नै ज्याला मजदूरी गरेर खाद्य अभावको गर्जा टारेका छन भने १८ प्रतिशत परिवारले देश बाहिर गएर मजदूरी गरेको


बताएका छन्। यसैगरी १० प्रतिशतले आफ्नै गैर कृषि व्यवसायबाट र पाँच प्रतिशतले ऋण लिएर गर्जे टारेको बताएका छन्।

*(खाद्य पर्याप्ततासम्बन्धी विस्तृत विवरण परिच्छेद ३ अन्तर्गत तालिका ३४ मा उल्लेख गरिएको छ ।)*

## २.२६ अन्य विषयहरू

नेपालमा सबैजसो कृषक परिवारले एउटा मात्र कृषि चलन सञ्चालन गरेको पाइयो। एउटा परिवारले एक भन्दा बढी कृषिचलन बनाएर बिभिन्न कृषि कार्यहरु गरेको वा परिवारहरु मिलेर साझेदारीमा कृषि चलन चलाएको ज्यादै कम अर्थात दुई प्रतिशत मात्र पाइयो यधपी यो अघिल्लो कृषिगणनाको भन्दा सामान्य बढोत्तरी हो। अघिल्लो कृषिगणना २०६८ मा यस प्रकारका कृषिचलन एक प्रतिशत मात्र थिए।

**चित्र ३२: प्रमुख कृषि उत्पादनको उपयोग (प्रतिशतमा)**





सातौं कृषिगणना २०७८ मा अधिकांश (८८ प्रतिशत) कृषक परिवारले आफ्नो कृषिकार्यको मुख्य उत्पादन अन्न बाली भएको बताएका छन्। छ प्रतिशत कृषक परिवारले मुख्य उत्पादन तरकारी बाली बताएका थिए भने अरु ३.४ प्रतिशत कृषक परिवारले पशुपालन मुख्य कृषिकार्य भएको बताएका छन्।

छैठौं कृषिगणना २०६८ मा ९१ कृषक परिवारले आफ्नो कृषिकार्यको मुख्य उत्पादन अन्न बाली भएको बताएका थिए। चार प्रतिशत कृषक परिवारले मुख्य उत्पादन तरकारी बाली बताएका थिए भने अरु ३.५ प्रतिशत कृषक परिवारले पशुपालन मुख्य कृषिकार्य भएको बताएका थिए।


आफ्नो कृषिकार्यबाट भएको सबै उत्पादन परिवारको घरायसी उपभोगका लागि भएको बताउने कृषक परिवार ६९ प्रतिशत छन् भने सबै बिक्रीका लागि हो भनी बताउने मात्र एक प्रतिशत छन्। यसैगरी मुख्य घरायसी उपभोग र केही बिक्रीमा भन्ने कृषक परिवारको प्रतिशत २५ छ भने मुख्य बिक्री र केही घरायसी उपभोग भन्ने पाँच प्रतिशत छन्।

**चित्र ३३: कृषि कार्य दर्ताको अवस्था (प्रतिशतमा)**




कृषिगणनाको नतिजाले एक लाख ५१ हजार (चार प्रतिशत) कृषक परिवारले सरकारी निकायमा दर्ता गरी कृषिसम्बन्धी क्रियाकलाप सञ्चालन गरेको देखाएको छ। यी कृषक परिवार मध्ये सबै भन्दा बढी अर्थात ४५ प्रतिशत परिवारले पशुपालन व्यवसायका लागि यस्ता निकायमा दर्ता गरेको बताएका छन्।

**चित्र ३४: आम्दानीको मुख्य स्रोत कृषि हुने/नहुने कृषक परिवार (प्रतिशतमा)**





परिवारको आम्दानीको मुख्य स्रोत कृषि नै हो भन्ने कृषक परिवार ७० प्रतिशत छन्। छैठौं कृषिगणना २०६८ ले यो प्रतिशत ८३ देखाएको थियो।

कृषक परिवारको कुल आम्दानीमा कृषिकार्यबाट प्राप्त आम्दानीको अंश २५% भन्दा कम हुने परिवार १६ प्रतिशत, २५%-४९% हुने २३ प्रतिशत, ५०%-७४% हुने ३४ प्रतिशत र ७५% भन्दा बढी हुने २७ प्रतिशत रहेको यस गणनाको नतिजाले देखाएको छ।

देशभरका कृषक परिवार मध्ये १० लाख ५७ हजार परिवार (२६ प्रतिशत) ले कृषिकार्यका अतिरिक्त अन्य आर्थिक क्रियाकलाप पनि सञ्चालन गरेको बताएका छन्। सातौं

कृषिगणना २०६८ का अनुसार देशभरका कृषक परिवार मध्ये पाँच लाख ९४ हजार परिवार (१६ प्रतिशत) ले कृषिकार्यका अतिरिक्त अन्य आर्थिक क्रियाकलाप पनि सञ्चालन गरेको बताएका थिए। अन्य आर्थिक क्रियाकलाप सञ्चालन गर्ने कृषक परिवार मध्ये सबै भन्दा बढी अर्थात २२ प्रतिशत परिवारले थोक वा खुद्रा व्यापार व्यवसाय गरेका छन्।

**चित्र ३५: अन्य आर्थिक क्रियाकलाप सञ्चालन गरेका/नगरेका परिवार (प्रतिशतमा)**




*(यी विविध विषयहरूसम्बन्धी विस्तृत विवरण परिच्छेद ३ अन्तर्गत तालिकाहरू ३१,३२,३३ र ३७ मा उल्लेख गरिएको छ ।)*

# परिच्छेद ३

## तालिकाहरु

**तालिका १: कृषिचलनको संख्या, क्षेत्रफल र कित्ता, नेपाल, २०१८–२०७८**

| विवरण | २०१८ | २०२८ | २०३८ | २०४८ | २०५८ | २०६८ | २०७८ |
|---|---|---|---|---|---|---|---|
| **कृषिचलन संख्या (हजारमा)** | | | | | | | |
| कृषिचलन (जग्गा भएका) | १,५१८.० | १,७०७.३ | २,१८५.७ | २,७०३.९ | ३,३३७.४ | ३,७१५.६ | ३,९९९.३ |
| कृषिचलन (पशुपक्षीमात्र भएका) | २२.० | १३.९ | ८.२ | ३२.१ | २६.७ | ११५.५ | १३१.५ |
| जम्मा कृषिचलन (हजारमा) | १,५४०.० | १,७२१.२ | २,१९३.९ | २,७३६.० | ३,३६४.१ | ३,८३१.१ | ४,१३०.८ |
| **कृषिचलन (जग्गा भएका)** | | | | | | | |
| कृषिचलनको क्षेत्रफल (हजार हे.) | १,६८५.४ | १,६५४.० | २,४६३.७ | २,५९७.४ | २,६५४.० | २,५२२.५ | २,२१०.० |
| कृषिचलनको सरदर क्षेत्रफल (हे.) | १.१ | १.० | १.१ | १.० | ०.८ | ०.७ | ०.६ |
| कित्ता संख्या (हजारमा) | १०,३१८.२ | १२,२८२.५ | ९,५१६.४ | १०,८०६.२ | १०,९८७.४ | ११,९७९.० | ११,४३९.१ |
| कृषिचलनमा सरदर कित्ता संख्या | ६.८ | ७.२ | ४.४ | ४.० | ३.३ | ३.२ | २.९ |
| कित्ताको सरदर क्षेत्रफल (हे.) | ०.२ | ०.१ | ०.३ | ०.२ | ०.२ | ०.२ | ०.२ |
| | **दश वर्षको परिवर्तन (प्रतिशतमा)** | | | | | | |
| **कृषिचलन संख्या** | | | | | | | |
| कृषिचलन (जग्गा भएका) | .. | १२.५ | २८.० | २३.७ | २३.४ | ११.३ | ७.६ |
| कृषिचलन (पशुपक्षीमात्र भएका) | .. | –३६.८ | –४१.० | २९१.५ | –१६.८ | ३३२.७ | १३.८ |
| जम्मा कृषिचलन | .. | ११.८ | २७.५ | २४.७ | २३.० | १३.९ | ७.८ |
| **कृषिचलन (जग्गा भएका)** | | | | | | | |
| कृषिचलनको क्षेत्रफल | .. | -१.९ | ४९.० | ५.४ | २.२ | -५.० | -१२.४ |
| औषत कृषिचलन क्षेत्रफल | .. | -१२.६ | १६.५ | -१५.० | -१६.७ | -१५.० | -१८.७ |
| कित्ता संख्या | .. | १९.० | –२२.५ | १३.६ | १.७ | ९.० | -४.५ |
| प्रति कृषिचलन औषत कित्ता | .. | ५.९ | –३८.९ | -९.१ | -१७.५ | -२.४ | -११.२ |
| प्रति कित्ताको औषत क्षेत्रफल | .. | -१८.८ | १००.० | -७.७ | ०.० | -१२.५ | -८.० |

*(यहाँ प्रस्तुत तालिकाहरू १,२,३,६,७,७क र ७ख का विवरणहरू जग्गा भएका कृषक परिवारमा आधारित भएर तयार तथा प्रस्तुत गरिएकाले कुल कृषक परिवार (जग्गा भएका र पशुपन्छीमात्र पालेका) मा आधारित भई कृषक परिवार सङ्ख्या अन्तर्गतको क्षेत्रफल, कृषि चलनको जग्गाको आकार, जग्गाको उपयोग र उपभोग र बाली सघनतासँग सम्बन्धित परिच्छेद २ मा प्रस्तुत गरीएका विवरणहरू फरक पर्न सक्दछ।)*

***कृषिचलन:*** *एउटै व्यक्ति वा परिवारले वा निकायले रेखदेख (व्यवस्थापन) गरेको कृषि उत्पादनको एक आर्थिक एकाईलाई कृषिचलन भनिन्छ।*

***गणना प्रयोजनको लागि जग्गाको क्षेत्रफल वा पशुपक्षीको सङ्ख्या तल लेखिएबमोजिम भएमा मात्र कृषिचलन मानिएको छ :***

*(क) हिमाल र पहाडका जिल्लामा कम्तीमा ४ आना (०.०१२७२ हेक्टर) र तराइका जिल्लामा कम्तीमा ८ धुर (०.०१३५५ हेक्टर) क्षेत्रफल बाली लागेको जग्गा भएमा, वा*

*(ख) जुनसुकै उमेरका कम्तीमा १ वटा गाई-भैँसी पालेको भएमा, वा*

*(ग) कम्तीमा ५ वटा भेडा-बाखा, सुँगुर-बङगुरजस्ता चौपाया पालेको भएमा, वा*

*(घ) चल्ला र माउ गरी कम्तीमा २० वटासम्म चराचुरुङ्गी (कुखुरा, हाँस ) पालेको भएमा।*

**तालिका २ : कृषिचलनको आकारअनुसारको जग्गा चलन गर्ने परिवार संख्या र क्षेत्रफल, नेपाल, २०७८**

| कृषिचलनको आकार | कृषिचलन | | कृषिचलनको क्षेत्रफल | |
|---|---|---|---|---|
| | संख्या (हजारमा) | प्रतिशत | क्षेत्रफल (हजार हे. मा) | प्रतिशत |
| ०.१ हेक्टर भन्दा कम | ४२५.२ | १०.६ | २५.५ | १.२ |
| ०.१ हेक्टर – ०.२ हेक्टरभन्दा कम | ६४८.४ | १६.२ | ९६.३ | ४.४ |
| ०.२ हेक्टर – ०.५ हेक्टरभन्दा कम | १,४३०.१ | ३५.८ | ४७८.२ | २१.६ |
| ०.५ हेक्टर – १.० हेक्टरभन्दा कम | ९४५.३ | २३.६ | ६६०.२ | २९.९ |
| १.० हेक्टर – २.० हेक्टरभन्दा कम | ४२७.० | १०.७ | ५७६.३ | २६.१ |
| २.० हेक्टर – ३.० हेक्टरभन्दा कम | ८१.९ | २.० | १९४.२ | ८.८ |
| ३.० हेक्टर – ४.० हेक्टरभन्दा कम | २६.० | ०.६ | ८८.४ | ४.० |
| ४.० हेक्टर – ५.० हेक्टरभन्दा कम | ७.४ | ०.२ | ३२.८ | १.५ |
| ५.० हेक्टर – १०.० हेक्टरभन्दा कम | ७.० | ०.२ | ४४.९ | २.० |
| १०.० हेक्टर र सो भन्दा बढी | ०.९ | ०.० | १३.२ | ०.६ |
| **जम्मा कृषिचलन (जग्गा भएका)** | ३,९९९.३ | १००.० | २,२१०.० | १००.० |

## तालिका ३ : साना, मझौला र ठूला किसानअनुसार कृषिका प्रमुख सूचकहरु, नेपाल, २०७८

| सूचक | कृषिचलनको आकारअनुसार किसान | | | |
|---|---|---|---|---|
| | साना किसान | मझौला किसान | ठूला किसान | जम्मा |
| **सबै कृषिचलन** | | | | |
| कृषिचलन संख्या (हजारमा) | २६३५.३ | १३७२.३ | १२३.२ | ४१३०.८ |
| कृषकपरिवारको सरदर आकार | ४.४ | ५.१ | ६.४ | ४.७ |
| कृषि ऋण लिएका परिवार (प्रतिशतमा) | ९.४ | १५.२ | २२.० | ११.७ |
| **कृषिचलन (जग्गा चलनकमोत भएका परिवार)** | | | | |
| कृषिचलन संख्या (हजारमा) | २५०३.८ | १३७२.३ | १२३.२ | ३,९९९.३ |
| चलनकमोतको सरदर क्षेत्रफल (हे.) | ०.२ | ०.९ | ३.० | ०.६ |
| बाली सघनता | २.० | १.९ | १.८ | १.९ |
| अरुको हकको जग्गा चलनकमोत गर्ने परिवार (प्रतिशतमा) | १३.८ | २३.९ | २५.४ | १७.६ |
| अरुको हकको जग्गा चलनकमोत गरेको जग्गाको क्षेत्रफल ( प्रतिशतमा) | १०.२ | १५.३ | १६.२ | १४.१ |
| सिँचाईमा पहुँचभएका कृषक परिवार (प्रतिशतमा) | ६७.७ | ७७.७ | ८४.० | ७१.६ |
| सिँचित जग्गाको क्षेत्रफल (प्रतिशतमा) | ४९.४ | ५५.३ | ६१.० | ५४.७ |
| **कृषि औजार तथा साधनको प्रयोग गर्ने परिवार** (प्रतिशतमा) | | | | |
| फलामे हलो | १४.५ | २१.३ | २४.१ | १७.० |
| पाओर टिलर | १०.६ | १२.६ | १४.४ | ११.४ |
| ट्र्याक्टर | ३६.० | ४५.२ | ५७.० | ३९.७ |
| थ्रेशर | २४.७ | ३४.३ | ४३.५ | २८.४ |
| पम्पसेट | १३.३ | २१.६ | ३५.५ | १६.७ |
| स्प्रेयर | २३.७ | ३४.१ | ४६.९ | २७.९ |

***साना किसानः*** *०.५ हेक्टर क्षेत्रफलभन्दा कम क्षेत्रफलमा कृषिकार्य गर्ने किसान ।*

***मझौला किसानः*** *०.५ हेक्टर वा सो भन्दा बढी र २ हेक्टरभन्दा कम क्षेत्रफलमा कृषिकार्य गर्ने किसान ।*

***ठूला किसानः*** *२ हेक्टर वा सो भन्दा बढी क्षेत्रफलमा कृषिकार्य गर्ने किसान ।*

*नोटः पशुपक्षीमात्र भएका कृषिचलनहरुलाई साना किसानअर्न्तगत समावेश गरिएको छ ।*

## तालिका ४ : प्रदेशअनुसार कृषिचलनहरुको प्रमुख सूचकहरु, नेपाल, २०७८

| प्रदेश | कृषिचलन संख्या (हजारमा) | कृषिचलनको क्षेत्रफल (हजार हे.मा) | कृषिचलनको सरदर आकार (हे.) | धान | | मकै | | गहुँ | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | कृषिचलन संख्या (हजारमा) | क्षेत्रफल (हजार हे.मा) | कृषिचलन संख्या (हजारमा) | क्षेत्रफल (हजार हे.मा) | कृषिचलन संख्या (हजारमा) | क्षेत्रफल (हजार हे.मा) |
| कोशी | ७८६.१ | ५३२.९ | ०.६८ | ४५१.० | २७९.४ | ५९९.० | १७९.९ | १२६.४ | ४६.५ |
| मधेश | ७३८.३ | ४९२.५ | ०.६७ | ६४३.७ | ३८४.६ | ९९.६ | ३३.७ | ५२९.६ | २४७.६ |
| बागमती | ६६८.२ | २८२.३ | ०.४२ | ३६८.० | १०४.६ | ५७०.८ | १३८.१ | १५१.७ | २४.६ |
| गण्डकी | ४१२.७ | १७३.८ | ०.४२ | २४०.३ | ६०.९ | ३७४.५ | ६७.३ | ८५.५ | ११.१ |
| लुम्बिनी | ७६५.१ | ४२६.६ | ०.५६ | ५२०.६ | २४९.० | ४५२.३ | ७७.८ | ४९५.१ | १६८.८ |
| कर्णाली | ३०२.६ | ११७.४ | ०.३९ | १७२.७ | २९.२ | २५३.७ | ४०.१ | २६१.७ | ५१.० |
| सुदुरपश्चिम | ४५७.८ | १९२.९ | ०.४२ | ३६९.३ | १०८.८ | २५६.३ | २३.१ | ३९९.१ | १०४.६ |
| **नेपाल** | **४१३०.८** | **२२१८.४** | **०.५४** | **२७६५.५** | **१२१६.४** | **२६०६.१** | **५५९.९** | **२०४९.१** | **६५४.२** |

*नोटः यस तालिकामा कृषिचलनको सरदर क्षेत्रफल जम्मा कृषिचलनको संख्याको आधारमा गणना गरिएको छ ।*

**तालिका ५: जिल्लागत कृषिचलनको प्रमुख सूचकहरु विवरणहरु, नेपाल २०७८**

| जिल्ला | कृषिचलन संख्या | कृषिचलनको क्षेत्रफल (हे) | कृषि चलनको सरदर आकार (हे.) | धान | | मकै | | गहुँ | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | कृषिचलन संख्या | क्षेत्रफल (हे.) | कृषिचलन संख्या | क्षेत्रफल (हे.) | कृषिचलन संख्या | क्षेत्रफल (हे.) |
| ताप्लेजुङ | २४०३२ | २०२८४.८ | ०.८४ | ८,६०९ | ३७९८.९ | २१,९७८ | ६८४५.२ | ३,३०० | ६२५.४ |
| संखुवासभा | ३२३७२ | २५२७७.९ | ०.७८ | १६,४०९ | ६७९२.८ | २९,४६२ | ६३५६.१ | २,४१९ | २७३.९ |
| सोलुखुम्बु | २२७९७ | १५७८९.३ | ०.६९ | ४,०८९ | ११०४.६ | २०,२४२ | ४७३६.१ | १४,५१८ | २,०५९.४ |
| ओखलढुङ्गा | ३२४०८ | २२२८४.५ | ०.६९ | ११,४२७ | २५८६.४ | ३१,४०२ | ९९६४.५ | ८,९५२ | १,३६६.१ |
| खोटाङ | ३८१३१ | २५६१६.८ | ०.६७ | १७,६९६ | ६५४३.० | ३७,३५० | ११६६०.७ | ९,७२३ | १,८५२.८ |
| भोजपुर | ३४७८४ | २५७२६.९ | ०.७४ | १४,८१७ | ६७३१.० | ३२,९३६ | १०४०२.९ | २,९५८ | ३७७.७ |
| धनकुटा | ३१५२६ | २१७८०.८ | ०.६९ | ७,९५३ | ३३४७.७ | २८,५२६ | ८२१९.१ | ५७४ | ६०.१ |
| तेह्रथुम | १८६९८ | १५२२०.६ | ०.८१ | ७,५३४ | ३५९५.८ | १७,५२३ | ५८४८.१ | २,२४४ | ४४१.९ |
| पाँचथर | ३६७१८ | २५०४७.४ | ०.६८ | १०,६५८ | ३६५४.४ | ३५,२७८ | ९३९३.६ | ३,७४१ | ४४३.५ |
| इलाम | ६१८७४ | ५०८३०.८ | ०.८२ | १९,०८७ | ७५९०.२ | ५४,७६४ | ११३६६.६ | २,९४५ | ३९४.२ |
| झापा | १४८१३३ | ९४१६४.५ | ०.६४ | ११०,९११ | ८४०९५.० | १००,७५० | ३१९४५.५ | ३,०८८ | १,०२७.४ |
| मोरङ | १४५३१८ | ९८२३२.६ | ०.६८ | १०९,८२५ | ८५४४०.१ | ८६,६९६ | ३०८२०.३ | ३१,५८१ | १८,१११.३ |
| सुनसरी | ९७७७० | ६६४३८.८ | ०.६८ | ७१,३४८ | ४९२४१.१ | ४६,९१३ | १६८७१.१ | ३६,२२६ | १८,६७४.५ |
| उदयपुर | ६१५४६ | २६२४१.५ | ०.४३ | ४०,५९३ | १४८६८.२ | ५५,१९१ | १५४८७.२ | ४,११६ | ७५९.५ |
| सप्तरी | १०४६६० | ६७२९१.८ | ०.६४ | ९४,५५६ | ५६६१०.२ | ६,९६० | ९७३.७ | ७२,०५६ | २८,२५०.० |
| सिरहा | १०४९४३ | ७४०६३.१ | ०.७१ | ९३,०७२ | ५५९५२.२ | ४,८०३ | ११९९.३ | ७७,४०६ | ३३,४२१.४ |
| धनुषा | १०५२५५ | ६४८२५.५ | ०.६२ | ८८,६२४ | ४६३११.१ | ७,३८२ | १४९५.७ | ७९,१०८ | ३३,२७४.८ |
| महोत्तरी | ८७०६२ | ५९४१७.७ | ०.६८ | ७२,८१५ | ४२६३९.० | ६,७५८ | १३३६.८ | ६४,४६७ | ३०,१३७.७ |
| सर्लाही | १०५२३० | ७३२७१.३ | ०.७० | ८०,३९६ | ४५३२०.८ | ३०,४३१ | १३३१६.४ | ५७,३२७ | २७,४५६.६ |
| रौतहट | ८६८३५ | ५६९३५.५ | ०.६६ | ८०,१५९ | ४७९४६.२ | १३,४७६ | ४६५९.८ | ६८,०३२ | ३१,७१०.८ |
| बारा | ८४१३८ | ५२८१३.८ | ०.६३ | ७७,१८५ | ४८४३८.० | २५,१९५ | ९१६०.१ | ६०,१७२ | २९,८८०.५ |
| पर्सा | ६०२१७ | ४३८७८.४ | ०.७३ | ५६,८६६ | ४१३३५.२ | ४,५४९ | १५७७.० | ५१,००० | ३३,४७६.९ |
| दोलखा | ४०८९४ | २२४४४.६ | ०.५५ | | ३९९५.४ | ३६,८९२ | ७१५०.९ | २५,१६३ | ४,९१२.७ |

| जिल्ला | कृषिचलन संख्या | कृषिचलनको क्षेत्रफल (हे) | कृषि चलनको सरदर आकार (हे.) | धान | | मकै | | गहुँ | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | कृषिचलन संख्या | क्षेत्रफल (हे.) | कृषिचलन संख्या | क्षेत्रफल (हे.) | कृषिचलन संख्या | क्षेत्रफल (हे.) |
| | | | | १६,९९३ | | | | | |
| सिन्धुपाल्चोक | ६१८६५ | ३०९३३.० | ०.५० | ४०,३३८ | १०१७९.० | ५७,९०१ | १३६१०.१ | २३,४०७ | ४,२८७.२ |
| रसुवा | ९३१२ | ४४०२.९ | ०.४७ | ३,८०० | ६७७.८ | ७,८१८ | १५२६.१ | २,१२६ | २२८.७ |
| धादिङ | ६८७८० | ३०७१८.५ | ०.४५ | ३७,८९६ | १०२८४.४ | ६५,२८८ | १७७४२.७ | ८,४२० | १,००७.५ |
| नुवाकोट | ५६९१५ | २७२९०.१ | ०.४८ | ३९,६९१ | १४००५.० | ५०,९१६ | १३११२.६ | १५,१९९ | ३,५४७.६ |
| काठमाडौँ | ५०८५७ | ७४०५.९ | ०.१५ | १७,४८८ | २०११.२ | ३४,२०९ | १९०९.८ | १२,८३१ | १,२३४.७ |
| भक्तपुर | २५९८३ | ३८९५.८ | ०.१५ | १९,३५६ | १९४९.१ | १६,३१५ | ६६८.५ | १३,४६५ | १,१८८.८ |
| ललितपुर | २९९९१ | ६१७८.३ | ०.२१ | ११,५८८ | १२२९.८ | १९,१६० | २९४२.० | ६,३४३ | ४९७.१ |
| काभ्रेपलाञ्चोक | ६९९४१ | ३५३५७.७ | ०.५१ | ३०,२५५ | ६६१७.५ | ६५,३७३ | १७६१७.७ | ११,२८५ | १,५६३.८ |
| रामेछाप | ४१८६३ | २४७७२.१ | ०.५९ | १६,७३८ | ३८७७.८ | ३९,९९५ | १२२१७.५ | १४,८९२ | २,३५७.२ |
| सिन्धुली | ५४७३५ | २५०३८.५ | ०.४६ | ४०,०१० | ११९६६.३ | ५१,६९३ | १५२६३.१ | ६,६६२ | १,१५९.२ |
| मकवानपुर | ६७५२३ | २८२०७.५ | ०.४२ | २६,२७० | ८२०२.२ | ५९,१७७ | १८०६८.० | २,६०५ | ४०५.४ |
| चितवन | ८९५१९ | ३५६४७.३ | ०.४० | ६७,५३९ | २९५६२.८ | ६६,०१८ | १६२४०.५ | ९,२८५ | २,१९०.६ |
| गोरखा | ६००२८ | २६०९४.४ | ०.४३ | ३३,७३० | ८३२२.० | ५६,५६३ | १२१३८.१ | ७,८५७ | १,०५६.४ |
| मनाङ | ९५१ | ४८८.८ | ०.५१ | ११ | ०.३ | ३०७ | ४३.३ | ३५० | ३०.९ |
| मुस्ताङ | २३६६ | ११८२.५ | ०.५० | ४० | २.४ | ५२४ | ५०.७ | ७२३ | ११५.२ |
| म्याग्दी | २१७९२ | ८९५३.३ | ०.४१ | १०,१३१ | १९११.८ | २०,५९५ | ३५०२.० | १२,२६४ | १,६०३.१ |
| कास्की | ५३२२८ | १९१६३.८ | ०.३६ | ३२,४५१ | ९७०७.९ | ४४,६४८ | ५०४१.१ | ३,४४० | ३७५.६ |
| लमजुङ | ३१९१२ | ११०८३.२ | ०.३५ | २४,७८७ | ५६९९.७ | २९,२४६ | ४६०५.३ | १,२३५ | ११०.४ |
| तनहुँ | ५८५९५ | २६०९९.६ | ०.४५ | ३०,७४७ | ८९४८.६ | ५५,२०० | १०९७९.७ | ३,५१३ | ३४५.६ |
| नवलपरासी पूर्व | ५५४१२ | २१०८९.६ | ०.३८ | ३९,१६८ | १२६२४.५ | ४६,७४८ | १०३३८.५ | ८,९६३ | १,६४९.८ |
| स्याङजा | ५१५९२ | २४४५६.६ | ०.४७ | २८,८४१ | ६१८१.४ | ४८,८५९ | ९२४४.५ | १४,४६७ | २,०७६.५ |
| पर्वत | २५९९९ | ९५५१.८ | ०.३७ | २०,०२८ | ३६६३.४ | २३,९८६ | ३०९६.५ | ९,०५८ | ८४६.४ |
| बागलुङ | ५०८०२ | २५६०९.२ | ०.५० | २०,३६१ | ३८००.५ | ४७,८६० | ८२२८.८ | २३,६४६ | २,९०३.४ |
| रुकुम पूर्व | ११८४५ | ४७६२.४ | ०.४० | ६५५ | ७१.५ | ११,५८२ | २१३३.१ | ८,५१४ | १,१२१.३ |

| जिल्ला | कृषिचलन संख्या | कृषिचलनको क्षेत्रफल (हे) | कृषि चलनको सरदर आकार (हे.) | धान | | मकै | | गहुँ | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | कृषिचलन संख्या | क्षेत्रफल (हे.) | कृषिचलन संख्या | क्षेत्रफल (हे.) | कृषिचलन संख्या | क्षेत्रफल (हे.) |
| रोल्पा | ४६८४२ | २३६४०.७ | ०.५० | ७,९८६ | १२४८.१ | ४५,८९५ | १०५५६.२ | ३९,८३८ | ७,५७५.३ |
| प्यूठान | ५०७१७ | २२०७६.१ | ०.४४ | १८,९४४ | ३३३२.० | ४९,०७७ | ८७०४.० | ३८,३८९ | ६,७८९.७ |
| गुल्मी | ५५९११ | ३३८५५.२ | ०.६१ | १६,६१८ | ४५४४.८ | ५४,११५ | ११११०३.६ | १८,८५६ | २,५२७.१ |
| अर्घाखाँची | ४२४१८ | २५१६८.२ | ०.५९ | १२,५०९ | ३१९१.७ | ४१,३७६ | ६९४७.७ | ३२,३९० | ४,०८५.१ |
| पाल्पा | ४९७४२ | २८९५२.८ | ०.५८ | २४,३५० | ६६६८.३ | ४७,९८१ | १०८०४.७ | १९,०४९ | २,९२०.७ |
| नवलपरासी पश्चिम | ५५०९८ | ३०१२३.८ | ०.५५ | ५०,९८७ | २३५३४.४ | ११,००० | ११९३.५ | ३६,२३४ | १३,६४२.२ |
| रुपन्देही | ११७३३३ | ६५५५५.० | ०.५६ | १०९,८३१ | ५७०४९.१ | ३०,५७१ | ३३५१.० | ८८,४९६ | ४०,९७३.५ |
| कपिलवस्तु | ८४६७५ | ६१२१६.८ | ०.७२ | ८०,७७७ | ५३९६९.६ | २०,७१८ | १९९३.४ | ६७,२३८ | ३७,८८५.७ |
| दाङ | १०१८८० | ४९२७८.० | ०.४८ | ६५,०५० | २६८५८.२ | ८३,७५८ | १४७४१.५ | ४७,८१३ | ११,४९९.७ |
| बाँके | ६७८८५ | ३६८२८.३ | ०.५४ | ५९,३९५ | २८८९८.४ | २५,८४० | ३२०१.९ | ४६,६२६ | १८,३५५.९ |
| बर्दिया | ८०७४४ | ४५१५७.१ | ०.५६ | ७३,४७७ | ३९६१७.७ | ३०,३६९ | ३०४८.५ | ५१,६९४ | २१,४५०.१ |
| डोल्पा | ८३७३ | २६१२.३ | ०.३१ | ४७० | ३१.३ | ५,६२९ | ४२४.२ | ३,३०५ | ३३०.८ |
| मुगु | १०९२९ | ५५५६.० | ०.५१ | ७,२२४ | १२०६.४ | ४,१७३ | २५८.० | ७,९०० | १,४१५.१ |
| हुम्ला | ९७०७ | ४३०५.३ | ०.४४ | ६,१४१ | ७९६.१ | ५,१५५ | ३५९.५ | ७,०५३ | ९६२.६ |
| जुम्ला | २१५४८ | ६८९७.१ | ०.३२ | ११,९०६ | ८२९.७ | १२,२५४ | ६७१.७ | १५,३५२ | १,२५३.० |
| कालीकोट | २४४३२ | ८८८६.५ | ०.३६ | १९,६१६ | २५३७.६ | १८,७४२ | २४३१.३ | २३,४०५ | ४,९७६.५ |
| दैलेख | ४९६४६ | १९७५७.९ | ०.४० | ३२,९८८ | ५७०२.७ | ४७,३२६ | ८०२२.० | ४७,३२६ | ९,७५८.३ |
| जाजरकोट | ३३४३१ | १२५७२.६ | ०.३८ | १७,३८१ | २३६६.० | ३२,०४३ | ५८२३.७ | ३१,६५५ | ६,१४१.५ |
| रुकुम पश्चिम | ३२७७३ | १२२३९.८ | ०.३७ | ११,०७८ | १६०१.७ | ३१,०९१ | ५८४६.५ | ३१,२१७ | ६,००६.४ |
| सल्यान | ४९२७४ | २०४४४.३ | ०.४१ | २४,९२७ | ४७३७.३ | ४५,२२७ | ७४९१.९ | ४२,८२२ | ८,८४०.९ |
| सुर्खेत | ६२५२६ | २४१३९.२ | ०.३९ | ४०,९६५ | ९४३१.८ | ५२,०१६ | ८७५४.८ | ५१,६३२ | ११,३४०.५ |
| बाजुरा | २५२७९ | ६७९२.५ | ०.२७ | २२,१७७ | २२५४.२ | १५,३१३ | ७८८.२ | २४,६८४ | ३,८१२.६ |
| बभ्हाङ | ३५३३० | ९९४२.३ | ०.२८ | २७,११५ | ३८५१.२ | २०,६८१ | १८६९.८ | ३३,५२९ | ५,६०५.९ |
| दार्चुला | २४९३० | ११८०४.४ | ०.४७ | १४,५३७ | १८६९.४ | २३,२१० | ३९०२.९ | २३,४४१ | ४,४२१.४ |
| बैतडी | ४७२६२ | १९९२५.६ | ०.४२ | २४,२६९ | २९५६.४ | ४२,८७६ | ५४०९.८ | ४४,४६२ | ६,७७७.१ |

| जिल्ला | कृषिचलन संख्या | कृषिचलनको क्षेत्रफल (हे) | कृषि चलनको सरदर आकार (हे.) | धान | | मकै | | गहुँ | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | कृषिचलन संख्या | क्षेत्रफल (हे.) | कृषिचलन संख्या | क्षेत्रफल (हे.) | कृषिचलन संख्या | क्षेत्रफल (हे.) |
| डँडेलधुरा | २६९८४ | १०१९२.३ | ०.३८ | २१,९९९ | ३४९८.५ | १७,३४५ | १५३०.४ | २५,१०६ | ४,२४३.७ |
| डोटी | ३९५७२ | १२७९०.८ | ०.३२ | ३४,४०३ | ६८०१.५ | १६,४७४ | १२४४.३ | ३६,८५८ | ७,३०१.५ |
| अछाम | ४५२१४ | १६४५३.९ | ०.३६ | ३८,२२७ | ६०५०.५ | ३६,२२० | ३६११.५ | ४३,९५४ | ८,८५३.१ |
| कैलाली | १२७०१६ | ६२७३४.२ | ०.४९ | ११०,३६६ | ५२९४७.७ | ४३,२२५ | २९४२.७ | ९५,९१८ | ४०,१७४.९ |
| कञ्चनपुर | ८६१७० | ४२२४९.० | ०.४९ | ७६,२१२ | २८५७०.९ | ४०,९५६ | १७७३.५ | ७१,१८५ | २३,३८२.३ |
| **जम्मा** | **४,१३०,७८९** | **२,२१८,४१०** | **०.५४** | **२,७६५,४६७** | **१,२१६,३८७.७** | **२,६०६,०९५** | **५५९,९०९.३** | **२,०४९,०९१** | **६५४,१९४.३** |

**तालिका ६ : कृषिचलनले चलन गरेको जग्गाको उपयोग, नेपाल, २०१८–२०७८**

| भू–उपयोग | २०१८ | २०२८ | २०३८ | २०४८ | २०५८ | २०६८ | २०७८ |
|---|---|---|---|---|---|---|---|
| | क्षेत्रफल (हजार हे.मा) | | | | | | |
| कृषियोग्य जग्गा | १,६२६.४ | १,५९२.३ | २,३५९.२ | २,३९२.९ | २,४९७.७ | २,३६३.१ | १९८१.८ |
| खेतीयोग्य जग्गा | १,५९१.९ | १,५६७.० | २,२८७.५ | २,३२४.३ | २,३५७.० | २,१६२.१ | १८०१.५ |
| अस्थायी बाली लागेको जग्गा | १,५५०.५ | १,५३७.१ | २,२५०.२ | २,२८४.७ | २,३२६.१ | २,१२३.२ | १७३०.६ |
| अन्य खेतीयोग्य जग्गा | ४१.४ | २९.९ | ३७.३ | ३९.७ | ३०.९ | ३९.० | ७०.९ |
| स्थायी बाली लागेको जग्गा | १२.२ | १५.० | २९.२ | २९.४ | ११७.५ | १६८.५ | १४५.३ |
| स्थायी चौरचरन | २२.३ | १०.३ | ४२.५ | ३६.९ | १९.८ | २९.३ | ३५.० |
| निजि बनबनेलो | १३.८ | ४.७ | १५.० | १०८.८ | ३७.२ | ५४.९ | ८०.२ |
| पोखरी | – | – | – | ३.९ | ३.५ | ३.२ | ११.६ |
| अन्य जग्गा | ४५.२ | ५७.१ | ८९.५ | ९६.२ | ११९.२ | १०७.० | १३६.४ |
| जम्मा क्षेत्रफल (जग्गा भएका) | १,६८५.४ | १,६५४.० | २,४६३.७ | २,५९७.४ | २,६५४.० | २,५२२.५ | २२१०.० |
| | प्रतिशतमा | | | | | | |
| कृषियोग्य जग्गा | ९६.५ | ९६.३ | ९५.८ | ९२.१ | ९४.१ | ९३.७ | ८९.७ |
| खेतीयोग्य जग्गा | ९४.५ | ९४.७ | ९२.८ | ८९.५ | ८८.८ | ८५.७ | ८१.५ |
| अस्थायी बाली लागेको जग्गा | ९२.० | ९२.९ | ९१.३ | ८८.० | ८७.६ | ८४.२ | ७८.३ |
| अन्य खेतीयोग्य जग्गा | २.५ | १.८ | १.५ | १.५ | १.२ | १.५ | ३.२ |
| स्थायी बाली लागेको जग्गा | ०.७ | ०.९ | १.२ | १.१ | ४.४ | ६.७ | ६.६ |
| स्थायी चौरचरन | १.३ | ०.६ | १.७ | १.४ | ०.७ | १.२ | १.६ |
| निजि बनबनेलो | ०.८ | ०.३ | ०.६ | ४.२ | १.४ | २.२ | ३.६ |
| पोखरी | – | – | – | ०.२ | ०.१ | ०.१ | ०.५ |
| अन्य जग्गा | २.७ | ३.५ | ३.६ | ३.७ | ४.५ | ४.२ | ६.२ |

**तालिका ७ : जग्गाको स्वामित्वअनुसार जग्गा कमाउने परिवार संख्या तथा कमाएको जग्गाको क्षेत्रफल, नेपाल, २०४८–२०७८**

| स्वामित्वको प्रकार | २०४८ | २०५८ | २०६८ | २०७८ |
|---|---|---|---|---|
| | कृषक परिवारको संख्या (हजारमा) | | | |
| **एक प्रकारको स्वामित्व** | **२,३०३.३** | **२,९३९.६** | **३,१७४.९** | **३३१३.९** |
| परिवारको हकको जग्गामात्र कमाउने | २,२३९.१ | २,८९६.२ | ३,१३४.५ | ३२५२.५ |
| अरुको हकको जग्गामात्र कमाउने | ४७.० | ३५.५ | ३२.१ | ५३.९ |
| अन्य प्रकारको उपभोगअर्न्तगत | १७.३ | ७.९ | ८.३ | ७.५ |
| **एकभन्दा बढी प्रकारको स्वामित्व** | **४००.६** | **३९७.९** | **५४०.६** | **६८५.३** |
| **जम्मा (जग्गा भएका)** | २,७०३.९ | ३,३३७.४ | ३,७१५.६ | ३९९९.३ |
| | कमाएको जग्गाको क्षेत्रफल (हजार हे.मा) | | | |
| **एक प्रकारको स्वामित्व** | **२,१५२.७** | **२,२४१.१** | **२,०३८.०** | **१७२४.०** |
| परिवारको हकको जग्गामात्र कमाउने | २,१०९.५ | २,२१२.८ | २,०११.४ | १६९३.३ |
| अरुको हकको जग्गामात्र कमाउने | ३६.१ | २६.३ | २४.३ | २८.५ |
| अन्य प्रकारको उपभोगअर्न्तगत | ७.१ | २.० | २.२ | २.२ |
| **एकभन्दा बढी प्रकारको स्वामित्व** | **४४४.७** | **४१२.९** | **४८४.६** | **४८६.०३** |
| जम्मा (**जग्गा भएका**) | २,५९७.४ | २,६५३.९ | २,५२२.५ | २२१०.० |

**तालिका ७ क : जग्गाको स्वामित्वअनुसार जग्गा कमाउने परिवार संख्या तथा क्षेत्रफल, नेपाल २०७८**

| स्वामित्वको प्रकार | परिवार संख्या (हजारमा) | क्षेत्रफल (हजार हे.मा) | | | |
|---|---|---|---|---|---|
| | | **आफ्नो हकको** | **अरुको हकको** | **अन्य प्रकारको** | **जम्मा** |
| **एक प्रकारको स्वामित्व** | **३३१३.९** | **१६९३.३** | **२८.५** | **२.२** | **१७२४.०** |
| परिवारको हकको जग्गामात्र कमाउने | ३२५२.५ | १६९३.३ | .. | .. | १६९३.३ |
| अरुको हकको जग्गामात्र कमाउने | ५३.९ | .. | २८.५ | .. | २८.५ |
| अन्य प्रकारको उपभोगअर्न्तगत | ७.५ | .. | .. | २.२ | २.२ |
| **एकभन्दा बढी प्रकारको स्वामित्व** | **६८५.३** | **१९५.८** | **२८२.५** | **७.८** | **४८६.०** |
| जम्मा (**जग्गा भएका**) | ३९९९.३ | १८८९.१ | ३११.० | ९.९ | २२१०.० |

**तालिका ७ ख: जग्गा कमाएको शर्तको आधारमा जग्गा कमाउने परिवार र कमाएको जग्गाको क्षेत्रफल, नेपाल, २०७८**

| जग्गा कमाएको शर्त | जग्गा कमाउने कृषक परिवार | | कमाएको जग्गा | |
|---|---|---|---|---|
| | संख्या (हजारमा) | प्रतिशत | संख्या (हजारमा) | प्रतिशत |
| नगद तिर्ने गरी | १८९.४ | २४.५ | ७२.१ | २३.१ |
| जिन्सी तिने गरी | ६६.४ | ८.६ | ३८.५ | १२.३ |
| बाली बाड्ने गरी | ३४४.० | ४४.५ | १६१.३ | ५१.७ |
| सेवा मजदुरीबापत | ११.० | १.४ | २.४ | ०.८ |
| भोग बन्धक | १०६.० | १३.७ | २६.९ | ८.६ |
| अन्य शर्तअर्न्तगत | ५७.१ | ७.४ | ११.० | ३.५ |
| जम्मा (जग्गा भएका) | ७७३.९ | १००.० | ३१२.३ | १००.० |

***नोटः** कुनै कृषकपरिवारले एकभन्दा बढी शर्तका आधारमा कमाएका छन ।*

**तालिका ८ : सिंचाईको श्रोत अनुसार कृषक परिवार संख्या र क्षेत्रफल, नेपाल २०६८ र २०७८**

| सिंचाईको श्रोत | कृषिगणना | |
|---|---|---|
| | २०६८ | २०७८ |
| नदी/तलाउ (स्वतः वहाब) | १२८१.६ | ११४२.२ |
| नदी/तलाउ (तान्नु पर्ने) | २१८.३ | ४२७.१ |
| बाँध/रिजर्भ्वायर | ३५१.९ | २५९.३ |
| टेयुबवेल/बोरिङ्ग | ६७०.७ | १०५२.३ |
| अन्य | २०३.२ | ३६३.० |
| मिश्रित | ५८.१ | १२१.४ |
| | | |
| जग्गा सिंचाई गरेका कृषक परिवार (२०६८) | | २४७२.३ |
| जग्गा सिंचाई गरेका कृषक परिवार (२०७८) | | २८८९.१ |
| जग्गा कृषक परिवार (२०७८) | | ४१३०.८ |
| **सिंचित क्षेत्रफल (हजार हे.मा)** | | |
| नदी/तलाउ (स्वतः वहाब) | ५१४.१ | ३४१.५ |
| नदी/तलाउ (तान्नु पर्ने) | ११३.० | १५५.४ |
| बाँध/रिजर्भ्वायर | २०८.१ | ९१.३ |
| टेयुबवेल/बोरिङ्ग | ३९१.८ | ५०३.९ |
| अन्य ............... | ५५.७ | ७६.२ |
| मिश्रित | ३०.७ | ४०.९ |
| | | |
| सिँचित क्षेत्रफल (२०६८) | | १३१३.४ |
| सिँचित क्षेत्रफल (२०७८) | | १२०९.३ |
| कृषिचलनको जम्मा क्षेत्रफल (२०७८) | | २२१८.४ |

**तालिका ९: अस्थायी  बालीलगाएका कृषक परिवार संख्या तथा बालीलागेको क्षेत्रफल, नेपाल, २०४८–२०७८**

| अस्थायी बाली | कृषक परिवार संख्या (हजारमा) | | | | बालीलागेको क्षेत्रफल (हजार हे.मा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | २०४८ | २०५८ | २०६८ | २०७८ | २०४८ | २०५८ | २०६८ | २०७८ |
| खाद्यान्न बाली | २,६४९.० | ३,२२१.६ | ३,५९१.३ | ३८५४.२ | ३,२५१.७ | ३,४२३.० | ३,१२१.९ | २५८६.० |
| धान | २,०३७.५ | २,४६६.१ | २,६७९.३ | २७६५.५ | १,४८१.२ | १,५४४.६ | १,४५६.० | १२१६.४ |
| गहुँ | १,६३६.५ | १,९३४.३ | २,०३३.४ | २०४९.१ | ६३३.१ | ७९३.५ | ७४९.४ | ६५४.२ |
| मकै | १,८७५.६ | २,१०७.० | २,४१०.१ | २६०६.१ | ७६८.७ | ७६९.४ | ६७३.७ | ५५९.८ |
| कोदो | १,०६५.८ | १,०६०.० | १,०३६.७ | ८६८.१ | ३०१.५ | २५०.५ | २००.९ | १२२.१ |
| जौ/उवा | २७९.३ | २५१.० | २२०.७ | २९६.५ | ४६.२ | ३९.३ | २५.७ | २३.३ |
| फापर | ९५.५ | १११.४ | ९५.५ | ८५.४ | १६.३ | २०.८ | १२.६ | ८.१ |
| अन्य खाद्यान्न बाली | ३३.८ | ३५.९ | ३५.३ | २४.१ | ४.७ | ४.९ | ३.६ | २.२ |
| कोसे/दाल बाली | १,१९१.६ | १,३६२.२ | १,६२१.३ | १८१०.८ | ३४०.४ | ३७९.४ | २९८.२ | १९९.८ |
| कन्दमूल बाली | ८१४.५ | ९५०.० | १,७३८.६ | १८८५.१ | ७९.२ | ९२.५ | १११.२ | १०४.७ |
| तेल बाली | १,०१३.२ | १,०२१.३ | १,२५९.८ | १२१८.३ | २६०.१ | २१४.२ | १८६.१ | १८०.१ |
| नगदे बाली | १६९.२ | १२४.६ | १४९.३ | ११९.५ | ६२.९ | ६०.६ | ६७.७ | ४४.६ |
| मसला बाली | ३३६.४ | ४७३.४ | १,४७१.९ | १८००.१ | २९.३ | ४०.७ | ४३.५ | ५६.७ |
| तरकारी बाली | ७६३.१ | ९७७.५ | १,९३०.८ | १९४८.१ | ३९.५ | ६०.० | ८४.३ | १०७.४ |
| | | | | | | | | |
| अस्थायी बाली लगाएका कृषिचलन | २,७०१.९ | ३,३०६.३ | ३,७०८.१ | ३९८५.५ | .. | .. | .. | |
| जम्मा कृषक परिवार चलनकमोत भएका | २,७०३.९ | ३,३३७.४ | ३,७१५.६ | ३९९९.३ | .. | .. | .. | |
| सवै अस्थायीबालीको क्षेत्रफल | .. | .. | .. | | ४,०६३.० | ४,२१५.७ | ३,९२२.१ | ३२९८.८ |

***अस्थायीबाली:*** *एक वर्षको अवधिभित्र उत्पादन गरी बाली भित्रयाउने र अर्को बालीका लागि पुन: खनजोत गरी लगाउनु पर्ने किसिमका बालीहरू ।*

**तालिका १० : बाली सघनता, नेपाल, २०४८–२०७८**

| विवरण | २०४८ | २०५८ | २०६८ | २०७८ |
|---|---|---|---|---|
| खेतियोग्य जग्गा (हजार हे.मा) | २३२३.४ | २३५७.० | २१६२.८ | १८०३.८ |
| अस्थायी बालीले ओगटेको जग्गाको क्षेत्रफल (हजार हे.मा) | २२८४.६ | २३२६.१ | २१२३.३ | १७३१.० |
| अस्थायी बाली लागेको क्षेत्रफल (हजार हे.मा) | ४०६३.० | ४२५१.७ | ३९२२.१ | ३२९८.८ |
| बाली सघनता* | १.८ | १.८ | १.८ | १.९ |

**बाली सघनता:** वर्षभर लगाइएका *अस्थायी बालीहरुको जम्मा क्षेत्रफल/अस्थायी बालीले ओगटेको जग्गाको क्षेत्रफल*

**तालिका ११: अस्थायी बाली लगाएको क्षेत्रफल, नेपाल, २०६८ र २०७८**

| विवरण | २०६८ | २०७८ |
|---|---|---|
| एकप्रकारको अस्थायी बाली | ३७०३.६ | ३०२५.० |
| मिश्रित अस्थायी बाली* | २१७.२ | २७०.४ |
| जम्मा अस्थायी बाली | ३९२२.१ | ३२९८.८ |

** दुई वा दुईभन्दा बढी अस्थायी बालीहरु सँगसँगै लगाएको ।*

**तालिका १२: कृषि औजार तथा साधनको प्रयोग, नेपाल, २०७८**

| कृषि औजार तथा साधनको किसिम | कृषि औजार तथा साधनको प्रयोग गरेका कृषिचलन संख्या (हजारमा) | प्रतिशत | कृषक परिवारसंग भएका औजार संख्या (हजारमा) |
|---|---|---|---|
| फलामे हलो | ७०२.८ | १७.० | ५०९.८ |
| पाओर टेलर | ४७१.३ | ११.४ | ११८.० |
| स्यालो ट्युबवेल | ४९०.० | ११.९ | ४१८.८ |
| डिप ट्युबवेल | ३३१.३ | ८.० | २२८.१ |
| रोअर/ढिकी पम्प | ५१.१ | १.२ | २२.३ |
| ट्र्याक्टर | १६३८.८ | ३९.७ | ५८.५ |
| थ्रेसर | ११७५.१ | २८.४ | ११४.९ |
| पम्पसेट | ६९०.६ | १६.७ | ३९९.८ |
| पशुद्धारा चलाइने गाडा | १५२.४ | ३.७ | ७३.८ |
| स्प्रेयर | ११५०.८ | २७.९ | ७७०.२ |
| दुध दुहुने मेशिन | ३०.० | ०.७ | ३.४ |

**तालिका १३: कृषि सामग्रीहरुको प्रयोगअनुसार प्रमुख बाली लगाएका कृषक परिवार, नेपाल, २०४८–२०७८**

| बाली | बाली लगाएका कृषक परिवार (हजारमा) | | | | उन्नत/वर्णशंकर बीउ प्रयोग गरेका परिवार (प्रतिशतमा) | | | | किटनाशक विषादी प्रयोग गरेका परिवार (प्रतिशतमा) | | | | रासायनिक मल प्रयोग गरेका परिवार (प्रतिशतमा) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | २०४८ | २०५८ | २०६८ | २०७८ | २०४८ | २०५८ | २०६८ | २०७८ | २०४८ | २०५८ | २०६८ | २०७८ | २०४८ | २०५८ | २०६८ | २०७८ |
| धान | २०३७.५ | २४६६.१ | २६७९.३ | २७६५.५ | २४.० | २५.३ | ३१.८ | ४३.७ | १३.२ | २५.३ | २९.० | ४४.६ | ४८.८ | २०.५ | ८८.० | ७५.९ |
| गहुँ | १६३५.८ | १९३५.१ | २०३३.४ | २०४९.१ | ३०.७ | ३०.० | ३१.२ | ३३.१ | ५.४ | ८.९ | १६.४ | २८.३ | ५२.४ | ६४.४ | ६३.९ | ५८.५ |
| मकै | १८७२.६ | २१०७.३ | २४१०.० | २६०६.१ | ११.९ | १५.४ | १८.१ | २५.० | २.८ | १५.४ | ८.७ | २२.८ | २२.६ | ३८.६ | ४५.१ | ४८.६ |
| आलु | ७३४.७ | ८२०.५ | १६३९.५ | १७७८.३ | १७.९ | २७.१ | २८.२ | ३६.३ | १०.७ | २०.३ | २७.९ | ३६.१ | ३०.५ | ४४.५ | ४२.७ | ४३.७ |
| तरकारी | ९८६.५ | ९६३.७ | १९३०.४ | १९७७.६ | ५४.९ | ३०.३ | २४.६ | ३५.४ | ५.५ | १६.४ | १५.९ | २६.७ | १४.२ | ३२.२ | २१.९ | २३.३ |
| जम्मा | २७०३.९ | ३३३७.४ | ३७१५.६ | ४१३०.८ | .. | .. | .. | .. | .. | .. | .. | .. | .. | .. | .. | .. |

**तालिका १४ : फलफूलका रुख/बोट लगाएका कृषक परिवार संख्या तथा बाली लागेको क्षेत्रफल, नेपाल २०५८–२०७८**

| बाली | कृषक परिवार संख्या (हजारमा) | | | | बगैचाको रुपमा लगाइएको क्षेत्रफल (हजार हे.मा) | | | | छरिएका रुख संख्या (हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | २०४८ | २०५८ | २०६८ | २०७८ | २०४८ | २०५८ | २०६८ | २०७८ | २०४८ | २०५८ | २०६८ | २०७८ |
| सुन्तला | २७७.५ | २६५.९ | २८३.० | ३६३.४ | २.४ | ३.२ | ६.० | ६.५ | ७८८.४ | ११००.१ | ११२८.३ | १७६८.३ |
| जुनार | | २३.८ | ३३.० | ३४.८ | ०.० | ०.५ | ०.२ | ०.३ | ०.० | ७७.१ | १०१.१ | ९८.२ |
| कागती | १९०.० | १९१.९ | २२९.५ | ५००.६ | ०.४ | ०.६ | ०.४ | २.८ | ४२१.१ | ४४९.६ | ४४०.२ | १४४८.२ |
| आँप | ४५९.५ | ५६५.७ | ८७०.६ | १२२८.१ | १५.२ | १८.५ | १७.९ | १९.८ | ८३२.९ | १६२२.५ | २३३०.० | ३७२८.३ |
| केरा | ५३४.९ | ४६७.४ | ६१०.३ | ७१०.७ | २.१ | ३.१ | ४.९ | ७.९ | ३७९९.१ | ३३१४.१ | ४३४३.३ | ५३४४.९ |
| स्याउ | ५४.४ | ३५.० | ४९.९ | ६७.२ | ०.६ | १.४ | १.७ | ३.१ | १८४.३ | १६६.९ | १७९.९ | ४६०.७ |
| स्थायी बाली लागएका कृषक परिवार | | | | | | | | | | | | |
| बगैचाको रुपमा लगाइएको वा छरिएको | १३१४.५ | १३५७.८ | २३१६.२ | २५००.५ | .. | .. | .. | .. | .. | .. | .. | .. |
| जम्मा कृषिचलन (जग्गा भएका) | २७०३.९ | ३३३७.४ | ३७१५.६ | ३९९९.३ | .. | .. | .. | .. | .. | .. | .. | .. |
| बँगैचाको रुपमा लगाइएको स्थायीबालीको क्षेत्रफल | | | | | | | | | | | | |
| फल लाग्ने उमेरको रुख संख्या | .. | .. | .. | .. | २१.८ | २६.५ | ५८.१ | ६९.० | .. | .. | .. | .. |
| फल नलाग्ने उमेरको रुख संख्या | .. | .. | .. | .. | ७.६ | ६.७ | ११०.४ | ७६.३ | .. | .. | .. | .. |
| जम्मा | .. | .. | .. | .. | २९.४ | ३३.२ | १६८.५ | १४५.४ | .. | .. | .. | .. |

**तालिका १५: पशुपन्छीपालन गर्ने कृषक परिवार तथा पशुपक्षीको संख्या, नेपाल, २०४८–२०७८**

| पशुपन्छीको प्रकार | पशुपन्छी पालेका कृषक परिवार (हजारमा) | | | | पशुपन्छी संख्या (हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | २०४८ | २०५८ | २०६८ | २०७८ | २०४८ | २०५८ | २०६८ | २०७८ |
| गाई | २०६७.१ | २२९७.१ | २२८०.५ | १७०८.४ | ७३५९.३ | ७२१५.२ | ६४३०.४ | ४५५९.३ |
| चौरी | ९.० | १४.२ | ८.६ | ९.९ | ५८.६ | ९५.४ | ४८.९ | ५३.२ |
| भैंसी | १३०७.८ | १५८६.८ | १६६८.८ | १४१७.० | ३११६.३ | ३४७७.७ | ३१७४.४ | २९२३.१ |
| बाख्रा | १३८२.८ | १६८६.४ | २३०५.९ | २४५१.६ | ५५१५.५ | ६९३२.९ | १०९९०.१ | १४२४२.२ |
| भेडा | ९२.४ | ६७.७ | ८५.५ | ७२.७ | ६०२.८ | ४७१.२ | ६०८.१ | ४७८.२ |
| सँगुर/बंगुर | २६७.५ | २२७.८ | ३८१.८ | ४२२.५ | ४९५.८ | ६३२.६ | ८१८.५ | १३५७.५ |
| कुखुरा | १४००.४ | १५९४.४ | १८०८.६ | १७९९.१ | १२३३३.१ | १७६३१.३ | २६२६७.८ | ४५११८.२ |
| हाँस | ९२.६ | ११०.१ | १०८.९ | १९०.६ | २८०.३ | ३९३.१ | ४२९.९ | १३२६.० |
| परेवा | २१५.८ | २०२.१ | १७१.८ | ११३.२ | १४१९.९ | १८४५.२ | १४९८.९ | १०९७.४ |
| जम्मा कृषक परिवार सङ्ख्या | २७३६.१ | ३३६४.१ | ३८३१.१ | ४१३०.८ | .. | .. | .. | .. |

**तालिका १६ : भाले–पोथी र उमेरअनुसार गाईगोरु, चौरी तथा राँगाभैंसीको संख्या, नेपाल, २०४८–२०७८**

| लिंग तथा उमेर | गाईगोरु (हजारमा) | | | | चौरी (हजारमा) | | | | राँगाभैंसी (हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | २०४८ | २०५८ | २०६८ | २०७८ | २०४८ | २०५८ | २०६८ | २०७८ | २०४८ | २०५८ | २०६८ | २०७८ |
| **भाले** | | | | | | | | | | | | |
| १ बर्ष मुनिका | ४१५.६ | ४४६.० | ३९९.४ | ४१०.७ | ४.३ | १३.३ | ४.० | ७.५ | २४९.१ | ३२७.८ | ३२७.५ | ३७०.४ |
| १ बर्षदेखी ३ बर्ष मुनिका | ५११.२ | ४९१.७ | ३९४.५ | २२२.६ | ३.३ | ६.८ | ३.२ | ३.४ | १५५.१ | १७५.३ | १८९.० | २२७.० |
| ३ बर्ष वा सोभन्दा माथिका | ३२०७.७ | ३३९५.३ | २९११.२ | १७३३.९ | ११.७ | २०.३ | १०.९ | १२.६ | २७४.८ | २६३.३ | २४४.३ | १९७.६ |
| जम्मा | ४१३४.५ | ४३३३.० | ३७०५.१ | २३६७.२ | १९.३ | ४०.४ | १८.० | २३.५ | ६७९.० | ७६६.४ | ७६०.८ | ७९५.० |
| **पोथी** | | | | | | | | | | | | |
| १ बर्ष मुनिका | ४१६.६ | ४८१.६ | ४३०.४ | ३८८.९ | ४.४ | ९.२ | ३.० | ३.६ | ३२४.६ | ४६४.७ | ४०३.३ | ३६०.० |
| १ बर्षदेखी ३ बर्ष मुनिका | ५३४.४ | ५७६.९ | ४७२.९ | ३०९.३ | ३.४ | १०.६ | २.७ | ३.५ | ४२७.७ | ५००.७ | १२२.५ | ३५३.४ |
| ३ बर्ष वा सोभन्दा माथिका | २२७३.९ | १८२३.६ | १८२२.० | १४९३.९ | ३१.६ | ३५.३ | २५.१ | २२.६ | १६८५.० | १७४५.८ | १५८७.७ | १४१४.८ |
| जम्मा | ३२२४.९ | २८८२.१ | २७२५.३ | २१९२.१ | ३९.४ | ५५.१ | ३०.८ | २९.७ | २४३७.३ | २७११.२ | २४१३.६ | २१२८.१ |
| **जम्मा** | | | | | | | | | | | | |
| १ बर्ष मुनिका | ८३२.२ | ९२७.६ | ८२९.८ | ७९९.५ | ८.६ | २२.५ | ७.० | ११.१ | ५७३.७ | ७९२.६ | ७३०.८ | ७३०.३ |
| १ बर्षदेखी ३ बर्ष मुनिका | १०४५.५ | १०६८.६ | ८६७.४ | ५३१.९ | ६.७ | १७.४ | ५.८ | ६.९ | ५८२.९ | ६७६.१ | ६११.५ | ५८०.४ |
| ३ बर्ष वा सोभन्दा माथिका | ५४८१.६ | ५२१९.० | ४७३३.२ | ३२२७.८ | ४३.२ | ५५.६ | ३६.० | ३५.२ | १९५९.८ | २००९.१ | १८३२.० | १६१२.४ |
| जम्मा | ७३५९.३ | ७२१५.२ | ६४३०.४ | ४५५९.३ | ५८.५ | ९५.५ | ४८.९ | ५३.२ | ३११६.४ | ३४७७.८ | ३१७४.४ | २९२३.१ |

**तालिका १६ क: भाले–पोथी र उमेरअनुसार बाख्रा, भेडा तथा बंगुरको संख्या, नेपाल, २०७८**

| लिंग तथा उमेर | बाख्रा/च्याङ्ग्रा | | | | | भेडा | | | | | बंगुर | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या (हजारमा) | | | प्रतिशत | | संख्या (हजारमा) | | | प्रतिशत | | संख्या (हजारमा) | | | प्रतिशत | |
| | जम्मा | स्थानीय | उन्नत | स्थानीय | उन्नत | जम्मा | स्थानीय | उन्नत | स्थानीय | उन्नत | जम्मा | स्थानीय | उन्नत | स्थानीय | उन्नत |
| **भाले** | | | | | | | | | | | | | | | |
| ६ महिना मुनिका | २८२५.२ | २७१५.८ | १०९.४ | ९६.१ | ३.९ | ७५.२ | ७४.० | १.२ | ९८.४ | १.६ | .. | .. | .. | .. | .. |
| ६ महिना वा सोभन्दा माथिका | ३००६.० | २८७९.० | १२७.० | ९५.८ | ४.२ | १२२.७ | १२१.७ | १.० | ९९.२ | ०.८ | .. | .. | .. | .. | .. |
| जम्मा | ५८३१.२ | ५५९४.८ | २३६.४ | ९५.९ | ४.१ | १९७.९ | १९५.७ | २.२ | ९८.९ | १.१ | .. | .. | .. | .. | .. |
| **पोथी** | | | | | | | | | | | | | | | |
| ६ महिना मुनिका | २६५८.४ | २५५०.५ | १०७.८ | ९५.९ | ४.१ | ७२.० | ७०.८ | १.३ | ९८.२ | १.८ | .. | .. | .. | .. | .. |
| ६ महिना वा सोभन्दा माथिका | ५७५२.६ | ५५५६.७ | १९५.८ | ९६.६ | ३.४ | २०८.२ | २०६.९ | १.३ | ९९.४ | ०.६ | .. | .. | .. | .. | .. |
| जम्मा | ८४११.० | ८१०७.३ | ३०३.७ | ९६.४ | ३.६ | २८०.२ | २७७.७ | २.६ | ९९.१ | ०.९ | .. | .. | .. | .. | .. |
| **जम्मा** | | | | | | | | | | | | | | | |
| ६ महिना मुनिका | ५४८३.६ | ५२६६.३ | २१७.२ | ९६.० | ४.० | १४७.३ | १४४.८ | २.५ | ९८.३ | १.७ | ७६६.६ | ६६२.३ | १०४.३ | ८६.४ | १३.६ |
| ६ महिना वा सोभन्दा माथिका | ८७५८.६ | ८४३५.७ | ३२२.९ | ९६.३ | ३.७ | ३३०.९ | ३२८.६ | २.३ | ९९.३ | ०.७ | ५९०.९ | ५१३.९ | ७७.० | ८७.० | १३.० |
| जम्मा | १४२४२.२ | १३७०२.१ | ५४०.१ | ९६.२ | ३.८ | ४७८.२ | ४७३.४ | ४.८ | ९९.० | १.० | १३५७.५ | ११७६.२ | १८१.३ | ८६.६ | १३.४ |

**तालिका १६ ख: जात/नश्ल र भाले–पोथीअनुसार पन्छीको संख्या, नेपाल, २०५८–२०७८**

| पन्छीको प्रकार | पन्छी संख्या (हजारमा) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | २०५८ | | | २०६८ | | | २०७८ | | |
| | जम्मा | स्थानीय | उन्नत | जम्मा | स्थानीय | उन्नत | जम्मा | स्थानीय | उन्नत |
| कुखुरा चल्ला | ८,८९९.३ | ७,७९२.६ | १,१०६.८ | ८,४५२.० | ८,४५२.० | .. | ११२८२.५ | ११२८२.५ | .. |
| भाले | २,५३८.५ | १,९११.९ | ६२६.६ | १,९४८.८ | १,९४८.८ | .. | २८८७.९ | २८८७.९ | .. |
| पोथी | ६,१९३.४ | ४,३८४.५ | १,८०८.९ | ४,६९६.५ | ४,६९६.५ | .. | ५९२५.६ | ५९२५.६ | .. |
| फुल पार्ने | .. | .. | .. | २,४३९.१ | २,४३९.१ | .. | ३१३९.२ | ३१३९.२ | .. |
| फुल नपार्ने | .. | .. | .. | २,२५७.४ | २,२५७.४ | .. | २७८६.४ | २७८६.४ | .. |
| ब्रोइलर | .. | .. | .. | ७,५९६.४ | .. | ७,५९६.४ | १८३१९.६ | .. | १८३१९.६ |
| लेयर्स | .. | .. | .. | ३,११८.० | .. | ३,११८.० | ३२२१.७ | .. | ३२२१.७ |
| गिरिराज (कोइलर) | .. | .. | .. | ४५६.१ | .. | ४५६.१ | २२७४.३ | .. | २२७४.३ |
| प्यारेण्ट (ब्रोइलर/लेयर्स) | | | | | | | १२०६.५ | .. | १२०६.५ |
| हाँस | ३९३.१ | .. | .. | ४२९.९ | .. | .. | १३२६.० | .. | .. |
| परेवा | १,८४५.२ | .. | .. | १,४९८.९ | .. | .. | १०९७.४ | .. | |
| अन्य चराचुरुङ्गी | ५७.३ | .. | .. | ५२.१ | .. | .. | ३५८.० | .. | |

**तालिका १७: कृषिचलनले गरेका सहायक कृषि क्रियाकलापहरु (माछापालन, च्याउखेती, मौरीपालन, पुष्पखेती/नर्सरी) नेपाल, २०७८**

| विवरण | २०७८ |
|---|---|
| **माछापालन** | |
| कृषक परिवार संख्या (हजारमा) | ४२.० |
| पोखरीको संख्या (हजारमा) | ४८.८ |
| पोखरीको क्षेत्रफल (हजार हे. मा) | १०.४ |
| **च्याउखेती गर्ने कृषक परिवार संख्या (हजारमा)** | १७.६ |
| **मौरीपालन** | |
| कृषक परिवार संख्या (हजारमा) | १९६.९ |
| घार संख्या (हजारमा) | ५१०.४ |
| **पुष्पखेती/नर्सरी गर्ने कृषक परिवार (हजारमा)** | १०.४ |
| **पुष्पखेती/नर्सरी क्षेत्रफल (हजार हे. मा)** | ०.६ |

**तालिका १८: साना–ठूला किसानअनुसार कृषिकार्यको लागि गैरआवासीय भवनको प्रयोग तथा संख्या नेपाल, २०७८**

| उद्देश्य | कृषिचलनको आकार | | | |
|---|---|---|---|---|
| | साना किसान | मझौला किसान | ठूला किसान | जम्मा |
| चौपायको लागि | | | | |
| कृषिचलनको संख्या (हजारमा) | १५२६.२ | ९८८.६ | ९१.८ | २६०६.६ |
| गैरआवासीय भवनको संख्या (हजारमा) | १८१३.४ | १३००.७ | १३०.९ | ३२४५.१ |
| चराचुरुङ्गीको लागि | | | | |
| कृषिचलनको संख्या (हजारमा) | ६२५.५ | ४०२.३ | ३६.१ | १०६३.९ |
| गैरआवासीय भवनको संख्या (हजारमा) | ६६६.२ | ४३६.७ | ४२.० | ११४४.९ |
| बाली थन्क्याउनको लागि | | | | |
| कृषिचलनको संख्या (हजारमा) | १३४.२ | १३२.५ | १९.३ | २८६.० |
| गैरआवासीय भवनको संख्या (हजारमा) | १४०.५ | १४९.३ | २४.४ | ३१४.२ |
| अन्य विविध कार्यका लागि | | | | |
| कृषिचलनको संख्या (हजारमा) | ३७.४ | ३५.८ | ६.९ | ८०.१ |
| गैरआवासीय भवनको संख्या (हजारमा) | ४१.३ | ४०.७ | ८.९ | ९०.८ |
| जम्मा कृषिचलन संख्या (हजारमा) | २६३५.३ | १३७२.३ | १२३.२ | ४१३०.८ |

**तालिका १९: कृषि ऋणको स्रोतअनुसार कृषि ऋणलिने परिवार संख्या, नेपाल, २०७८**

| कृषि ऋणको स्रोत | जम्मा (हजारमा) |
|---|---|
| बचत तथा ऋण सहकारी संस्था | १८७.६ |
| बाणिज्य बैंक | २८.६ |
| बिकास बैंक | ५७.९ |
| फाइनान्स/लघुवित्त कम्पनी | ६१.३ |
| कृषक समूह | ६०.१ |
| महिला समूह | ६६.७ |
| आफन्त इष्टमित्र | ६५.० |
| टेडर्स ब्यबसायी | २.७ |
| साहु महाजन | ५५.४ |
| अन्य | १०.६ |
| कृषि ऋण लिएका परिवार | ४८३.२ |
| कृषि ऋण नलिएका परिवार | ३६४७.६ |
| जम्मा | ४१३०.८ |

**तालिका २०: आवश्यकता र उद्देश्य अनुसार कृषि ऋण लिने कृषक परिवारको संख्या, नेपाल, २०७८**

| विवरण | कृषिचलन | |
|---|---|---|
| | संख्या (हजारमा) | प्रतिशत |
| जम्मा परिवार | ४१३०.८ | १००.० |
| कृषि ऋणको आवश्यकता भएका | १४१५.० | ३४.३ |
| कृषि ऋणको आवश्यकता नभएका | २७१५.८ | ६५.७ |
| कृषि ऋणको मुख्य उद्देश्य | | |
| मल/बीउ/विषदी खरिद | ४५७.६ | ३२.३% |
| सिँचाइ सुविधाका लागि | १७६.६ | १२.५% |
| कृषि/औजार/खरिद | १४७.६ | १०.४% |
| पशुपन्छीपालन | ५१८.३ | ३६.६% |
| माछापालन | २०.६ | १.५% |
| मौरीपालन | १४.७ | १.०% |
| च्याउखेती | ७.४ | ०.५% |
| पुष्पखेती/नर्सरी | ४.७ | ०.३% |
| कृषिजन्य संरचना पूर्वाधार निर्माण | ४०.१ | २.८% |
| अन्य कृषि प्रयोजन | २७.४ | १.९% |

**तालिका २१: विभिन्न कृषि क्रियाकलापअनुसार बिमा गरेका कृषक परिवार संख्या, नेपाल, २०७८**

| कृषि क्रियाकलाप | जम्मा (हजारमा) | प्रतिशत |
|---|---|---|
| खाद्यान्न बाली | १४.० | ७.७ |
| तरकारी बाली | ५.८ | ३.२ |
| फलफूल बाली | ५.२ | २.९ |
| नगदे बाली | ३.२ | १.८ |
| पशुपालन | १५४.० | ८४.४ |
| पन्छीपालन | ९.६ | ५.३ |
| माछापालन | ४.३ | २.४ |
| मौरीपालन | १.४ | ०.८ |
| च्याउखेती | १.४ | ०.८ |
| पुष्पखेती | ०.८ | ०.४ |
| कृषिजन्य भौतिक संरचना | १.१ | ०.६ |
| अन्य क्रियाकलाप | ०.८ | ०.४ |
| कृषि क्रियाकलापका लागि बिमा गरेका परिवार | १८२.४ | ४.४ |
| कृषि क्रियाकलापका लागि बिमा नगरेका परिवार | ३९४८.३ | ९५.६ |
| जम्मा | ४१३०.८ | १००.० |

**तालिका २२ विभिन्न कृषि क्रियाकलापअनुसार सरकारी अनुदान प्राप्त गरेका कृषक परिवार संख्या, नेपाल, २०७८**

| कृषि क्रियाकलाप | जम्मा (हजारमा) | प्रतिशत |
|---|---|---|
| रासायनिक मल | १४२.६ | ४६.२ |
| प्राङ्गारिक मल | ५.७ | १.९ |
| कृषिजन्य संरचना/पूर्वाधार | २४.२ | ७.८ |
| सिंचाइ | १७.४ | ५.६ |
| भन्सार छुट | ४.६ | १.५ |
| विद्युत महशुल छुट | १४.७ | ४.८ |
| बीउ/वेर्ना/घाँस | १०८.८ | ३५.३ |
| उन्नत नश्ल | ८.३ | २.७ |
| कृषि औजार/उपकरण/यन्त्र | ४६.८ | १५.२ |
| अन्य क्रियाकलाप | १६.१ | ५.२ |
| सरकारी अनुदान प्राप्त गरेका परिवार | ३०८.५ | ७.५ |
| सरकारी अनुदान प्राप्त नगरेका परिवार | ३८२२.३ | ९२.५ |
| जम्मा | ४१३०.८ | १००.० |

**तालिका २३: लिङ्ग र उमेरअनुसार मुख्य कृषकको संख्या र प्रतिशत, नेपाल, २०५८–२०७८**

| लिङ्ग/उमेर | कृषक परिवार | | | | | | कृषिचलनको सरदर आकार (हे.) | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या (हजारमा) | | | प्रतिशत | | | | | |
| | २०५८ | २०६८ | २०७८ | २०५८ | २०६८ | २०७८ | २०५८ | २०६८ | २०७८ |
| मुख्य कृषकको लिङ्ग | | | | | | | | | |
| पुरुष | ३,०९२.६ | ३,१०४.३ | २७९२.५ | ९१.९ | ८१.० | ६७.६ | ०.८ | ०.७ | ०.६ |
| महिला | २७१.५ | ७२६.८ | १३३८.३ | ८.१ | १९.० | ३२.४ | ०.५ | ०.४ | ०.४ |
| **जम्मा** | **३,३६४.१** | **३,८३१.१** | **४१३०.८** | **१००.०** | **१००.०** | **१००.०** | **०.८** | **०.७** | **०.५** |
| मुख्य कृषकको उमेर | | | | | | | | | |
| २५ भन्दाकम | १२८.१ | ११९.३ | १०७.७ | ३.८ | ३.१ | २.६ | ०.६ | ०.४ | ०.४ |
| २५–३४ | ६१२.० | ६१७.३ | ६१६.८ | १८.२ | १६.१ | १४.९ | ०.६ | ०.५ | ०.४ |
| ३५–४४ | ९४०.६ | १,०२२.५ | १०६०.१ | २८.० | २६.७ | २५.७ | ०.७ | ०.६ | ०.५ |
| ४५–५४ | ८२७.१ | ९५९.७ | १०२४.१ | २४.६ | २५.१ | २४.८ | ०.९ | ०.७ | ०.६ |
| ५५ वा भन्दामाथी | ८५६.४ | १,११२.३ | १३२२.० | २५.५ | २९.० | ३२.० | ०.९ | ०.८ | ०.६ |
| **जम्मा** | ३,३६४.२ | ३,८३१.१ | ४१३०.८ | १००.० | १००.० | १००.० | ०.८ | ०.७ | ०.५ |

**तालिका २४  अस्थायी तथा स्थायी कृषि कामदार, नेपाल, २०७८**

| कृषि कामदार | २०७८ | | | |
|---|---|---|---|---|
| | कृषिचलन संख्या | पुरुष | महिला | जम्मा |
| | संख्या (हजारमा) | | | |
| **जम्मा कृषिचलन** | ४१३०.८ | | | |
| स्थायी कामदार संख्या | ३९.२ | ४४.१ | ३०.५ | ७४.६ |
| अस्थायी कामदार (ब्यक्ति दिन) | १८३७.८ | २६१६८.१ | ४१६३१.० | ६७७९९.० |
| पर्मका कामदार (ब्यक्ति दिन) | १७३७.५ | १४१८४.१ | २३११९.३ | ३७३०३.४ |
| ठेक्कामा लगाएका कामदार (व्यक्ति दिन) | १०१.२ | १२९९.९ | ११९३.२ | २४९३.१ |

**तालिका २५: कृषक परिवारको जनसंख्या, नेपाल, २०४८–२०७८**

| विवरण | २०४८ | २०५८ | २०६८ | २०७८ |
|---|---|---|---|---|
| जम्मा घरपरिवार* (हजारमा) | ३३२८.७ | ४२५३.२ | ५४२७.३ | ६६६६.९ |
| जम्मा कृषिचलन (हजारमा) | २७३६.१ | ३३६४.१ | ३८३१.१ | ४१३०.८ |
| कृषिचलनको प्रतिशत | ८२.२ | ७९.१ | ७०.६ | ६२.० |
| जम्मा जनसंख्या* (हजारमा) | | | | |
| पुरुष (हजारमा) | ९२२१.० | ११५६३.९ | १२८४९.० | १४२५३.६ |
| महिला (हजारमा) | ९२७०.१ | ११५८७.५ | १३६४५.५ | १४९११.० |
| जम्मा (हजारमा) | १८४९१.१ | १३१५१.४ | २६४९४.५ | २९१६४.६ |
| पुरुष-महिला अनुपात | ९९.५ | ९९.८ | ९४.२ | ९५.६ |
| कृषक परिवारको जनसंख्या | | | | |
| पुरुष (हजारमा) | ८४९६.८ | १०२६७.६ | १०३१७.७ | ९५४३.८ |
| महिला (हजारमा) | ७७६१.४ | ९५४४.० | १०२३४.९ | ९९०४.१ |
| जम्मा (हजारमा) | १६२५८.२ | १९८११.६ | २०५५२.५ | १९४४८.० |
| जम्मा जनसंख्याको प्रतिशत | | | | |
| पुरुष (हजारमा) | ५२.३ | ५१.५ | ५०.२ | ४९.१ |
| महिला (हजारमा) | ४७.७ | ४८.२ | ४९.८ | ५०.९ |
| **जम्मा** | **८७.९** | **८५.६** | **७७.६** | **६६.७** |
| कृषक परिवार पुरुष महिला अनुपात | १०९.५ | १०७.६ | १००.८ | ९६.४ |
| कृषक परिवारको औसत आकार | ५.९ | ५.९ | ५.४ | ४.७ |

***स्रोत** : राष्ट्रिय जनगणना

**तालिका २६: औपचारिक तालिम, कृषि सम्बन्धी निर्णयमा सहभागिता तथा कृषिकार्यमा संलग्न सरदर समयअनुसार १० वर्ष वा सोभन्दा माथिका कृषक परिवार जनसंख्या, नेपाल, २०७८**

| विवरण | कृषक परिवारको जनसंख्या | | |
|---|---|---|---|
| | पुरुष | महिला | जम्मा |
| औपचारिक तालिम लिएका कृषक परिवारको जनसंख्या (हजारमा) | ५३२.२ | ४५२.४ | ९८४.६ |
| कृषिकार्य सम्बन्धी निर्णयमा सहभागिता जनाएका कृषक परिवारको जनसंख्या (हजारमा) | ४९२२.२ | ४९४९.७ | ९८७१.९ |
| **कृषिकार्यमा संलग्न भएको सरदर समयअनुसार कृषक परिवार संख्या (हजारमा)** | | | |
| कम ( ४०%) | १६९०.२ | १५७३.९ | ३२६४.१ |
| करिव आधा (४०% - ५९%) | १३५४.० | १४८५.८ | २८३९.८ |
| धेरै (६०% - ९९%) | १८१२.९ | २००७.० | ३८१९.९ |
| सबै (१००%) | १५३२.८ | १८१२.७ | ३३४५.५ |
| समय नै नदिएको | १५३८.६ | १५३७.२ | ३०७५.८ |

**तालिका २७ कृषिचलनमा कृषि बन सम्बन्धी क्रियाकलाप, माटो परिक्षण तथा हरितगृह/टनेल पद्धतिबाट खेती गरेका कृषक परिवार तथा सोको क्षेत्रफल, नेपाल, २०७८**

| विवरण | जम्मा (हजारमा) |
|---|---|
| **कृषि बन** | |
| कृषक परिवार संख्या (हजारमा) | १०७.२ |
| कृषि बनले ढाकेको क्षेत्रफल (हजार हे.मा) | १८.९ |
| **हरितगृह/टनेल पद्धतिबाट खेती** | |
| कृषक परिवार संख्या (हजारमा) | ९७.२ |
| अस्थायी बाली लागेको जग्गाको क्षेत्रफल (हजार हे.मा) | ४.४ |
| स्थायी बाली लागेको जग्गाको क्षेत्रफल (हजार हे.मा) | ०.२ |
| **विगत तीन वर्षमा माटो परिक्षण गरेका कृषक परिवार संख्या** | १०५.८ |

**तालिका २८ : चलन गरेको जग्गामा क्षतिभएको थियो भन्ने कृषक परिवार तथा क्षतिभएको जग्गाको प्रतिशत, नेपाल, २०५८–२०७८**

| क्षतिको प्रकार | २०५८ | | २०६८ | | २०७८ | |
|---|---|---|---|---|---|---|
| | संख्या | क्षेत्रफल | संख्या | क्षेत्रफल | संख्या | क्षेत्रफल |
| | प्रतिशत | | | | | |
| भूक्षय | ४.७ | १.२ | ४.९ | १.५ | ८.४ | १.७ |
| रासायनिक | – | – | ०.३ | ०.१ | ०.८ | ०.१ |
| भौतिक | – | – | २.२ | ०.७ | ८.८ | १.४ |
| जम्मा | ४.७ | १.२ | ७.४ | २.२ | १७.२ | ३.३ |

**तालिका २९: जलवायु परिवर्तनवारे जानकारी भएका तथा सोको कारण कृषिकार्यमा पुर्‍याएका प्रभावअनुसार कृषक परिवार संख्या र प्रतिशत, नेपाल, २०७८**

| विवरण | कृषक परिवार संख्या (हजारमा) | प्रतिशत |
|---|---|---|
| **जम्मा कृषक परिवार संख्या** | **४१३०.८** | - |
| जलवायु परिवर्तन बारे जानकारी भएका कृषक परिवार संख्या | १८०७.० | ४३.७ |
| जलवायु परिवर्तनले कृषिकार्यमा प्रभाव पुर्‍याएका कृषक परिवार संख्या | १६३८.८ | ९०.७ |
| **जलवायु परिवर्तनले कृषिकार्यमा पुर्‍याएका प्रभावअनुसार कृषक परिवार संख्या** | | |
| उत्पादनमा कमी | १३८६.८ | ८४.६ |
| उत्पादनमा वृद्धि | १५२.९ | ९.३ |
| फल फसलको आकारमा परिवर्तन | ४१४.६ | २५.३ |
| स्वादमा परिवर्तन | ३३५.१ | २०.४ |
| बाली लगाउने समयमा फरक | ६६९.० | ४०.८ |
| धेरै वा कम वर्षा | ८८३.७ | ५३.९ |
| रोग किराको प्रकोपमा वृद्धि | ९९६.७ | ६०.८ |
| ब्रिडिङ समयमा परिवर्तन | ९७.४ | ५.९ |
| प्रजातिको लोप उत्थान | ९४.५ | ५.८ |
| अन्य | ३.७ | ०.२ |

**तालिका ३०: कृषिचलनबाट निस्किएको फोहोरको व्यवस्थापन, नेपाल, २०७८**

| फोहोर व्यवस्थापनको किसिम | कृषक परिवार संख्या (हजारमा) | प्रतिशत |
|---|---|---|
| **जम्मा कृषक परिवार संख्या** | **४१३०.८** | - |
| गाडेर | १२९०.७ | ३१.२ |
| जलाएर | २०९३.७ | ५०.७ |
| फोहोर व्यवस्थापकलाई पठाएर | २१९.८ | ५.३ |
| कम्पोष्ट बनाएर | १९४८.३ | ४७.२ |
| इन्धनको रुपमा प्रयोग गरेर | ६६२.८ | १६.० |
| अन्य तरिकाले व्यवस्थापन गरेर | ८९३.१ | २१.६ |
| कुनै पनि व्यवस्थापन नगरिएको | ३६१.६ | ८.८ |

***नोटः*** *कुनै कृषकपरिवारले एकभन्दा बढी किसिमबाट पनि फोहोर व्यवस्थापन गरेको हुन सक्छन ।*

**तालिका ३१ : कृषिबाहेक अन्य आर्थिक क्रियाकलाप भएका कृषकपरिवारको संख्या र प्रतिशत, नेपाल, २०७८**

| आर्थिक क्रियाकलापको क्षेत्र | कृषिचलन | |
|---|---|---|
| | संख्या (हजारमा) | प्रतिशत |
| **जम्मा कृषिचलन** | **४१३०.८** | **१००.०** |
| अन्य आर्थिक क्रियाकलाप भएका कृषक परिवार | १०५७.१ | २५.६ |
| खानी तथा उत्खनन् | १७.९ | १.७ |
| उद्योग | ६०.४ | ५.७ |
| विद्युत, ग्याँस, बाफ वातानुकुलित क्रियाकलाप | ९.९ | ०.९ |
| पानीको आपूर्ति, ढलनिकास, फोहर व्यवस्थापन र उपचरात्मक क्रियाकलाप | ७.५ | ०.७ |
| निर्माण | १६७.१ | १५.८ |
| थोक तथा खुद्रा व्यापार, मोटरगाडी तथा मोटरसाइकल मर्मत | २३५.१ | २२.२ |
| यातायात तथा भण्डारण | ६१.७ | ५.८ |
| आवास तथा भोजन सेवा | २६.७ | २.५ |
| सुचना तथा संचार | ४.० | ०.४ |
| वित्तीय तथा बीमा | ११.३ | १.१ |
| घरजग्गा कारोवार | १२.६ | १.२ |
| पेशागत, वैज्ञानिक तथा प्राविधिक | ८९.५ | ८.५ |
| प्रशासनिक तथा सहयोगी सेवा | ३०.८ | २.९ |
| शिक्षा | ६०.३ | ५.७ |
| मानव स्वास्थ्य तथा सामाजिक कार्य | १३.२ | १.३ |
| कला, मनोरञ्जन तथा मनोविनोद | ६.७ | ०.६ |
| अन्य सेवा प्रदान | १८१.७ | १७.२ |
| रोजगारदाताका रुपमा घरपरिवार | ६०.९ | ५.८ |

**तालिका ३२: कृषक परिवारको प्रकार, नेपाल, २०५८–२०७८**

| विवरण | २०५८ | | २०६८ | | २०७८ | |
|---|---|---|---|---|---|---|
| | संख्या (हजारमा) | प्रतिशत | संख्या (हजारमा) | प्रतिशत | संख्या (हजारमा) | प्रतिशत |
| मुख्य कृषक नै परिवारमूली भएको कृषिचलन | ३,२७८.६ | ९७.५ | ३,६१५.२ | ९४.४ | ३७३५.० | ९०.४ |
| मुख्य कृषक परिवारमूली नभएको कृषिचलन | ८५.५ | २.५ | २१५.९ | ५.६ | ३९५.८ | ९.६ |
| जम्मा | ३,३६४.१ | १००.० | ३,८३१.१ | १००.० | ४१३०.८ | १००.० |
| **कृषिचलनको वर्गिकरण** | | | | | | |
| एक–चलन परिवार | ३,२६८.८ | ९७.२ | ३,७९१.२ | ९९.० | ४०४९.३ | ९८.० |
| बहु–चलन परिवार | ९३.९ | २.८ | ३१.८ | ०.८ | ६८.२ | १.७ |
| साझा–चलन परिवार | १.४ | ०.० | ८.० | ०.२ | १३.३ | ०.३ |
| **जम्मा** | **३,३६४.१** | **१००.०** | **३,८३१.१** | **१००.०** | **४१३०.८** | **१००.०** |

**तालिका ३३: प्रमुख उत्पादन तथा उपयोगअनुसार कृषिचलनको संख्या, नेपाल, २०७८**

| विवरण | कृषिचलन | |
|---|---|---|
| | संख्या (हजारमा) | प्रतिशत |
| **प्रमुख उत्पादन** | | |
| खाद्यान्न बाली | ३६२९.५ | ८७.९ |
| तरकारी बाली | २५७.० | ६.२ |
| फलफूल बाली | १९.१ | ०.५ |
| अन्य बाली | ४६.९ | १.१ |
| पशुपालन | १४२.५ | ३.४ |
| पन्छीपालन | १७.९ | ०.४ |
| माछापालन | २.४ | ०.१ |
| अन्य | १५.४ | ०.४ |
| जम्मा | ४१३०.८ | १००.० |
| **उपयोगको किसिम** | | |
| सबै घरायसी उपभोग | २८४३.२ | ६८.८ |
| मुख्य घरायसी उपभोग  र केहि बिक्री | १०२१.४ | २४.७ |
| मुख्य बिक्री र केहि घरायसी उपभोग | २२१.८ | ५.४ |
| सबै बिक्री | ४४.३ | १.१ |
| जम्मा | ४१३०.८ | १००.० |

**तालिका ३४: आफ्नै कृषि उत्पादनबाट भएको आम्दानीले मात्र परिवारलाई खान नपुग्ने कृषिचलनको संख्या अवस्था तथा नपुग महिनाकोलागि आम्दानीको स्रोत, नेपाल, २०६८–२०७८**

| विवरण | २०६८ | | २०७८ | |
|---|---|---|---|---|
| | आफ्नै कृषि उत्पादनबाट भएको आम्दानीले मात्र परिवारलाई खान पुगेन भन्ने कृषक परिवार | | आफ्नै कृषि उत्पादनबाट भएको आम्दानीले मात्र परिवारलाई खान पुगेन भन्ने कृषक परिवार | |
| | संख्या (हजारमा) | प्रतिशत | संख्या (हजारमा) | प्रतिशत |
| **चलनकमोत गर्ने जम्मा परिवार** | ३,८३१.० | १००.० | ४१३०.८ | १००.० |
| पुग्ने | १,५३५.७ | ४०.१ | १८५६.८ | ४५.० |
| नपुग्ने | २,२९५.३ | ५९.९ | २२७४.० | ५५.० |
| **नपुग महिना** | | | | |
| १ देखि ३ महिना | ४१७.१ | १८.२ | ५४४.२ | २३.९ |
| ४ देखि ६ महिना | १,००५.६ | ४३.८ | १०६३.९ | ४६.८ |
| ७ देखि ९ महिना | ५३०.९ | २३.१ | ४६४.८ | २०.४ |
| १० देखि १२ महिना | ३४१.७ | १४.९ | २०१.० | ८.८ |
| **नपुग महिनाको लागि आम्दानीको स्रोत** | | | | |
| आफ्नै गैर कृषि व्यवसायबाट | १४९.० | ६.५ | २२८.९ | १०.१ |
| तलब/ज्यालामा काम गरेर (आफ्नो जिल्लाभित्र) | १,२९८.६ | ५६.६ | १४०४.१ | ६१.७ |
| तलब/ज्यालामा काम गरेर (आफ्नो जिल्लाबाहिर तर देशभित्र) | १६९.४ | ७.४ | | |
| तलब/ज्यालामा काम गरेर (देशबाहिर) | ४३९.७ | १९.२ | ४०३.८ | १७.८ |
| निवृत्तिभरण (पेन्सन) बाट | ६०.९ | २.७ | ६८.५ | ३.० |
| ऋण लिएर | १३४.४ | ५.९ | १२४.१ | ५.५ |
| अन्य | ४३.३ | १.९ | ४४.५ | २.० |

### तालिका ३५: कृषक परिवारका ५ वर्ष वा सोभन्दा माथिका सदस्यको शैक्षिक स्थिति, नेपाल, २०७८

| शैक्षिक स्थिति | ५ वर्ष वा सोभन्दा माथिका सम्पूर्ण सदस्यहरु | | |
|---|---|---|---|
| | पुरुष | महिला | जम्मा |
| | प्रतिशत | | |
| पूर्व प्राथमिक तह | ३.० | २.९ | २.९ |
| प्राथमिक तह (१ देखि ५ कक्षासम्म) | २३.८ | २०.० | २१.८ |
| निम्न माध्यमिक तह (६ देखि ८ कक्षासम्म) | १७.६ | १४.५ | १६.० |
| माध्यमिक तह (९ देखि १० कक्षासम्म) | १६.६ | १३.४ | १५.० |
| एस.एल.सी./एस इ इ वा सो सरह | ५.५ | ४.४ | ५.० |
| प्रमाणपत्र तह वा सो सरह | ९.४ | ७.९ | ८.६ |
| स्नातक तह वा सो सरह | २.७ | २.० | २.३ |
| स्नातकोत्तर तह वा सो सरह वा सो भन्दा माथि | १.७ | ०.९ | १.३ |
| अनौपचारिक शिक्षा लिएका | ८.३ | १२.७ | १०.६ |
| निरक्षर | ११.५ | २१.२ | १६.५ |
| जम्मा | १००.० | १००.० | १००.० |

### तालिका ३६: कृषक परिवारका १० वर्ष वा सोभन्दा माथिका सदस्यको पेशागत स्थिति, नेपाल, २०७८

| पेशाको किसिम | मुख्य कषक | | | अन्य सदस्य | | |
|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| | प्रतिशत | | | | | |
| सशस्त्र सैनिक अधिकारी | ०.४ | ०.१ | ०.३ | ०.७ | ०.२ | ०.४ |
| प्रबन्धक, कार्यकारी तथा विधायक | १.१ | ०.८ | १.१ | ०.९ | ०.६ | ०.७ |
| विशेषज्ञ-पेशाविद् | १.४ | ०.८ | १.२ | १.६ | १.१ | १.३ |
| प्राविधिक र सहायक पेशाविद् | १.० | ०.३ | ०.८ | १.५ | ०.६ | १.० |
| कार्यालय सहायक | १.० | ०.५ | ०.९ | १.३ | ०.७ | १.० |
| सेवा, हेरचाह तथा विक्रीको काम गर्ने कामदार | २.८ | १.४ | २.४ | ३.८ | २.२ | २.९ |
| कृषि, वन तथा मत्स्यपालनमा संलग्न दक्ष कामदार | ७६.६ | ८४.० | ७८.६ | ३२.० | ५०.१ | ४२.८ |
| कर्मी र व्यापारमा संलग्न कामदार | ५.८ | १.५ | ४.६ | ६.८ | १.६ | ३.७ |
| कारखाना र मेशिन संचालक एवं संयोजक | १.७ | ०.३ | १.३ | २.८ | ०.३ | १.३ |
| प्रारम्भिक पेशाका अदक्ष श्रमिक | ३.५ | २.८ | ३.३ | ३.८ | २.५ | ३.० |
| कुनै आर्थिक काम नगरेको | ४.५ | ७.६ | ५.३ | ४४.८ | ४०.१ | ४२.० |
| जम्मा | १००.० | १००.० | १००.० | १००.० | १००.० | १००.० |

**तालिका ३७: कृषक परिवारको कुल आम्दानीमा कृषिकार्यबाट प्राप्त आम्दानीको अंश, नेपाल, २०७८**

| कृषिकार्यबाट प्राप्त आम्दानीको अंश | कृषक परिवार संख्या (हजारमा) | प्रतिशत |
|---|---|---|
| २५% भन्दा कम हुने | ६३९.६ | १६ |
| २५%-४९% हुने | ९५८.० | २३ |
| ५०%-७४% हुने | १४१८.५ | ३४ |
| ७५% भन्दा बढी हुने | १११४.८ | २७ |
| **जम्मा कृषक परिवार** | **४१३०.८** | **१००** |

**तालिका ३८: कृषिउपजको बजार सम्म कृषक परिवारको पहुँच, नेपाल, २०७८**

| कुनै पनि साधन प्रयोग गर्दा एकतर्फी लाग्ने समय | कृषक परिवार संख्या (हजारमा) | प्रतिशत |
|---|---|---|
| घरबाटै बिक्री हुने | ३३४.२ | ८ |
| घर नजिकै छ | २८६.५ | ७ |
| ३० मिनेट भन्दा कम | १२६७.१ | ३१ |
| ३० देखि ५९ मिनेट | ८८६.९ | २१ |
| १ देखि २ घण्टा | ९७१.७ | २४ |
| २ घण्टाभन्दा बढी | ३८४.३ | ९ |
| **जम्मा कृषक परिवार** | **४१३०.८** | **१००** |

# परिच्छेद ४

# परिभाषा तथा अवधारणा

## कृषि–चलन

एउटै व्यक्ति वा परिवारले वा निकायले रेखदेख (व्यवस्थापन) गरेको कृषि उत्पादनको एक आर्थिक एकाइलाई कृषि–चलन भनिन्छ । यस्तो कृषि–चलनभित्र आफ्नो हकको वा अर्काको हकको भए पनि जुनसुकै शर्तमा लिई आंशिक वा पूर्ण रूपमा कृषि उत्पादनको उद्देश्यले पालिएका पशुपन्छीहरू वा जुनसुकै आकारको भए पनि कृषिका लागि उपयोग गरिएको सम्पूर्ण जग्गा पर्दछ ।

राष्ट्रिय कृषिगणना २०७८ मा जग्गाको क्षेत्रफल वा पशुपन्छीको सङ्ख्या तल लेखिएबमोजिम भएमा मात्र कृषि–चलन मानिएको छः

(क) हिमाल र पहाडका जिल्लामा कम्तीमा ४ आना (०.०१२७२ हेक्टर) र तराइका जिल्लामा कम्तीमा ८ धुर (०.०१३५५ हेक्टर) क्षेत्रफल बाली लागेको जग्गा भएमा, वा

(ख) जुनसुकै उमेरका कम्तीमा १ वटा गाई–भैंसी पालेको भएमा, वा

(ग) कम्तीमा ५ वटा भेडा–बाख्रा, सुँगुर–बङ्गुरजस्ता चौपाया पालेको भएमा, वा

(घ) चल्ला र माउ गरी कम्तीमा २० वटासम्म पाल्तुपन्छी (कुखुरा, हाँस) पालेको भएमा ।

कृषि–चलन हुनका लागि जग्गा हुनै पर्छ भन्ने छैन । यदि पशुपन्छी पालन गरेको रहेछ भने पनि कृषि–चलन मानिन्छ ।

## कृषि–चलन (पशुपन्छी मात्र भएका)

हिमाल र पहाडका जिल्लामा कम्तीमा ४ आना (०.०१२७२ हेक्टर) र तराइका जिल्लामा कम्तीमा ८ धुर (०.०१३५५ हेक्टर) क्षेत्रफल बाली लागेको जग्गा नभएका र पशुपन्छीमात्र पालेका आधारमा परेका कृषक परिवारलाई कृषि-चलन (पशुपन्छी मात्र भएका) भनिन्छ।

## परिवार

परिवारको अवधारणा व्यक्तिले एक्लै वा समूहमा व्यवस्था गर्ने खाना वा जीवनका लागि अन्य अत्यावश्यक कुरामा आधारित छ। सामान्यतया एउटै आम्दानी खर्चले घर व्यवहार चलाई एकै भान्सामा खानपीन गरी बसेका व्यक्ति वा व्यक्तिहरूको समूहलाई परिवार भनिन्छ। परिवारमा एक व्यक्ति मात्र वा धेरै व्यक्तिहरू, नाता पर्ने वा नाता नपर्ने व्यक्तिहरू हुन सक्दछन्।

## मुख्य कृषक

कृषि–चलनको सम्पूर्ण चाँजोपाँजो मिलाउने, उपलब्ध हुन सक्ने साधन र स्रोतको कसरी उपयोग गर्नुपर्छ भन्ने कुरा निणर्य गर्ने, कृषि उत्पादनको वितरणसम्बन्धी निर्णय लिने र प्राविधिक तथा आर्थिक जिम्मेवारीसमेत वहन गर्ने व्यक्तिलाई मुख्य कृषक भनिन्छ। मुख्य कृषक र परिवारमूली एकै व्यक्ति हुन वा नहुन सक्छ ।

## कित्ता

कृषिगणनामा प्रयोग गरिएको कित्ता र साधारण बोलीचालीको भाषामा (वा नापीमा) प्रयोग गरिएको कित्ता एकै होइनन्। कृषिगणनामा वरिपरि अरूको साँध भएर बीचमा रहेको जमिनको भागलाई कित्ता भनिन्छ। कृषिगणनाको सन्दर्भमाः

(क) कित्ता भन्नाले लालपुर्जामा उल्लेख हुने कित्ता नभई खेत वा बारीको चक्ला अर्थात् एकै ठाउँमा रहेको वरिपरि अर्को व्यक्तिले चलन गरेको जग्गा वा प्राकृतिक सीमाले छुट्ट्याएको जग्गाको टुक्रालाई बुझाउँछ।

(ख) आफ्नो हकको आफैंले चलन गरेको जग्गासँग अरूसँग कुनै पनि शर्तमा (भोगबन्धक, जिन्सी, नगद तिर्ने गरी, अधियाँ वा अन्य शर्तमा) लिई चलन गरेको जग्गा जोडिएको रहेछ भने एउटै कित्ता मानिन्छ।

(ग) एउटै चलनमा रहेको जग्गाको चक्लाको बीचमा स्थायी ठूलो बाटो, नदी, नहर, खोला, आदि छन् भने त्यसले टुत्र्याएका फरकफरक टुक्रालाई अलगअलग कित्ता मान्नु पर्छ।

**खेत**

खेत भन्नाले साधारणतया धान रोप्न सकिने जग्गालाई भनिन्छ। कुनै जग्गामा धान रोपिने गरिएको छैन तर त्यसमा धान खेती हुन सक्छ भने पनि त्यस्तो जग्गालाई पनि खेतमा समावेश गरिएको छ।

**पाखो**

साधारणतया धान खेतीको लागि उपयुक्त नभएको र वर्षभरि नै लगभग सुख्खा रहने जग्गालाई पाखो भनिन्छ ।

**सिँचाइ**

जग्गाको उत्पादकत्व बढाउने उद्देश्यले थप श्रम वा साधन लगाई जग्गामा कुलो, नहर आदिबाट (वर्षा बाहेक) पानी पुऱ्याउने कार्यलाई सिँचाइ भनिन्छ। सिँचाइमा वर्षा र बाढीबाट आएको पानीलाई लिइँदैन तर यस्तो बाढीको पानी कतै जम्मा गरी उत्पादन बढाउन जग्गामा प्रयोग गरिएमा सिँचाइ गरिएको मानिन्छ।

## जग्गाको उपभोग

जग्गाको उपभोग भन्नाले कृषक परिवारले चलन गरेको मध्ये कति जग्गा कृषक परिवारको आफ्नो हकको र कति अरूको हकको कुन-कुन शर्तमा लिई चलन गरेको रहेछ भन्ने जनाउँछ। एउटा कृषि–चलन एक वा सोभन्दा बढी प्रकारको उपभोगअन्तर्गत सञ्चालन गरिएको हुन सक्छ।

कृषि गणनामा जग्गाको उपभोगलाई निम्नानुसार वर्गीकरण गरिएको छः

(अ) आफ्नो परिवारको हकको जग्गा आफैले चलन गरेको

(आ) अरूको हकको जग्गा हाल परिवारले चलन गरेको

(इ) अन्य प्रकारको उपभोगअन्तर्गत

## परिवारको हकको जग्गा आफैंले चलन गरेको

परिवारको आफ्नो स्वामित्वमा रहेको र उपभोग गर्ने सम्पूर्ण अधिकार समेत आफैंमा निहित रही आफैंले चलन गरेको जग्गालाई परिवारको हकको जग्गा आफैले चलन गरेको भनिन्छ। कसैको पनि कानुनी स्वामित्वमा नरहेको भनी स्पष्ट भएको र कुनै व्यक्ति विशेषले लामो समय देखि (२० वर्ष देखि) बिना विवाद उपभोग गरिरहेको जग्गालाई उक्त व्यक्तिको स्वामित्वमा नै रहेको मानी यस अन्तर्गत समावेश गरिएको छ ।

## अरुको हकको जग्गा परिवारले चलन गरेको

अरूको स्वामित्वमा रहेको तर हाल परिवारले जुनसुकै शर्तमा लिई उपभोग गरेको जग्गालाई अरुको हकको जग्गा परिवारले चलन गरेको भनिन्छ।यी शर्तहरू निम्नानुसारका हुन सक्दछन्- ठेकिएको नगद तिर्ने, ठेकिएको जिन्सी तिर्ने, बाली बाँड्ने, सेवा मजदुरी बापत, भोगबन्धकअन्तर्गत, अन्य शर्त ।

### अन्य प्रकारको उपभोग

माथि उल्लेख गरिएका दुई प्रकारका मुख्य शीर्षकअन्तर्गत उपभोग गरिएका जग्गाबाहेक चलन गरिएको अन्य जग्गालाई अन्य प्रकारको उपभोग भनिन्छ। स्वामित्वको विवादमा रही सोको निर्णय नहुन्जेल तात्कालिक व्यवस्थाको रूपमा चलन गर्न पाएको (जस्तै, उत्तराधिकार र स्वामित्वमा नरहेको कुरा स्पष्ट भएको) वा अतिक्रमण गरेर चलन गरेको सरकारी जग्गा पनि यसमा पर्छ।

### भू–उपयोग

कृषिगणनाको लागि परिवारले चलन गरेको जम्मा जग्गालाई उपयोगअनुसार निम्न वर्गमा विभाजन गरिएको छ।

कृषिचलन अन्तर्गतको जग्गा

- *कृषिका लागि प्रयोग गरिएको जग्गा*
- *निजी वनवनेलो*
- *पोखरी*
- *अन्यत्र बर्गीकरण नगरिएको अन्य जग्गा*

कृषिका लागि प्रयोग गरिएको जग्गा

- *कृषि जग्गा*
- *घर, घडेरी, गोठ, धन्सारले ढाकेको जग्गा*

कृषि जग्गा

- *बाली लाग्ने जग्गा*
- *स्थायी चौरचरन*

बाली लाग्ने जग्गा

- *खेतियोग्य जग्गा*
- *स्थायी बाली लागेको जग्गा*

खेतीयोग्य जग्गा

- *अस्थायी बाली लागेको जग्गा*
- *अस्थायी चौरचरन*
- *अस्थायी बाँझो*

## खेतीयोग्य जग्गा (Arable Land)

साधारणतया खेती गर्नको लागि उपयुक्त जग्गालाई यस अन्तर्गत राखिएको छ जसमा अस्थायी बालीलागेको जग्गा, अस्थायी चौरचरन, अस्थायी बाँझो पर्दछन।

### अस्थायी बाली लागेको जग्गा

एक वर्षको अवधिभित्र उत्पादन गरी बाली भित्र्याउने र अर्को बालीका लागि पुनः खनजोत गरी लगाउनु पर्ने किसिमका बालीहरू लागेको जग्गा अस्थायी बाली लागेको जग्गामा पर्दछन्। तर, लगाएको बाली भित्र्याउन एक वर्षभन्दा बढी समय लाग्ने भए तापनि यदि बोट समेत नष्ट गरिन्छ भने यस्तो बाली लागेको जग्गा पनि यसमा समावेश गरिएको छ।

### अस्थायी चौरचरन

अस्थायी खर्क तथा चौरचरनअन्तर्गतका जग्गाहरू भन्नाले पशुचरन वा आहारका लागि अस्थायी रुपमा खाली छोडिएको जग्गा भन्ने बुझिन्छ। खर्क तथा चौरचरन अस्थायी वा स्थायी हुन सक्दछ। ५ वर्षभन्दा कम अवधि सम्मका यस्ता जग्गाहरू मात्र अस्थायी चौरचरनमा लिइन्छन्।

### अस्थायी बाँझो

यसअन्तर्गत कम्तीमा एक वर्ष र बढीमा ५ वर्षसम्म बाँझो राखिएको जग्गा पर्दछ।

**स्थायी बाली लागेको जग्गा**

एक पटक उत्पादन लिएपछि पुनः रोप्नु नपर्ने र धेरै वर्षसम्म उत्पादन दिइरहने बाली लागेको जग्गा स्थायी बाली लागेको जग्गामा गणना गरिन्छ।

**स्थायी चौरचरन**

स्थायी रूपमा (५ वर्ष वा सोभन्दा बढी) चौरचरनका लागि छाडिएको वा प्राकृतिक रूपबाट उम्रिएको जङ्गली घाँसको मैदान वा पशु चरनले ढाकेको जग्गालाई स्थायी चौरचरन भनिन्छ।

**निजी वनबनेलो**

यसमा चलनभित्र आफै उम्रिएको वा रोपिएको वनबनेलो पर्दछ। यसबाट काठ, दाउरा, लकडी र अन्य वनजन्य वस्तुहरू प्राप्त गरिन्छ। संरक्षणका लागि वनबनेलोको खेती गरिएको वा लहर मिलाएर वा नमिलाई झ्याम्म पारेर लगाएको अथवा रुखका बुट्टाबुट्टीहरू, बाँसको झ्याङ र अन्य वनस्पतिले ढाकेको जग्गाहरू निजी वनबनेलोको क्षेत्रफलमा समावेश गरिएको छ।

**पोखरी**

माछापालन गर्न गाईबस्तुहरूलाई पानी खुवाउन वा सिँचाइ गर्नको लागि जग्गा खनी बनाएको वा आफै पानी जमी खेती गर्न नसक्ने अवस्थामा रहेको कृषि–चलन भित्रको जग्गालाई पोखरी भनिन्छ।

**घर, घडेरी, गोठ, धन्सारले ढाकेको जग्गा**

कृषि–चलनअन्तर्गतका घर, घडेरी, गोठ, धन्सार आदिले चर्चेको जग्गा, आँगन, सामान तथा औजार, भण्डार गर्न प्रयोग गरिएको खुला ठाउँ यस अन्तर्गत पर्दछन्।

### अन्यत्र बर्गीकरण नगरिएको अन्य जग्गा

यसमा अन्यत्र कतै उल्लेख नगरिएका कृषि–चलनअन्तर्गतका उत्पादक, अनुत्पादक सबै जग्गा पर्दछन्।यसमा साधारणतया खेती गर्न आवश्यक पर्ने भन्दा बढी परिश्रम गरेमा उत्पादक बनाउन सकिने जग्गा पनि पर्दछन्। खेर गएको जग्गा र माथि विभिन्न क्षेत्रमा उल्लेख नगरिएको कृषि–चलनका जग्गाहरू पनि यसैमा समावेश गरिएको छ।

### अस्थायी बाली लागेको क्षेत्रफल

एक कृषि वर्ष भित्र सो बाली लगाइएको जम्माजम्मी जग्गाको क्षेत्रफल अस्थायी बाली लागेको जग्गाको क्षेत्रफलअन्तर्गत पर्दछ। एउटै कृषि वर्षमा एउटै जग्गामा एक पटकभन्दा बढी अस्थायी बालीहरु लगाइएका हुन सक्छन्। यस्तो अवस्थामा एउटै जग्गामा एकै कृषि वर्षमा जति पटक बाली लगाइन्छ त्यति नै पटक जग्गाको क्षेत्रफल गणना गरिन्छ। एउटै बालीले एकभन्दा बढी कृषि उत्पादन दिने भएमा मुख्यबालीको रूपमा कुनै कृषि उत्पादनलाई गणना गरी एक पटक मात्र क्षेत्रफलमा समावेश गरिएको छ।

### एक प्रकारको बाली

विभिन्न बाली नमिसाई एउटै बाली मात्र लगाएको जग्गाको क्षेत्रफल यसमा पर्दछ। यसरी एक प्रकारको बाली लागेको जग्गामा स्थायी वा अस्थायी कुनै एक प्रकारको बाली मात्र लगाइएको हुन सक्दछ।

### मिश्रित बाली

मिश्रित बाली भन्नाले अस्थायीसँग अस्थायी वा स्थायीसँग स्थायी बाली मिसाएर लगाएको भन्ने बुझिन्छ।

### संयुक्त बाली

अस्थायी र स्थायी बाली सँगसँगै एउटै जमिनमा लगाइएको छ भने त्यस्तो बालीलाई संयुक्त बाली भनिन्छ। संयुक्त बाली लगाइएको जग्गामा अस्थायी बालीले ओगटेको क्षेत्रफल

निकाल्दा स्थायी बालीले ओगटेको क्षेत्रफल घटाएर लिइन्छ। त्यसैगरि स्थायी बालीले ओगटेको क्षेत्रफल निकाल्दा अस्थायी बालीले ओगटेको क्षेत्रफल घटाएर लिइन्छ।

**बगैंचाको रुपमा लगाइएको क्षेत्रफल**

साधारणतया क्रमबद्ध र व्यवस्थित तरिकाबाट लगाइएका बिरुवाहरू, रुखहरू तथा झाडीहरूको क्षेत्रफल बगैंचाको रुपमा लगाइएको क्षेत्रफल अन्तर्गत समावेश गरिएको छ। बिरुवाहरू, रुखहरू तथा झाडीहरू व्यवस्थित र क्रमबद्धरूपले नलगाइएका भए तापनि बाक्लो गरी लगाइएको भएमा बगैंचाको रूपमा लगाइएको मानि क्षेत्रफल समावेश गरिएको छ।

**फल नलाग्ने उमेरको स्थायी बाली**

एक पटक उत्पादन लिएपछि पुनः रोप्नु नपर्ने र धेरै वर्षसम्म उत्पादन दिइरहने बालीका उत्पादन दिने समय नभएका, कलिलो भई फल लाग्न सुरु नभएका बोट वा पुरानो भई फल नलाग्ने भएका बोटहरुलाइ फल नलाग्ने उमेरको स्थायी बाली भनिन्छ।

**फल लाग्ने उमेरको स्थायी बाली**

एक पटक उत्पादन लिएपछि पुनः रोप्नु नपर्ने र धेरै वर्षसम्म उत्पादन दिइरहने बालीका उत्पादन दिईरहेका बोटहरुलाई फल लाग्ने उमेरको स्थायी बाली भनिन्छ।

**छरिएका बोटहरु**

छरिएर वा अलगअलग रहेका रुख तथा बिरुवाहरू, अस्थायी बाली लागेका कित्ताहरुमा रहेका विभिन्न प्रकारका फलफूल तथा डाले घाँसका बोटहरु छरिएको बोटहरु सङ्ख्या अन्तर्गत समावेश गरिएको छ।

**नर्सरी (Nursery):** सार्ने वा पुनः रोप्ने उद्देश्यले वन, फलफूल वा फूलका बिरुवा, रुख वा लहरा लगाइएको क्षेत्र।

## मल

माटोको उर्वरा शक्ति बढाएर उत्पादकत्व बढाउन माटोमा मिलाउने वस्तु “मल” हो। यो विरुवालाई पोषक तत्व आपूर्ति गर्न वा विरुवाको बृद्धि बढाउन माटोमा वा सिँचाइको पानीमा मिलाइने प्राकृतिक वा उत्पादित खनिज वा प्राङ्गारिक पदार्थ हो। मललाई खनिज/रासायनिक र स्थानीय/जैविक गरी दुई भागमा बाँडिएको छ।

### स्थानीय/जैविक मल

गोबर, पराल, घाँस, चून, पानीलाई तह-तह मिलाएर कुनै खाल्डोमा थुप्रो लगाएर सडाएर बनाइएको मललाई स्थानीय/जैविक मल भनिन्छ। हरियो मल एक किसिमको झार (जस्तै ढैंचा) बाट बनाइन्छ। हाडबाट बोसो झिकी जमिनमा गाडेर बनाइएको हाडमल वा खरानीको मल स्थानीय मलअन्तर्गत नै समावेश गरिएको छ।

### रासायनिक (खनिज) मल

प्राङ्गारिक पदार्थहरुको प्रयोग गरेर औद्योगिक प्रकृयाबाट खनिज मल उत्पादन गरिन्छ। एक वा एक भन्दा बढी कच्चा पदार्थहरुको विस्तृत रासायनिक रुपान्तर गरेर वा सामान्य मिसावट गरेर यस्तो मलको उत्पादन गरिएको हुन्छ।

## कीटनाशक विषादी

बोट बिरुवाहरूमा लागेका वा लाग्ने रोगहरू नियन्त्रण गर्न वा यस्ता रोगबाट बचाउनका लागि प्रयोग गरिने (कीरा मार्ने, बालीलाई हानि पुऱ्याउने झार मार्ने, लेउ मार्ने, मुसा आदि मार्ने) विषादी कीटनाशक विषादी अन्तर्गत पर्दछन्। तर घरमै तयार पारी प्रयोग गरेको कीटनाशक विषादिहरू (जस्तैः तितेपातीको झोल, खरानी, आदि) लाई यहाँ समावेश गरिएको छैन।

## स्थानीय बीउ

कृषकले परम्परागत रुपमा बीउका लागि भनेर छुट्टै उब्जाएको वा आफ्नो उब्जनीबाट केही बाली बीउका लागि छुट्याएर राख्ने गरिएको बीउ यस अन्तर्गत पर्दछ।

## उन्नत बीउ

यसले कृषकले उन्नत बीउ बाँड्ने संघसंस्थाबाट वितरण गरिएको वा खरिद गरी ल्याएको बीउलाई जनाउँछ । कृषि गणनामा उन्नत बीउ प्रयोग गरी भएको उत्पादनलाई पुनः दुई पुस्तासम्म बीउको रूपमा प्रयोग गरेको भए त्यसलाई पनि उन्नत बीउ मानिएको छ।

## हाइब्रिड (वर्णशङ्कर) बीउ

बीउ अनुसन्धान तथा बीउ उत्पादनमा संलग्न सरकारी वा गैर सरकारी निकायहरुबाट हाइब्रिड भनी सिफारिस गरेको र पुनः अर्को पटक बीउका रुपमा प्रयोग गर्न नसकिने बीउ हाईब्रिड बीउ अन्तर्गत पर्दछ।

## पशुपन्छीको सङ्ख्या

जोसुकैको स्वामित्वमा रहे तापनि गणना भएको दिन कृषि–चलनभित्र रहेका सबै घरपालुवा चौपाया तथा चराचुरुङ्गीको सङ्ख्यालाई जनाउँछ। गणनाको दिन अस्थायी रूपले कृषि–चलनबाहिर रहेका वा बाटामा रहेका वा किनेर ल्याउदै गरेका चौपाया तथा चराचुरुङ्गी सबैलाई यहाँ समावेश गरीएको छ।

## कृषि औजार तथा कृषिका साधनहरू

कृषि औजार भन्नाले आंशिक वा पूरै रूपमा कृषिकार्यमा प्रयोग गरिएका औजारहरूलाई जनाउँछ। कषि–चलनभित्र गैरकृषिकार्यमा मात्र प्रयोग भएका औजारहरूलाई यसमा समावेश गरिएको छैन।

## गैर आवासीय भवन

सामान्यतया चारैतिर गारो/टाटी लगाई छानो हालेर मानिस बस्नका लागि वा पशुपन्छी राख्नका लागि वा बाली थन्क्याउनका लागि बनाइएको संरचनालाई बुझाउँछ। कृषिगणनाको

सन्दर्भमा मानिस मात्र बस्न प्रयोग भएको घरबाहेक कृषिकार्यका लागि प्रयोग भएका भवनहरूलाई गैर आवसीय भवनअन्तर्गत राखिएको छ।

**व्यवस्थित गैर आवासीय भवन**

ढलान, जस्ता, टायल लगायतको छाना भएको, पक्की गारो, मिलाइएको काठ, जस्ता लगायतले चारैतिर बारिएको, भुइँ ढलान गरिएको वा ढुंगा, इँटलगायत बिच्छ्याइएको, पशुपन्छीको गोठको सन्दर्भमा हावा ओहोरदोहोर हुने गरी भेन्टिलेसन भएको, पशुआहार, मलमुत्र व्यवस्थापनको उचित प्रबन्ध भएको बलियो, टिकाउ र स्थायी प्रकृतिको भवन व्यवस्थित गैर आवासीय भवनअन्तर्गत पर्दछ।

**अर्धव्यवस्थित गैर आवासीय भवन**

नियमित मर्मत गरिएको फुस वा झिँगटीको छाना भएको, बाँस वा नमिलाइएको काठले चारैतिर बारिएको, माटो वा बालुवा लगायतका सामान्य भुइँ भएको, पशुपन्छीको गोठको मलमुत्र व्यवस्थापनको उचित प्रबन्ध नभएको, घामपानी हावाहुरीबाट पशुपन्छीहरू जोगिने सामान्य संरचना भएको भवन अर्धव्यवस्थित गैर आवासीय भवनअन्तर्गत पर्दछ।

**अव्यवस्थित गैर आवासीय भवन**

नियमित मर्मत नगरिएको फुस वा झिँगटीको छाना भएको, सामान्यतया वरिपरि नबारिएको, सामान्य माटो वा बालुवाको भुइँ भएको, घामपानी र हावाहुरीबाट सामान्यरूपमा मात्र जोगिने गोठ वा टहरो अव्यवस्थित गैर आवासीय भवनअन्तर्गत पर्दछ।

**कृषि ऋण**

कृषकहरूले कृषिकार्य जस्तैः उन्नत बीउ, रासायनिक मल, कृषि औजार आदि खरीद गर्न, कृषिजन्य संरचना/पूर्वाधार निर्माण गर्न, पशुपन्छीपालन, माछापालन, मौरीपालन तथा रेशमकीरापालन, आदिका लागि लिएको ऋण यस अन्तर्गत पर्दछ।

## कृषि क्रियाकलापको बीमा

कृषकहरूले आफ्ना कृषि क्रियाकलाप जस्तैः खाद्यान्न बाली, तरकारी बाली, फलफूल बाली, पशुपन्छीपालन आदि जस्ता कृषि कार्यको जोखिमबहनका लागि गरेको बीमा यस अन्तर्गत पर्दछ।

## कृषि कार्यका लागि सरकारी अनुदान

कृषकहरूले कृषिकार्य जस्तैः मल, सिंचाई, कृषि औजार, कृषिजन्य संरचना/पूर्वाधार निर्माण, उन्नत नश्ल आदिका लागि नगद वा जिन्सी वा दुवैमा प्राप्त गरेको सरकारी अनुदान यस अन्तर्गत पर्दछ।

## कृषि वन

वनजन्य रुख वा बोटबिरुवाहरू भएको (लगाई) एकै स्थानमा बालीनाली वा पशुपन्छी र वनको  संयुक्त कार्य गर्ने अभ्यासलाई कृषि वन प्रणाली भनिन्छ।

निजी वनबनेलो नितान्त काठ, दाउरा लगायतका वनपैदावार उत्पादनका लागि हुन्छ भने कृषि वन प्रयोजनवश कृषिबाली वा पशुपालन वा दुवैसँग अन्तरसम्बन्धित हुन्छ ।

## स्थायी कृषि कामदार

पारिश्रमिक दिएर कृषिगणनाको सन्दर्भ वर्षभरि कृषि–चलनको कार्यमा नियमित रूपले काम गर्न लगाएको व्यक्तिलाई स्थायी कृषि कामदार भनिन्छ। सन्दर्भ वर्षको अवधि भित्र काम गरेको जम्मा दिनको (साधारणतया ६ महिना वा सोभन्दा बढी) आधारमा स्थायी कामदार मानिन्छ। विशेष गरेर एक बाली मात्र भित्र्याउने ठाउँहरूमा ६ महिना भन्दा कम अवधिमै कृषिकार्य सकिने भएमा उक्त अवधिभरि नियमित रूपले कृषिकार्य गरेका कामदारलाई स्थायी कामदारको रूपमा समावेश गरिएको छ। छोटकरीमा, मासिक वा वार्षिक रुपमा पारिश्रमिक दिने गरी नियमित प्रकृतिको काममा लगाइएको व्यक्तिलाई स्थायी कामदार मानिएको छ।

**अस्थायी कृषि कामदार**

अस्थायी कृषि कामदार भनेको सन्दर्भ समय भित्र पारिश्रमिक दिएर पटकपटक वा एक पटक मात्र कृषि–चलनमा काम लगाएको व्यक्ति हो र निजले नियमित रूपमा कृषि–चलनमा काम गर्ने अपेक्षा गरिएको हुँदैन। छोटकरीमा, दैनिक रुपमा ज्याला दिने गरी कृषि–चलनमा लगाइएको व्यक्तिलाई अस्थायी कामदार मानिएको छ।

**पर्म**

पर्ममा काम लगाएको भन्नाले अरूको काम गरिदिएको सट्टामा वा पछि सट्टामा काम गरिदिने सर्तमा आफ्नो कृषि–चलनमा काम गर्न आएका व्यक्तिलाई बुझाउँछ। आफ्नो कृषि–चलनमा काम गरिदिएको सट्टामा अरुको चलनमा काम नै गरिदिनु पर्दछ। अर्थात्, आफूआफूमा आलोपालो गरेर एक परिवारको सदस्यले अर्को परिवारमा काम गरिदिने चलनलाई पर्म भनिन्छ।

**ठेक्का**

कुनै कृषि-चलनद्वारा सञ्चालित कृषिकार्यको एक चक्र अन्तर्गतका आंशिक कार्यहरु जस्तो बाली रोप्ने, गोड्ने, कटानी गर्ने आदी जस्ता कार्यहरु पारिश्रमिकको रुपमा नगद वा जिन्सी वा दुवै दिएर अरु कसै मार्फत गरिएको छ भने यसलाई ठेक्कामा दिने कार्य भनिन्छ। यहाँ परिभाषित 'ठेक्का' र जग्गाको उपभोग अन्तर्गतको 'ठेक्का' एकै नभएर पृथक कुराहरु हुन्।

**भू–क्षय**

बाढी, नदी कटान आदिबाट जग्गाको माथिल्लो सतहको खेतीयोग्य माटो नाश भएर गत एक वर्षमा खेती गर्न नसकी काम नलाग्ने भएको जग्गाको क्षतिलाई कृषिगणना २०७८ मा भू–क्षयअन्तर्गत राखिएको छ।  ।

**रासायनिक क्षति**

माटोको अम्लीयपन, क्षारीयपन, भूप्रदूषण, रासायनिक पदार्थको अत्यधिक प्रयोग आदिबाट माटोको पोषण तत्व वा प्राङ्गारिक तत्वहरूको क्षयीकरण भई काम नलाग्ने भएको जग्गाको क्षतिलाई कृषिगणना २०७८ मा रासायनिक क्षतिअन्तर्गत राखिएको छ।

## भौतिक क्षति

भूकम्प, पहिरो, चट्ट्याङ जस्ता प्राकृतिक प्रकोपले गर्दा जमिनको धाँजा फाट्ने, पानी जमी डुबानमा पर्ने, ढुङ्गा, माटो, बालुवा, रोडा, आदिले पुरिई/टालिई जग्गाको भौतिक अवस्थामै आएको परिवर्तनले काम नलाग्ने भएको जग्गाको क्षतिलाई कृषिगणना २०७८ मा भौतिक क्षतिअन्तर्गत राखिएको छ।

## हरितगृह/टनेल पद्धति

हरितगृह/टनेल पद्धति भन्नाले पोलिथिन सिट वा पाल वा पोलिकार्बोनेट सिटलगायतका सामग्रीको प्रयोग गरी नियन्त्रित वातावरणमा बाली उत्पादन गरिने पद्धतिलाई जनाउँछ। कृषिगणना २०७८ मा प्लाष्टिक सिटको प्रयोग गरी सामान्यरुपमा टनेलमा गरिएको खेतीलाई पनि यसअन्तर्गत राखिएको छ।

## जलवायु परिवर्तन

पृथ्वीको कुनै भूभागको तापक्रम, बर्षा जस्ता वातावरणीय पक्षमा समयक्रममा आएको औसत पारिस्थितिक परिवर्तनलाई जलवायु परिवर्तन भनिन्छ।

## औपचारिक कृषि तालिम

सरकारी, अर्धसरकारी वा गैरसरकारी निकायबाट निश्चित विधि र प्रक्रियाद्धारा संचालित न्यूनतम एक दिनको जुनसुकै प्रकारको कृषि तथा पशुपन्छीपालनसम्बन्धी तालिमलाई कृषिगणना २०७८ मा औपचारिक कृषि तालिम मानिएको छ।

## कृषिकार्यसम्बन्धी निर्णयमा सहभागिता

आम्दानी-खर्च, बाली, बिउबिजन, मलखाद तथा पशुआहार खरिद, कृषि तथा पशुपन्छीजन्य उत्पादन बिक्री लगायतका कृषिकार्य तथा व्यवस्थापनमा हुने पारिवारिक निर्णयमा सम्बन्धित सदस्यको सक्रिय संलग्नतालाई कृषिकार्यसम्बन्धी निर्णयमा सहभागिता भएको जनाउँछ।

## परिवारमा अक्सर बसोवास गर्ने सदस्य

परिवारमा अक्सर बसोवास गर्ने सदस्य भन्नाले सामान्यतया एउटै आम्दानी खर्चले घर व्यवहार चलाई एकै भान्सामा खानपिन गरी परिवारमा अक्सर बसोवास गरेका व्यक्तिहरुलाई जनाउँछ।

## सघन खेती (बाली सघनता)

सघन खेती भनेको सानो जग्गामा पनि "क्रम नटुटाई वा एकबाली फाँडिनासाथ अर्को बाली लाग्ने, तयार हुने किसिमले खेती" गरेर अधिक मात्रामा बाली उब्जाउने काम हो। वर्षको एक बाली मात्र लगाएको छ भने सघनता दर १ हुन्छ। एउटै जग्गामा एक पछि अर्को बाली लगाउँदै गएको छ भने खेतीको सघनता दर पनि १ भन्दा बढी हुँदै जान्छ

$$\left(\text{बाली सघनता दर} = \frac{\text{वर्षभर लगाइएका अस्थायी बालीहरुको जम्मा क्षेत्रफल}}{\text{अस्थायी बालीले ओगटेको जग्गाको क्षेत्रफल}}\right)$$